मानवका लागि मानवअधिकार,
मानवअधिकारका लागि उपयुक्त संस्कृति

कार्तिक-मंसीर, ०५३, अंक २, पूर्णाङ्क १८

# प्राची

संचेतना द्वैमासिक

प्रहरीको शिकार

"तपाई प्रहरीलाई कानून नसिकाउनोस् । खाकी वर्दीको आफ्नै कानून हुन्छ । के प्रजातन्त्रमा डण्डाको आवश्यकता हुँदैन ?"
विमल निभाको व्यंग्य "ठाना"

# नेपालका प्रहरी हिरासतहरु - मृत्यु केन्द्रमा परिणत

हाय ! प्रजातन्त्र, हाय ! सरकार, हाय ! न्याय ।।




## मानवअधिकार आयोग ४
## नक्सा तयार भयो, घर कस्तो बन्ला ?

मानवअधिकार आयोग विधेयकको संशोधन सहितको पूर्ण पाठ

## प्रहरी हिरासतहरु परिणत भए – मृत्यु केन्द्रमा



फोटो : पुष्प श्रेष्ठ / एचीसी

७ नेपाल प्रहरीका हिरासतहरू – मृत्यु केन्द्रमा परिणत भए भन्न किन सकिँदैन? गएको वर्ष भदौमा संयुक्त सरकारको स्थापना भए यता बाइस जना नागरिकहरू प्रहरी हिरासत वा प्रहरीको गिरफ्तारीमा परिसकेको अवस्थामा रहस्यमय ढंगले मारिएका छन्। कुनै पनि घटनाको न्यायिक छानवीन भएको छैन। "प्रहरी हिरासतहरू परिणत भए – मृत्यु केन्द्रमा"

**नरनाथ लुईंटेल-सूर्य थापा**

साथमा, प्रहरी महानिरीक्षक मोतिलाल बोहोरा **"केही मानिस हाम्रो सावधानी हुँदा हुँदै मर्छन्"**

## नक्शा त हातमा छ, घर कस्तो बन्ला ?

१८ प्रतिनिधि सभा विघटन भएको थियो। राष्ट्रिय सभामा तत्कालीन सरकारले कुनै विधेयक प्रस्तुत गरेको थिएन। प्रतिपक्षमा रहेका कांग्रेस, राप्रपा अनि सद्भावना पार्टी राष्ट्रिय सभा चल्नु पर्छ भन्ने माग गरिरहेका थिए। राष्ट्रिय सभा चल्न विधेयकको आवश्यकता थियो। र त्यसै क्रममा प्रतिनिधि सभा विघटनको विरोधी कांग्रेसका महेश आचार्यबाट एउटा निजी विधेयक प्रस्तुत गरियो। त्यही निजी विधेयक थियो – मानवअधिकार आयोग विधेयक। "नक्सा त बन्यो, घर कस्तो हुने हो"


फोटो : एचीसी

**कुन्दन अर्यालको आकलन**



साथमा, पूर्व सभामुख दमन ढुंगाना **"हिजो किन पारित गरिएन भन्ने पक्षमा नजाउँ भन्दिन"**

**मानवअधिकार आयोग विधेयकको संशोधन सहितको पूर्ण पाठ**

**मानवका लागि मानवअधिकार,**
**मानवअधिकारका लागि उपयुक्त संस्कृति**




वर्ष ५, अंक २, कार्तिक-मंसीर ०५३ / डिसेम्बर १९९६

कविताको सपना / राजव – २

प्रतिवद्धतालाई गिज्याउँदै छ दरिद्रता / प्राचीको कसी – ३

घोषणा पत्र र आजको सन्दर्भ / सुशील-प्रकाश – ५

अरुको अधिकारका बारेमा पनि सचेत बनौं / प्रेक्षा ओभा – ६

टोल भित्र / विवश वस्ती – २५

मानवअधिकार सामान्य ज्ञान – २९

देह व्यापार तथा चेलीबेटी... / कञ्चन प्रियदर्शी –२७

कम्मर पेटी प्रजिअको कोर्रा बन्या / विष्णु प्रभात – ३०

शैक्षिक अधिकारमा बाधा-विपन्नता / कविता अर्याल गौतम – ३१

र, कृपया क्षमा गर्नोस् / ठाना / विमल निभा – ३२

**संस्थापक : सुशील–प्रकाश**
**सम्पादक – कुन्दन अर्याल**
यस अंकका विशेष सहयोगीहरु
नरनाथ लुईंटेल, सूर्य थापा, बासु क्षितिज, प्रकाश ज्ञवाली, गोविन्द त्रिपाठी,
ले-आउट/आवरण- किरण माली, मुद्रक – इन्द्रेणी अफसेट, बागबजार
**पत्राचार – पत्र मञ्जुषा २७२६, काठमाडौं,**
**टेलिफोन – २७०७७०/२७८७७०**
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित




"यसबेला गाउँ-गाउँमा पुनरूत्थानवादी शक्तिहरू बहुदलीय व्यवस्था र जनआन्दोलनकारी शक्ति विरूद्ध जनमत तयार गर्ने काममा लागेका छन्। उनीहरूको पहिलो ध्येय नै मुलुकमा जसरी पनि विग्रहको स्थिति पैदा गरेर संकटकालीन अवस्थाको घोषणा गराई निर्वाचन हुन नदिने रहेको छ।"

***श्री सगरमाथा, ०५३ कार्तिक २५***

"माथिल्लो तहका व्यक्तिले तल्लो तहका व्यक्ति विरूद्ध गरेको अन्यायमा राज्यको तर्फबाट क्षतिपूर्ति दिनु पर्छ भन्ने मान्यता आफैंमा न्यायसंगत छैन। कुनै व्यक्तिले पुऱ्याएको क्षति राज्यले तिर्नु उपयुक्त हुँदैन। जबसम्म क्षतिपूर्तिको केही अंश क्षति पुऱ्याउने व्यक्तिबाट असुल गरिँदैन तबसम्म सामाजिक न्यायलाई व्यवहारमा उतार्न सकिँदैन।

***कान्तिपुर ०५३, कार्तिक २३***

राजनीतिज्ञहरूको दायित्व भनेको व्यवस्था बनाउनु, व्यवस्थालाई सुचारू रूपले संविधान, नीति र कानून अनुरूप चलाउनु हो। हामी कहाँ मात्र होइन, सिङ्गो दक्षिण एशीयामै राजनीतिज्ञहरू आफूलाई संविधान, नीति,नियम, कानून र जनभावनाले बाँध्नुको साटो स्वेच्छाचारी हुन रूचाउँछन्। नीति, नियम बनाएर अरूलाई नीति, नियम अनुरूप चलाउने राजनीतिज्ञहरू आफै छाडा भएर हिड्न थालेपछि समाजका अरू अङ्गहरू पनि अनियन्त्रित हुनु आश्चर्यलाग्दो हुँदैन। अहिले यस्तै भइरहेको छ।

***बुधवार ०५३ मंसीर १२***

वर्तमान संविधानले प्रदान गरेको वैयक्तिक स्वतन्त्रतालाई सत्तामा बसेकाहरूले नै अपहरित गरेका छन्। प्रशासन दिनदहाडै नागरिकहरूको हत्या गरिरहेको छ। देशका थुप्रै जिल्लामा राज्य आतंक कायम भएको छ। जिल्ला- जिल्लामा मानवअधिकार हननका घटनाहरू बढिरहेका छन्। सरकारबाट नै सबभन्दा बढी आततायी कार्य भएका छन्।"

***जनएकता ०५३ कार्तिक १९***

# प्रतिबद्धतालाई गिज्याउँदैछ दरिद्रता

गाँसको सवालमा राजनीति हुनु हुँदैन भन्ने विकासोन्मुख देशहरूको धारणाप्रति विश्वभरको प्रजातन्त्र र मानवअधिकारको मसिहा कहलिएको अमेरिकाको विमति रह्यो। घोषणापत्रमा सही गर्ने वा नगर्ने देशहरू वीच नै विभाजन देखिने भयो। र, अन्ततः केवल कार्ययोजना तय गरी रोम शिखर सम्मेलन औपचारिक रूपमा सम्पन्न गरियो। संयुक्त राष्ट्रसंघ भित्रको खिचातानीको झलक शिखर सम्मेलनमा पनि देखियो।

बाटोमै अल्झिएको विश्व विकासको गतिको उद्दार गर्न भोकमरी र गरीवीबाट मुक्ति नपाएसम्म असंभव छ। कतै समुद्रमा अन्न फाल्नु पर्ने कतै मानिसहरूले अन्न नदेखी मर्नु पर्ने स्थिति रहेसम्म समानुपातिक विकासको कल्पना पनि गर्न सकिंदैन। संसारको जनसंख्याको पाँच भागको एक भाग अहिले पनि भोकमरीको समस्याबाट ग्रसित छ।

विश्व शिखर सम्मेलनमा विकासोन्मुख राष्ट्रहरू "खाद्य सुरक्षा" को कुरा कार्यान्वियनका निम्ति अघि बढ्दा उपयुक्त वातावरण संसारभर खडा गर्न चाहन्थे। तर अमेरिका लगायत १५ वटा विकसित देशहरूको खाद्यको अधिकार वा खाद्य सुरक्षा सम्बन्धी अवधारणामै सहमति रहेन।

बाइस वर्ष अघि सन् १९७४ मा सम्पन्न पहिलो विश्व खाद्य सम्मेलनमा सन् १९८४ सम्ममा विश्वबाट भोकलाई विदा गर्ने संकल्प गरेका थिए। एउटा अर्को शिखर जमघट भर्खरै सकिएको छ। तर पहिलो शिखर सम्मेलनको लक्ष्य बाटैमा अल्मिलिए झैं यस पटकको सम्मेलनको लक्ष्य पनि अलमलिन सक्ने आधारहरू प्रशस्त छन्। आउँदो १९ वर्षमा विश्वका भोकमरी ग्रस्त मानिसहरूको संख्या आधा घटनाउने लक्ष्यलाई सघाउने आधारहरू खडा गरिएकै छैनन्। विकासोन्मुख देशहरूसंग कृषि नीति छैन। विकासशील राष्ट्रहरू उनीहरूबाट व्यापारिक स्वार्थ पूरा गर्ने ध्याउन्नमा छन्। विउदेखि उत्पादित वस्तुसम्म उनीहरूको खटनपटनमा संचालन गर्ने तारतम्य मिलाइदैछ।

"भोकबाट मुक्ति सबैका लागि आधारभूत मानवअधिकार हुनु पर्दछ।" गएको कार्तिक २८ देखि मंसीर २ गते सम्म इटलीको राजधानी रोममा आयोजित विश्व खाद्य शिखर सम्मेलनले अन्ततः यो अवधारणा अघि सारि छाड्यो। अवधारणालाई मूर्तरूप प्रदान गर्ने दिशामा भने ठोस निर्णय हुन सकेन। जानकारहरूको भनाई यस्तै छ।

संयुक्त राष्ट्रसंघको आयोजनामा भएको रोम शिखर सम्मेलनमा विश्वका १ सय ७४ देशका सरकार प्रमुख वा प्रतिनिधिहरूले भाग लिएका थिए। सम्मेलनमा प्रतिनिधित्व गर्ने १ हजार २ सय गैरसरकारी संस्थाहरूका प्रतिनिधिहरूले "मुठ्ठी भरका लागि फाइदा कि सबैका लागि खाद्य" भन्ने विज्ञप्ति जारी गरे। शीखर सम्मेलनको अन्तिम दिन ८० देशका गैरसरकारी संस्थाका प्रतिनिधिहरूद्वारा जारी गरिएको उक्त विज्ञप्तिमा "खान पाउने आधारभूत मानवअधिकारमा जोड दिइएको छ।" भोकको विश्वव्यापी स्वरूपको निर्मूल गर्न खाद्य माथि आम जनताको सार्वभौम अधिकार र खाद्य सुरक्षाको प्रत्याभूति अति आवश्यक छ।" विश्वका सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी रोममा जम्मा भएका गैरसरकारी कार्यकर्ताहरूले यस्तै धारणालाई प्रवल ढंगले अघि सारे।

समापनको अघिल्लो दिन शिखर सम्मेलनलाई हाम्रा प्रधानमन्त्री शेरबहादुर देउवाले पनि सम्बोधन गर्नु भयो। संसारको जनसंख्याको उल्लेख्य हिस्सा खाद्यको अधिकारबाट वंचित रहेको तथ्य अघि सार्दै उहाँले भन्नु भयो "नेपालमा खाद्य सुरक्षाको सवाल गरिवी र फाट्टफुट्ट देखा पर्ने भोकमरी र कुपोषणका घटनाहरूसंग निकट रूपमा जोडिएको छ। नेपालको गरिवी भौगोलिक रूपमा समेत निकै फैलिएको छ।" तर सु-स्पष्ट राष्ट्रिय कृषि नीतिको अभावमा प्रधानमन्त्रीको सम्बोधन औपचारिकताको निर्वाह बाहेक केही होइन भन्ने दावी सम्बन्धित विषयका ज्ञाताहरू गर्दैछन्।

"खाद्य र भोकमरीलाई राष्ट्रिय वा अन्तराष्ट्रिय राजनीतिको हतियार बनाउनु हुँदैन। राजनीतिक, आर्थिक, धार्मिक वा अन्य कुनै कारणले कुनै राष्ट्र, जनजाति वा सामाजिक समूहलाई खाद्य रोक्का गर्न पाइँदैन। आर्थिक नाकावन्दी वा अन्तराष्ट्रिय निषेधाज्ञा खाद्य सुरक्षाको प्रतिकूल रहेका छन। हाल देखा परेका त्यस्ता नाकाबन्दीहरूलाई हटाइनै पर्दछ।" गैरसरकारी संस्थाहरूद्वारा रोमबाट जारी गरिएको विज्ञप्तिमा यस प्रकार मानवजातिको खान पाउने अधिकारलाई आधारभूत अधिकारका रूपमा अघि सारिएको छ। नेपालमा खाद्य सुरक्षाको सवालले कृषि उत्पादन सम्बन्धी सुस्पष्ट नीति र प्रगतिशील भूमिसुधारलाई पर्खिरहेको धारणा यस विषयका जानकारहरूको छ।

विश्व खाद्य संगठनको भर्खरैको तथ्यांक अनुसार संसारमा आज ८४ करोड मानिस भोकमरीबाट पीडित छन। सन् ०१५ सम्म भोकमरीको आजको भयावह स्वरूपलाई आधा पार्ने संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूको सोचाइले मूर्तरूप पाउन पनि आगामी १९ वर्षमा ४२ करोड भोका मानिसहरूलाई भोकबाट मुक्ति प्रदान गर्न सक्नु पर्दछ।

विश्व खाद्य शिखर सम्मेलनमा क्यूवाका राष्ट्पति फिडेल क्याष्ट्रो संसारबाट भोकमरीको अन्त्य गर्ने वा संसारमा खाद्य सुरक्षा कायम गर्ने कुरामा धनी राष्ट्र वा सबै देशका सरकारहरूले आ-आफ्नो दायित्व वोध गर्न सक्नु पर्छ भन्ने कुरामा जोड दिए। उनले भावुक भएर आफ्नो भाषणका क्रममा भने "जब म सोच्दछु, म मेरो दिमागमै वीस वर्ष पछि पनि संसारमा ४० करोड मानिस भोका नै रहने छन र १० करोड मानिस भोककै कारण मर्नेछन् भन्ने कुरासंग सामना गर्नै सक्दिन।"

भोकमरीबाट ग्रस्त संसारको कूल जनसंख्या मध्ये ३० प्रतिशत दक्षिण एशियामा रहेको छ। हाम्रो क्षेत्रमा पनि खाद्य सुरक्षाको सवाल जोडतोडका साथ उठाउनु पर्ने महत्वपूर्ण सवालका रूपमा देखा परेको छ।

तर कहालीलाग्दो यथार्थ अजंगको पहाड जस्तै हाम्रो सामु उभिएको छ। र, फिडेल क्याष्ट्रोको चिन्ता यहीं नेर जायज देखा पर्दछ। चिन्ताको पहाड पन्छाउन हामी के गर्न सक्छौं?

# कविताको सपना

- राजव -

आज पनि सपनाकै कुरा हो
सपनाकै कविता हो ।

सपनाहरु चिरन्तन हुन्छन्
अमर हुन्छन्
त्यसकारण ती सब कालको कवितामा आउँछन् ।

निरन्तर सपनाको कुरा
सतत् सपनाको कविता
सब युग र समयका कवि जन्माउँछन् ।

मानिसको जन्म प्रारम्भ भएदेखि
सपना सोचेर कल्पँदो छ कविता ।

सपना समाप्त भएपछि मात्र
कविता समाप्त हुन्छ होला
तर यो संभव छैन
किनभने
कविताको सपना
मानिसको युग छउन्जेल चलिरहन्छ ।



# घोषणापत्र र आजको सन्दर्भ

– सुशीलप्रकाश –

दोस्रो विश्वयुद्धको विनास र वितीण्डा पश्चात सबै राष्ट्रहरू शान्तिका लागि लालायत भए। खासगरी शक्ति राष्ट्रहरूको खिचातानीले गर्दा भएको रक्तपात र उत्पन्न युद्धको ज्वालामा निर्दोष र शान्तिप्रिय जनता होमिएका थिए। विश्व जनता निरंकुश शासनको जातोमा पिल्सिन बाध्य भएका थिए। त्यस्तो स्थितिमा सन् १९४५ मा संयुक्त राष्ट्र संघको जन्म भयो। मूलतः राष्ट्र-राष्ट्रहरूबीच शान्ति र मैत्रीपूर्ण सम्बन्ध स्थापना गर्ने उद्देश्यले जारी गरिएको बडापत्रले राज्यहरूको सम्बन्धका बारेमा नै आफ्नो धाराहरूलाई केन्द्रित गरेको थियो। तर राष्ट्रहरूमा जनताको अधिकारको ग्यारेन्टी नभई शान्तिको स्थापना एउटा मृगतृष्णा मात्र हुने तथ्यलाई मध्यनजर गर्दै सन् १९४८ मा मानवअधिकार घोषणापत्रलाई संयुक्त राष्ट्रसंघको साधारण सभाले पारित गर्‍यो।

सन् ४८ को घोषणापत्र व्यक्तिहरूको नैसर्गिक अधिकारको प्रत्याभूतिको रूपमा आएको पहिलो आधिकारिक दस्तावेज हो। राष्ट्रहरूमा प्रजातन्त्रको स्थापना र विकासमा यो घोषणापत्रले अहंम भूमिका निभाउँदै आएको छ। यो घोषणापत्रले प्रत्येक व्यक्तिलाई राष्ट्रको एउटा इकाईको रूपमा स्वीकार गर्दै सबैको सर्वाङ्गिण विकासको लागि निजी हक, अधिकार र केही मात्रामा कर्तव्यलाई समेत सूत्रबद्ध रूपमा प्रस्तुत गर्‍यो।

सन् ४८ को घोषणापत्रले विश्वभरी नै मानवअधिकारको एउटा व्यापक अभियाननै शुरू गर्‍यो। मानवअधिकारको आन्दोलन सर्वत्र संगठित रूपमा अगाडि बढ्न सक्यो। यसै घोषणा पत्रलाई आधार बनाएर विश्वमा अन्य कतिपय कानून, संविदा, घोषणापत्र, अभिलेख, अभिसन्धिहरू पनि निर्माण गरिए।

विश्व जनताले आफ्नो अधिकारका लागि विभिन्न संघर्षहरू गर्दै अधिकारहरू स्थापित गरेका छन्। तर शक्ति राष्ट्रहरू, धनाढ्य समुदायहरू, निरंकुश शासकहरूले जनताको अधिकारलाई कुण्ठित पार्ने अरू नयाँ-नयाँ तरिका पनि निरन्तर अपनाएका छन्। यो शताब्दीको अन्तमा पुग्न आँट्दा करीब आधा शताब्दी अघि निर्माण गरिएको मानवअधिकार घोषणा पत्रले जनताको हक, अधिकारको के कति ग्यारेन्टी गर्न सकेको छ भनी केलाउनु सान्दर्भिक हुन्छ।

३० वटा धारामा अधिकारहरूलाई सूत्रबद्ध रूपमा समेटेको घोषणापत्रले व्यक्तिको सर्वाङ्गिण विकासका प्रायः सबै पक्षलाई समेटेको छ। यद्यपि व्यक्तिको विकास समुदाय वा समाजको विकाससँगै हुन सकेन भने त्यसले समाजमा विकृतिहरू ल्याउँछ। विकास निजी कुरामात्र होइन। यो त एउटा सामूहिक कुरा हो। विकासको समस्या सामूहिक समस्या हो। सन् ४८ को घोषणापत्रले व्यक्तिलाई समाजको एउटा इकाईको रूपमा विकसित गराउन खोज्दा खोज्दै व्यक्तिलाई समाजभन्दा निरपेक्ष राखेको भान हुन्छ। त्यसैले नै सन् ४८ पछिको यो ४८ वर्षमा संयुक्त राष्ट्रसंघले सामाजिक अधिकारहरूको प्रत्याभूति हुने विभिन्न घोषणापत्र संविदा कानून इत्यादिको निर्माण गरेको हो।




**विश्वको विकास र आम्दानी केही राष्ट्रभित्र केन्द्रित हुँदैछ। सन् ४८ का गरीब राष्ट्रहरु अब गरीबतम् मुलुकको पंक्तिमा पुगेका छन्। यदि व्यक्तिको विकासको समाज वा राष्ट्रको विकास हुने भए यस्तो परिस्थिति कसरी आउने थियो? पश्चिमी राष्ट्रका नागरिक र सोमालिया वा बुरुण्डीका नागरिकले एउटै अधिकार पाए भन्दैमा उनीहरुको विकास समान रुपमा किन हुन सकेन? यी यस्ता सवालहरु हुन जसबारेमा हामीले बहस र विचार गर्नै पर्छ।**

आजको विश्वको विकास स्थितिलाई हेर्दा विश्वमा हुने र नहुनेकोबीचको खाडल झनै गहिरो बन्दै गएको देखिन्छ। ४८ वर्ष पछिको अवधिमा विश्वमा केही मुलुकले संसारको उत्पादनको ८० प्रतिशतसम्म उपभोग गर्न थालेका छन् भने २० प्रतिशतमा अन्य सबै राष्ट्रले धानिनु परेको छ। एउटा क्षेप्यास्त्रको उत्पादन खर्च वा मूल्य एउटा राष्ट्रको वार्षिक बजेट बराबरसम्मको हुने गरेको छ। विश्वको विकास र आम्दानी केही राष्ट्रभित्र केन्द्रित हुँदैछ। सन् ४८ का गरीब राष्ट्रहरू अब गरीबतम् मुलुकको पंक्तिमा पुगेका छन्। यदि व्यक्तिको विकासको समाज वा राष्ट्रको विकास हुने भए यस्तो परिस्थिति कसरी आउने थियो? पश्चिमी राष्ट्रका नागरिक र सोमालिया वा बुरूण्डीका नागरिकले एउटै अधिकार पाए भन्दैमा उनीहरूको विकास समान रूपमा किन हुन सकेन? यी यस्ता सवालहरू हुन जसबारेमा हामीले बहस र विचार गर्नै पर्छ।

आज विश्वलाई एउटा एकीकृत आर्थिक व्यवस्थाभित्र प्रवेश गराउन खोजिदै छ। आर्थिक खुलापनको नाममा कुनै पनि राष्ट्रमा अर्को कुनै पनि राष्ट्रले खुला लगानी गर्न पाउने, लगानीको प्रतिफल जहाँ पनि लैजान पाउने व्यवस्था स्थापना गरिदैछ। अन्तर्राष्ट्रिय वित्तिय संस्था र बहुराष्ट्रिय निगमहरू निर्बाध रूपमा विश्वभरी आफ्नो व्यवसाय स्थापना गर्न तल्लीन छन्। यसले गर्दा राष्ट्रको विकास सीमित धनी

 मानवका लागि मानवअधिकार, मानवअधिकारका लागि उपयुक्त संस्कृति मानवका लागि मानवअधिकार, मानवअधिकारका

राष्ट्रहरू र वित्तीय संस्थाहरूको हातमा केन्द्रित हुन पुगेको छ। प्राकृतिक स्रोतहरू त्यही राष्ट्रभित्र भएपनि त्यसको स्वामित्व भने अरू कसैको हातमा गएको छ। त्यतिमात्र हैन एउटा विश्व एउटा व्यवस्था र त्यसका लागि एउटा संस्कृति र एउटा भाषा लाद्ने प्रयास हुँदैछ। विकासका आधारहरू पूँजीवादी राष्ट्रहरूको हातमा भएकाले उनीहरूको हितलाई नै विश्वको हितको रूपमा लिइदै छ।

यस्तो स्थितिमा जहाँ राष्ट्हरू नै परमुखी र निरीह हुन्छन्, त्यहाँ जनताको व्यक्तिगत अधिकारको कुराले राष्ट्रिय विकास र सामाजिक विकास सम्भव हुँदै हुँदैन। विश्व हिजो पनि वहु-संस्कृति, वहु-सामाजिक प्रणालीमा विकसित भएको थियो। मानिसको विकासको आधार अहिले पनि बहुलवाद नै हुनुपर्छ। त्यसको लागि समाज र राष्ट्हरू कमजोर हैन, बलियो हुनु पर्छ। विकास त्यसपछि मात्र संभव छ। त्यो भनेको विकासको अधिकार जनतामा जानु पर्छ जनता भन्नाले व्यक्ति हैन समुदायमा पुग्नु पर्छ। जनताले सामूहिक रूपमा राष्ट्रिय मामलामा हस्तक्षेप गर्न सक्ने परिस्थितिको सृजना हुनुपर्छ। पहिले विश्वको उत्पादनको न्यायोचित बाँडफाँड र उपभोगमा पनि न्यायोचित वितरण प्रणालीको व्यवस्था गरिनु पर्छ। न्यायोचित उत्पादन, उपभोग र वितरण व्यवस्थाभित्र मात्र निजी अधिकारहरूले व्यवहारमा अनुदित हुने अवसर पाउँछन्।

विकासको वास्तविक परिभाषा सम्पूर्ण समाजको सन्तुलित र समानुपातिक विकास हो। तसर्थ : विश्वयुद्ध पछिको व्यक्तिको अधिकार र अस्तित्वको खोजी भइरहेको अवस्थामा तयार पारिएको विश्व मानवअधिकार घोषणापत्रलाई आजको कसीमा घोटेर हेर्ने बेला भइसकेको छ। विश्व मानवअधिकार घोषणापत्र उपर पनि आजको आँखा, दृष्टि र परिवेशमा छलफल गरिनु जरूरी छ।

आजको परिस्थितिमा राज्यहरूलाई कमजोर बनाएर होइन, बढी भन्दा बढी जनमुखी र शसक्त बनाएर जनताको संरक्षण गर्न संभव छ। मानवअधिकारहरूको विश्व घोषणापत्रमा उल्लेखित अधिकारहरूको पालना गर्नै पर्ने बाध्यतात्मक परिस्थितिको सृजना गर्नु आजको एउटा आवश्यकता हो। तर अर्को आवश्यकता घोषणापत्रलाई व्यक्तिको सामूहिक अधिकारका बारेमा पनि बोल्न लगाउनु रहेको छ। सन् ४८ को घोषणापत्रको त्यही पक्षका कारण यसको दुरुपयोग समेत गर्न खोजिएको छ।

# अरुको अधिकारका बारेमा पनि सचेत बनौं

प्रेक्षा ओभ्का


२०५३-८-९

श्रीमान,
कार्यक्रम सञ्चालक ज्यू,
मानव अधिकार शिक्षा कार्यक्रम

कारागार शाखा रामेछाप मा महिला/पुरुष दुवै थरी का बन्दी/कैदी रहेका छन्। तर कारागार हाता एउटै छ, विभक्त छैन। जसले गर्दा हरेक दिन को १२:०० देखि ०२:०० सम्म पुरुष बन्दी भित्र रही महिला बन्दीहरु घुमाइन्छन्। दिनको अन्य समय महिलाहरु भित्र रहेर बिताइन्छन्। एक प्रकारले यहाँको अवस्था हिरासत तुल्य छ। प्रारम्भ बाटै हातालाई विभक्त गर्न निम्ति निवेदन गरिए तापनि वास्ता भएन। यस प्रश्नमा मानव अधिकारवादी संघ/संस्थाहरुको कस्तो दृष्टिकोण होला। सम्बन्धित निकायको ध्यान यस तर्फ केन्द्रित हुन नसक्दा हामी स्पष्टतया: दुःखी छौं।

बन्दी "प्रिंस" जीवन सुनुवार
कारागार शाखा
रामेछाप।

रेडियोबाट मानवअधिकार शिक्षा कार्यक्रम शुरू गरिंदा कतिपयलाई लागेको थियो होला - के हप्तै पिच्छे मानवअधिकार सम्बन्धी सामग्री चाखलाग्दो ढंगले प्रस्तुत गर्न सकिएला र? तर डेढ वर्ष भन्दा बढी समयदेखि मानवअधिकार शिक्षा कार्यक्रम स्रोताहरूको मन जित्दै मानवअधिकार सचेतन अभियानमा संलग्न छ। हप्तै पिच्छे यसले नयाँ नया स्रोताहरू पाइरहेको छ। रेडियो नेपालका तीस लाख स्रोताहरूलाई थाहा छ- भण्डै दुई वर्षदेखि निरन्तर रूपमा प्रत्येक शनिवार विहान रेडियो नेपालमार्फत इन्सेकद्वारा मानवअधिकार शिक्षा कार्यक्रम संचालन भैरहेको छ। कार्यक्रम रेडियो मार्फत लाखौं जनताको घर दैलोमा पुगेर मानवअधिकारबारे जनचेतना फैलाउन प्रयत्नरत छ। त्यस दिशामा कार्यक्रम निकै हदसम्म सफल पनि भएको छ। मानवअधिकार शिक्षा कार्यक्रमको मूख्य उद्देश्य आम नेपालीलाई आफ्नो अधिकारप्रति सचेत र अरूको अधिकार प्रति जागरूक गराउनु रहेको छ। नेपालको सन्दर्भमा सबभन्दा प्रभावकारी आम संचारको माध्यम रेडियो नै भएकोले कार्यक्रम आधारभूत तहका जनता, खासगरी ग्रामीण बासिन्दाहरूसम्म पुगेको छ।

मानवअधिकार शिक्षा कार्यक्रम कति प्रभावकारी भइरहेकोछ भन्ने कुरा देश भित्र र भारत प्रवासका विभिन्न क्षेत्रका स्रोताहरूबाट प्राप्त पत्रहरूले देखाएका छन्। कार्यक्रमको पोष्ट बक्स ४९०६बाट हामी सरदर साताको ४-५ सय पत्रहरू पाइरहेका छौं। पत्रहरूमा कार्यक्रमप्रति तिव्र चासो प्रकट गरिएको पाइन्छ। नेपाल जस्तो विकासोन्मुख तथा शिक्षाको क्षेत्रमा पिछडिएको मुलुकमा इन्सेकले मानवअधिकार र अनौपचारिक शिक्षाको क्षेत्रमा आफ्नो सहासिलो कदम चालेकोमा धेरै श्रोताहरूद्वारा खुशी प्रकट गरिएको छ। अधिकांश श्रोताहरूले कार्यक्रमको समय अन्यन्तै छोटो भएको गुनासो र मानवअधिकार शिक्षाको विषयलाई पाठ्यक्रममा समावेश गरिनु पर्ने धारणा प्रकट गर्नु भएको छ।

मानवअधिकार शिक्षा कार्यक्रममा पूर्व मेची देखि पश्चिम महाकाली सम्मका स्रोताहरूबाट प्राप्त पत्रहरूमा कार्यक्रमप्रति प्रकट गरिएका राय सुभावहरू समावेश भएका हुन्छन। छुवाछुतका सम्बन्धमा थुप्रै थुप्रै स्रोताहरूले लेखेर पठाउने गर्नु भएको छ। छुवाछूत प्रथा विरोधी जनमत बनाउने काममा कार्यक्रम अग्रसर रहेकोले नै त्यस्ता पत्रहरू अत्यधिक संख्यामा आएका हुन् भन्न सकिन्छ। कार्यक्रममा छुवाछूत सम्बन्धी पत्रहरू नै सबै भन्दा बढि संख्यामा आउने गर्छन्।

भारतका राष्ट्रपिता महात्मा गान्धी रेडियोमा शक्ति देख्दथे। मानवअधिकार रेडियो शिक्षा कार्यक्रममा शुरूको दिनदेखि संलग्न भएको नाताले म भन्न सक्दछु यो भनाई मानवअधिकार सचेतन अभियानको क्षेत्रमा पनि लागु भएको छ।

शान्तिनगर-४ डाडाँवन गुल्मीका कुल बहादुर नेपाली मानवअधिकार शिक्षा कार्यक्रमलाई छुवाछूत प्रथाका विरूद्धमा लेख्छन्- "हाम्रो घर छेउमा खड्का देवताको मन्दिर छ। भर्खरै मन्दिरको मर्मत गर्ने क्रममा अछुत जातिको भनिने एक डकर्मी संलग्न थिए। उनले मर्मतको निकै काम गरे। तर छानामा चढेर मर्मत गर्न उनलाई निषेध गरियो। शिक्षित मानिसहरूले नै यस्तो तर्क पेश गरे।" कुल बहादुरको जस्तै अनुभव थुप्रैको छ। यस्ता चिठ्ठीहरू मानवअधिकार शिक्षा कार्यक्रममा थुप्रै-थुप्रै आउने गर्छन्।

नेपालमा मानवअधिकार शिक्षा कार्यक्रमको शुरूवात २०५१ साल माघ ७ गते देखि भएको थियो। शुरूवातका कार्यक्रम हरूमा मानवअधिकार सम्बन्धी विश्वव्यापी लिखत वा दस्तावेजहरूका सम्बन्धमा चर्चा गरिएको थियो। मानवअधिकार शिक्षा कार्यक्रमको पहिलो अंकमा मानवअधिकारहरूको ऐतिहासिक विकासक्रम सम्बन्धी जानकारी प्रस्तुत गरिएको थियो। यतिखेर कार्यक्रममा समसामयिक घटनाक्रमहरूका बारेमा मानवअधिकार दृष्टिकोण सहितको विश्लेषण प्रस्तुत गर्ने गरिएको छ।

कार्यक्रममा महिला अधिकार, बाल अधिकार आदि विषयहरूमा स्रोताहरूका विचारहरूलाई समेत समावेश गर्ने गरिएको छ। छुवाछूतका विषयमा कार्यक्रममा बरोबर चर्चा हुने गरेको छ। छुवाछूत प्रथाका विरूद्धमा कार्यक्रममा निकै उल्लेख गर्ने गरिएको छ। कार्यक्रममा प्रत्येक साता एउटा पत्रलाई उल्लेख्य पत्रका रूपमा प्रसतुत गर्ने गरिएको छ। उल्लेख्य जस्को पत्र छानिन्छ, ती स्रोतालाई मानवअधिकार वर्ष पुस्तक लगायतका प्रकाशनहरू पुरस्कार स्वरूप पठाउने गरिन्छ। कार्यक्रममा पत्र पठाउने हरेक स्रोतालाई मानवअधिकार अभियानमा संलग्न हुन उत्साहित तुल्याउने किसिमको पोष्टकार्ड पठाइने गरेको छ।

"हामी सबै आफ्नो अधिकारका बारेमा जागरूक र अरूको अधिकारका बारेमा सचेत हुन सकौं आफ्नो अधिकारका बारेमा सचेत र अरूको अधिकारमा सजग हुन सकियो भने मात्र मानवअधिकारको संरक्षण र सम्वर्धन गर्न सकिन्छ" मानवअधिकार शिक्षा कार्यक्रम यही संदेशका साथ हरेक हप्ता प्रशारण भइरहेको छ।

# प्रहरी हिरासतहरु परिणत भए- मृत्यु केन्द्रमा




**नेपाल प्रहरीका हिरासतहरु- मृत्यु केन्द्रहरुमा परिणत भए भन्न किन सकिँदैन ? - गएको वर्ष भदौमा संयुक्त सरकारको स्थापना भए यता दुई दर्जन नागरिकहरु प्रहरी हिरासतमा वा प्रहरीको गिरफ्तारीमा परिसकेको अवस्थामा रहस्यमय ढंगले मारिएका छन् । कुनै पनि घटनाको न्यायिक छानवीन भएको छैन । मानवअधिकार वर्ष पुस्तकका जिल्ला-जिल्लाका प्रतिनिधिहरुको रिपोर्टिङका आधारमा प्रस्तुत विवरणको निष्कर्ष पनि यही हुन्छ "नेपालका प्रहरी हिरासतहरु मृत्यु केन्द्रमा परिणत ।"**

## सुरक्षा केन्द्रमा असुरक्षित जीवन

**नरनाथ लुइँटेल**

जेलवाङ गाविसमा बसोबास गर्ने ५ जनालाई प्रहरीले माओवादी भएको आरोपमा पक्राउ गरेको थियो। ०५३ साउन २४ गते पक्राउ पछि २६ गते सदरमुकाम लिवाङ लैजादा ती नागरिक मध्ये बाटोमै गोली हानेर ४ जनालाई र भिरबाट धकेलेर १ जनालाई मारियो। यो घटना रोल्पा जिल्लामा माओवादी गतिविधि नियन्त्रणको नाममा प्रहरीद्वारा गरिएको हिंस्रक कार्वाहीको एउटा नमुना हो। उक्त घटनामा प्रहरीद्वारा गिरफ्तार अवस्थामै मारिएका व्यक्तिहरू जेलवाङ गाविस वडा नं. ९ का १९ वर्षीय दुते बुढा मगर, ३९ वर्षीय प्रमान बुढा मगर, १८ वर्षीय वीरबहादुर बुढा मगर, वडा नं. ४ का १९ वर्षीय हस्तबहादुर बुढा रहेका छन्। उनीहरू सबै पेशाले कृषक हुन्। ०५३ साउन २६ गते उनीहरूलाई लिवाङ सदरमुकाम लैजाने क्रममा जैमकसला गाविस, वडा नं. १ स्थित नारावाङको धुरीनेर प्रहरी चौकी जेलवाङका प्र.स.नि. वीरबहादुर थापाको अगुवाई र आदेशमा गोली प्रहार गरिएको थियो। यो जघन्य हत्या पछि प्रहरी स्वयंले उनका नातेदारहरूलाई जानकारी नै नदिई मृतक पाँचै जनाको लाश अनुहार नचिनिने गरी डढाएर घटनास्थल नजिकै बाटो मुनि एउटै खाडलमा पुरिदिए। पक्राउ गरिए पछि उनीहरूलाई २ दिनको अवधिभरि प्रहरीले के कस्तो यातना दिएको थियो या थिएन भन्ने कुरा खुल्न आएको छैन। तर त्यस दिन उनीहरूको बाँच्न पाउने अधिकारको ठाडै उल्लंघन भएको मुटु हल्लाउने दृश्य भने केही मानिसहरूले प्रत्यक्ष देखेका थिए।

यातना मानवअधिकारको गम्भीर एवं जघन्य उल्लंघन हो। नेपाल

## राजधानीको मुटुमै हिरासतमा मृत्यु

**सूर्य थापा**

दशैंको पूर्व सन्ध्यामा राजधानीकै चावहिलका युवक दर्पण बहादुर बर्माको प्रहरी हिरासतमा मृत्यु भएपछि फेरि एकपटक सबै त्रसित भएका छन्। गत असोज महिनाको अन्तिम दिन दिउँसो साढे दुईबजे दर्पणलाई दुईजना प्रहरीले गोपीकृष्ण सिनेमा हलको मूल ढोकामा लखेट्दै पक्राउ गरेर लगेको देख्नेहरू छन्। तर उनीहरूले त्यसपछि दर्पण बर्मालाई फेरी कहिल्यै जिवित देख्न पाएनन्। एकैचोटी बेलुका पौने ६ बजे वीरअस्पतालबाट दर्पण चिन्ताजनक अवस्थामा भएको खबर बाबु आमा कहाँ पुग्यो। त्यसपछि छोरालाई भेट्न जाँदा दर्पण बर्मालाई अस्पतालको मुर्दा घरमा भेटियो। अस्पतालले कार्तिक १ गते दिएको मृत्यु प्रमाण पत्रका अनुसार पौने ६ बजे अस्पतालको आकस्मिक शाखामा मृत अवस्थामा नै दर्पण बर्माको लाश दर्ता गरिएको थियो।

दर्पण वर्मालाई गोपीकृष्ण सिनेमा हलबाट पक्राउ गरी सेतो ट्याक्सीमा चढाएर लैजाने प्रहरी जवानहरू भक्तबहादुर भण्डारी र राधेश्याम तिवारी थिए। प्रत्यक्ष दर्शीहरूका अनुसार ती प्रहरीहरू सादा पोशाकमा थिए। साथमा अर्को कुनै व्यक्ति थिएन। तर प्रहरीले अहिले दुई प्रहरी जवानहरूसँगै विनोद लामा भन्ने व्यक्ति पनि रहेको दावी गरेको छ। आफ्नो बचाउका लागि प्रमाणको रूपमा प्रहरी विनोद लामालाई उभ्याउने चेष्टा गरिरहेको छ। त्यसैदिन साढे ४ बजे दोस्रो पटक झगडा परेको खबर आएपछि दुई जना प्रहरी जवान गई दर्पणलाई समातेर ट्याक्सीमा हालेर ल्याइएको कुरा प्रहरीले जनाएको छ। तर गौशाला प्रहरीको गेटभित्र प्रवेश नगराई सिधै अस्पताल लैजाँदा लैजाँदै उनको मृत्यु भएको पनि प्रहरीले जिकीर गरेको छ। प्रहरीले पक्राउ गर्दा दर्पण बर्मा अचेत

#### सुरक्षा केन्द्रमा असुरक्षित जीवन

अधिराज्यको संविधान ०४७ ले नागरिकको मौलिक हक अन्तरगत कसैलाई पनि कुनै किसिमको यातना दिन नपाउने व्यवस्था गरेको छ। संविधानको धारा १४ को उपधारा ४ मा उल्लेख गरिएको छ- "अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनैपनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसंग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन। त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई संविधानले निर्धारित गरे बमोजिम क्षतिपूर्ति दिइने छ।" संविधानले यसरी यातनालाई दण्डनीय अपराध घोषित गर्दै यातना पीडितलाई क्षतिपूर्ति दिनुपर्ने व्यवस्था गरे पनि तत्सम्बन्धी कानूनको अभावमा संविधान निर्माण भएको ६ वर्षसम्म पनि नागरिकहरू यातना जस्तो मानवघाती जंगली कार्यको शिकार बन्न विवश बनिरहे। भर्खरै संसदबाट यातना सम्बन्धी क्षतिपूर्ति विधेयक

#### राजधानीको मुटुमै हिरासतमा मृत्यु

अवस्थामा फेला परेको थियो- गौशाला प्रहरी कार्यालयका सहायक निरीक्षक दिपक खड्काको दावी छ। खड्काका अनुसार स्थानीय बासिन्दाले टेलिफोनमा जानकारी गराएपछि दुई जवान प्रहरी गएर दर्पण बर्मालाई ल्याएका थिए र प्रहरी सहायक निरीक्षक भरतबहादुर शाहको कमाण्डमा गएको टोलीले घटनास्थलबाट विनोद थापालाई पक्राउ गरेको थियो। अहिले दर्पण बर्माको हत्यामा संलग्न रहेको भनी विनोद थापालाई अभियुक्त बनाइ प्रहरीद्वारा सरकारी वकिल कार्यालयद्वारा मुद्दा पेश भएको भन्ने बुझिन आएको छ। तर स्थानीय जनता तथा घटनाका प्रत्यक्षदर्शीहरूको एउटै मत छ- "दर्पणको हत्या प्रहरी हिरासतमै भएको हो।"

सरस्वतीनगरमा असोज ३० गते साढे चार बजे पुनः झगडाभएको कुरा मान्न कोही तयार देखिदैनन्। प्रहरीले अहिले यो नयाँ घटनाको प्रपंच तयार गरी

# जवानहरुले अस्पताल लैजाँदा लैजाँदै उसको मृत्यु भएको हो



इन्सपेक्टर हरिभक्त प्रजापति

० दर्पण वर्माको बारेमा खास कुरा के भएको हो?

म महाराजगंज पानी पोखरीमा ड्युटीमा खटिएको थिएँ। त्यसकै सिलसिलामा म सवा एक बजेतिर गौशालाबाट हिँडिसकेको थिएँ। त्यो दिन पहिले साढे २ बजेतिर एकचोटी उनीहरूका बीच आपसमा झगडा भयो र आफै मिले। पछिल्लो पटक साढे चार बजे फेरी झगडा भयो। त्यसमा विनोद थापा लगायतसंग कुटाकुट भयो, कोकको बोतल फोडेर हानाहान र लखेटालखेट पनि भयो। लखेटा लखेट भएपछि स्थानीय मान्छेहरूले गौशाला प्रहरीकहाँ टेलिफोन गरेर घटनाको जानकारी दिए। त्यतिबेला ड्युटी अफिसर दीपक खड्का भन्ने स.ई. साहेब हुनुहुन्थ्यो। उहाँले ट्याक्सीको व्यवस्था गरी दुईजना जवानलाई पठाउनु भयो। भ्यान मैले नै लिएर गएको थिएँ। ती जवानहरूले दर्पण बर्मालाई अस्पताल लैजाँदा लैजाँदै उसको बाटोमै मृत्यु भयो, खास कुरा यति हो।

० डि.आई.जी. कृष्णमोहन श्रेष्ठले त पत्रकार सम्मेलनमा दुईजना जवानलाई तपाईले नै घटनास्थलमा खटाएको भन्नु भएको छ त?

- त्यतिखेर मलाई घटनाको बारेमा कुनै जानकारी नै थिएन। मैले अन्दाजी पौने ६ बजेतिर मात्र खबर पाएँ। हामी एक च्यानलमा बसिरहेका थियौं, कन्ट्रोलले कल गरेर चार च्यानलमा गइसकेपछि डि.एस.पी. दुर्गा साहेबले जानकारी गराउनुभयो। यसपछि मात्र मैले थाहा पाएँ र म त्यहाँबाट सिधै सरस्वती नगरतिर गएँ। त्यतिबेला बौद्धको भ्यान पनि त्यहाँ आइपुगेको थियो।

० स्थानीय जनता तथा पीडित परिवारका तर्फबाट त तपाई नै घटनामा दोषी भएकोले कारवाही गरिपाऊँ भनेर किटानी जाहेरी दिइएको छ नि?

- म गौशालामा गएपछि मृतक दर्पण बर्माको विरुद्धमा दुईवटा उजुरी दर्ता भएको थियो। एउटा फागु पूर्णिमाको दिन विज्ञान उदास भन्ने व्यक्तिलाई छुरी हानेको घटनामा ऊ लगायत अन्य ६ जना संलग्न रहेको उजुरी थियो। विज्ञान उदासको पेटमा छुरी हानिएको थियो। ऊ ६-७ दिन अस्पताल बसेर फर्किए पछि दुवैको अभिभावक बसेर २० हजार रूपैंयामा मिलापत्र गरे। मैले दर्पणको बाबुलाई "तपाईको छोरालाई ल्याउनुहोस् म सम्झाइदिन्छु" भनेको थिएँ। त्यसको ठिक एक महिनापछि चुच्चे पाटीमा पुरानो बानेश्वरको विश्वचक्षु महापिठ भन्ने दश जोड दुई स्कूलको गाडीको शिशा तोडफोड गरे। चेन, खुकुरी देखाएर तोडफोड गरिएको थियो। त्यो घटनापछि पनि हामीले खोज्दा उसले भागाभाग गऱ्यो। मैले उसको बाबुलाई बोलाएर सबै कुरा जानकारी गराई खोजेर ल्याउन भनेको थिएँ। उहाँले हरेकपल्ट जे कुरामा पनि मेरै छोराको मात्र नाम आउँछ भन्ने कुरा गर्नुभयो। उहाँले त्यो बखतमा पनि छोरालाई ल्याउनु भएन। अनि हामीले खोज्ने क्रममा घर अगाडि गाडी राखेर हेऱ्यौं। त्यो कुरा पनि उहाँहरूको प्रतिष्ठाको विषय भयो। टोलमा बस्नै भएन भनेर मसंग पनि अफिसमा नै आएर उहाँले कुरा गर्नु भएको थियो। अहिले व्यक्तिगत रूपमा मलाई आक्षेप लगाउनु पर्ने कारण त्यो पनि हुन सक्छ। हामी घर छेउछाउमा खोजतलास गर्न गएका पक्कै थियौं।

० गाडीको क्षति भनी तपाईले ४४ हजार रूपैंया तिर्न भन्नु भएको र पछि उनीहरुले ८ हजार दिएको भन्ने हो कि होइन?

- यस बारे हामीलाई सरोकार छैन। तिर्नु पर्ने मान्छेहरुले कति कति तिरे, तिर्ने र लिनेलाई नै थाहा होला। गाडी क्षति भएको पक्ष र क्षति गर्ने पक्ष बीच समझदारी भएको र कुरा मिलेको चाहिं हो। दुवैले कागज गरेर गएका छन्।

० तपाई गौशालामा कहिलेदेखि कार्यरत हुनुहुन्थ्यो? यस अघि अन्य के-के मुद्दामा मृतकलाई पक्राउ गर्नु भएको थियो वा के उपचार गर्नु भएको थियो?

- त्यहाँ म करीब एक वर्षदेखि छु। त्यस दौरानमा मैले उसलाई दुईवटा केसमा मुछिएको पाएको थिएँ। त्यो भन्दा अगाडि मलाई थाहा भएन।

० हिरासतमा ल्याउनु भएको थियो?

- छुरी हानेको केसमा एकचोटी ल्याएका थियौं। तर त्यतिखेर उसको आँखामाथि बायाँपट्टि घाउ लागेको थियो। अनि दैनिक हाजिरीमा छोडिदिएका थियौं।

० असोज ३० गते साढे ४ बजे फेरि झगडा भएको कुरा स्थानीय तहमा कहींबाट खुल्दैन। प्रहरीले एकतर्फी भनिरहेको छ। त्यसलाई पुष्टि गर्ने आधारहरू के छन्?

- हामीले घटनामा संलग्न विनोद थापा भन्ने व्यक्तिलाई पक्राउ गरेका छौं, उसबाट पनि खुल्ला। अस्पताल लैजाँदा ट्याक्सीमा जीवन लामा भन्ने अर्को केटो पनि थियो, उसले पनि भन्ला नि!

० तपाई गौशालाबाट कहाँ सरुवा हुनु भएको छ?

- म हेडक्वाटरमा काजमा छु। दरबन्दी उहीं छ।

० छानवीन समिति गठन भएको छ, त्यसले पनि भेट्यो?

- उहाँहरूले बोलाउनु भएको थियो। जे भएको हो, त्यो कुरा मैले भनें।

० तपाईले दर्पण बर्मालाई "तँ कुनै दिन मेरो हातबाटै मर्छस्" भनेर चेतावनी दिनु भएको कुरा निकै चर्चामा आयो। वास्तविकता यस्तो हो कि होइन?

- त्यस्तो त जे भन्दा पनि भयो। उसलाई मैले एकपटक गिरफ्तार गरेको सम्म हुँ। ऊ कस्तो प्रकृतिको व्यक्ति थियो भन्ने कुरा हामीले भनिरहनु पर्दैन। उसका बा-आमालाई पनि मैले तपाईहरूले छोरो म कहाँ ल्याइदिनुहोस् सुधार्ने कोसिस गर्छु भनेर भनेको थिएँ। तर उहाँहरुले ल्याउनु भएको होइन।

० घरभित्र गएर खान तलासी गर्ने गर्नु भएको होइन?

- घरमा कुनै खानतलासी गर्ने गरेको छैन।

० छानवीन आयोगले तपाईको संलग्नता रहेको देखायो भने सजायको भागिदार त हुने पर्छ होइन र?

- छानवीन हुँदैछ। त्यसबाट मेरो संलग्नता रहेको पुष्टि हुन्छ भने म जस्तो सुकै सजाय भोग्न पनि तयार छु।

पारित भएको छ। तर क्षतिपूर्ति विधेयक पारित हुँदा नहुँदैको अवधिमै पनि प्रहरी हिराशतमा दिइएको अमानवीय यातनाका कारण हिरासत भित्र र हिरासत मुक्त भएको लगत्तै नागरिकहरूको मृत्यु हुने क्रम निरन्तर चलिरहेको छ।

सन् १९४८ मा संयुक्त राष्ट्र संघद्वारा पारित मानवअधिकारको विश्व घोषणापत्रको धारा ५ मा भनिएको छ- "कुनै पनि व्यक्तिलाई यातना दिइने छैन या निर्दयी, अमानुषिक वा अमानवीय व्यवहार गरिने छैन। यो अवधारणालाई प्रभावकारी कार्यान्वयन गर्न संयुक्त राष्ट्र संघद्वारा सन् १९८४ मा "यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको महासन्धि" पारित गरियो। उक्त महासन्धिलाई नेपालले सन् १९९१ मई १४ तारिखका दिन हस्ताक्षर गरी अनुमोदन गरेको छ। यसर्थ नेपाल उक्त महासन्धिको राज्य पक्ष हो। आफ्नो देशमा नागरिकहरूलाई दिइने कुनै पनि किसिमको यातनालाई रोक्न कानूनी, न्यायिक र प्रशासनिक वातावरण तयार गर्नु राज्यपक्षको दायित्व हो भन्ने कुरा महासन्धिमै स्पष्ट उल्लेख गरिएको छ।

उपयुर्क्त संवैधानिक प्रावधान एवं अन्तर्राष्ट्रिय महासन्धिको अवधारणा हुँदाहुँदै पनि हाम्रो मुलुकमा यातना दिने निकृष्ट कार्य रोकिएको छैन। प्रजातन्त्र स्थापनाको सातौं वर्ष र संविधान निर्माणको छैटौं वर्ष बितेपछि मात्र यातना सम्बन्धी क्षतिपूर्ति विधेयक संसदले पारित त गरेको छ, यद्यपि यातना कार्यमा संलग्न व्यक्ति वा अधिकारीमाथि गरिने कार्वाहीको प्रावधान खुकुलो रहनु र पीडितलाई दिइने क्षतिपूर्ति रकम राजस्वबाट खर्च हुने तर यातना कार्यमा संलग्न व्यक्ति वा अधिकारीको कुनै दायित्व विधेयकमा उल्लेख नहुनुले प्रभावकारी कार्यान्वियनको पक्ष कमजोर रहेको देखिन्छ। मुलुकमा विद्यमान यातनाका आम प्रचलनलाई संविधानको धारा १४ को उपधारा ४ को भावना अनुरूप न्यून मात्र होइन, निषेध तथा निर्मूल गर्नु आवश्यक छ। यस दिशामा भर्खरै पारित विधेयक विधिवत कानून बनेपछि कति सकारात्मक भूमिका



हिरासतको हत्यालाई ढाकछोप गर्ने कसरत गरिरहेको छ। कार्तिक १३ गते स्थानीय जनता, सांसद, अन्य राजनीतिक कार्यकर्ता सहितको प्रतिनिधि मण्डलले घटनाको छानवीन गर्न गृहमन्त्रीसमक्ष माग गरेपछि गृहमन्त्रीको तोक आदेशबाट गृहमन्त्रालयका सह-सचिव गणेशप्रसाद भट्टराई संयोजक र राष्ट्रिय अनुसन्धान विभागका उपप्रमुख अधिकृत ललितबहादुर लिम्बु सदस्य रहेको दुई सदस्यीय छानवीन समिति गठन गरियो। समितिले आफ्नो प्रतिवेदन भर्खरै गृह सचिव समक्ष बुझाइसकेको छ। विश्वस्त सूत्रका अनुसार उक्त प्रतिवेदनमा दर्पणको मृत्यु हिरासतमा भएको भन्ने कुरालाई इन्कार गरिएको छ। गृहमन्त्री खुमबहादुर खड्काले मृतकका परिवारको तर्फबाट भेट्न गएका व्यक्तिहरूसंग कुराकानी गर्दा प्रतिवेदन सार्वजनिक गरिन्छ भन्ने आश्वासन दिनु भएको थियो। तर सरकारले अहिलेसम्म प्रतिवेदन सार्वजनिक गर्ने हिम्मत गरेको छैन। मृतकका पिता ध्रुवबहादुर वर्मा प्रतिवेदनमा के छ भनी बुझ्न खोज्दा गृहमन्त्रीले उहाँलाई भेटसम्म नदिनु भएको गुनासो गर्नुहुन्छ। कार्तिक १३ गतेकै दिनदेखि गौशालाका प्रहरी इन्सपेक्टर हरिभक्त प्रजापति त्यहाँ हुनुहुन्न। प्रजापतिले बताउनु भए अनुसार उहाँ सो दिन हनुमान ढोका फिर्ता आएर अर्कोदिन देखि प्रहरी प्रधान कार्यालय नक्सालको कर्मचारी प्रशासन शाखामा काजमा कार्यरत हुनुहुन्छ। कार्तिक १३ गते नै चावहिलमा इन्सपेक्टर प्रजापतिको बचावटका लागि सादा पोशाकका प्रहरी सहितको उद्दण्ड जुलुस निस्केको थियो। त्यो जुलुस किन निकालियो भन्ने बारे प्रहरीले केही बताउन सकेको छैन। तर दर्पण बर्माको मृत्यु हिरासतमै भएको भन्ने कुराको पुष्टि गर्ने एउटा प्रमाणको रूपमा स्थानीय जनताले त्यो जुलुसलाई लिए। यसले गर्दा घटना झन जटील र सहस्यमय बन्न पुग्यो।

घटना भएको दिन प्रहरी इन्सपेक्टर हरिभक्त प्रजापति कहाँ हुनुहुन्थ्यो? प्रहरीले यसबारे झण्डै दशथरी भनाई सार्वजनिक गरेको छ। प्रहरी महानिरीक्षक

## जे सुकै भने पनि दर्पण वर्माको हत्या राजनीतिक घटना होइन

**गोविन्दकृष्ण अधिकारी, सचिव नेकपा (एमाले) , विशेष जिल्ला कमिटी क्षेत्र नं. २, काठमाडौं**

दर्पण बर्मा प्रहरीसंग पनि यसअघि कतिपय अवस्थामा झै-झगडा गर्थ्यो। ऊ बाबु आमाले पुलपुलाएर हुर्काएको एक्लो छोरो हो। यसअघि पनि प्रहरीले पक्राउ गरी चौद्ध थानामा लगेर बेहोस होउन्जेल कुटेको र उपचार गर्न अस्पतालमा भर्ना समेत गरेको थियो। तैपनि ऊ अहिले धेरै सुध्रिएको थियो।

प्रहरीले हिरासतमा उसको हत्या गरेपछि भोलिपल्ट वीर अस्पतालमा समेत प्रहरी ज्यादती भयो भनी नारावाजी गरियो। अर्जुन थापा भन्ने फुटवल खेलाडीलाई समेत इन्सपेक्टरमाथि हातपात गरेको भनेर गिरफ्तार गरियो। विनोद थापा र गोपिकृष्ण शिनेमा हल नजिकैको कोल्ड स्टोर पसलको साहुलाई पनि प्रहरीले समातेर लग्यो। प्रहरीले ज्यादती गर्‍यो, छानवीन गरेर दोषीमाथि कारवाही चलाउनु पर्छ र पीडित पक्षलाई क्षतिपूर्ति दिनु पर्छ भन्दै हामीले गृहमन्त्रीलाई भेटेर दवाब दियौं। त्यसको अगुवाई सांसद विद्या भण्डारीले गर्नु भएको थियो। त्यसपछि एकदिन चावहिल बन्द, चक्का जाम र १० मिनेट ब्लाक आउट र हस्ताक्षर संकलन अभियान जस्ता कार्यक्रम पनि सम्पन्न भए।

जे सुकै भएतापनि दर्पण बर्माको हत्या राजनीतिक घटना होइन। तर त्यसै बीचमा रेडियोको घटना र विचार कार्यक्रमले १५ दिनपश्चात दर्पण वर्मा नेविसंघको कार्यकर्ता थिए भनेर प्रचार प्रसार गर्‍यो।



स्थानीय तहमा पनि वडा अध्यक्षको नेतृत्वमा त्यस ढंगको प्रचार प्रसार गर्ने र राजनीतिकरण गर्ने काम भयो। हामी चाहिं सडकमा उत्रने भन्दा पनि घटनाको प्रक्रियासंगत ढंगले राम्ररी छानवीन कार्यलाई अगाडि बढाउनु पर्छ भन्ने पक्षमा थियौं। तर हामी के कुरामा प्रष्ट छौ भने प्रहरी यातनाबाट नै उसको मृत्यु हुन गएको हो। यदि कसैले त्यस्तो होइन भन्छ भने प्रहरीको यातनाबाट नभए त्यो हत्या कसबाट भयो त? भन्ने जवाफ हामीले पाउनु पर्छ।

फेरि कार्तिक २१ गते सांसद विद्या भण्डारीको नेतृत्वमा विशेष जिल्ला कमिटीको तर्फबाट एउटा डेलिगेशन गई हामीले गृहमन्त्रीलाई ज्ञापनपत्र दियौं। खासगरी यस भेगमा प्रहरीले अपराधीलाई सुधार्ने भन्दा पनि एकपटक कब्जामा पर्‍यो भने झन अपराधिक गराउने काम गरिरहेको छ। हामीले गृहमन्त्रीलाई सरकारद्वारा गठित छानविन समिति निस्क्रिय भएकोमा विरोध गर्दै पीडित पक्षलाई उचित क्षतिपूर्ति दिनका लागि पुनः दबाव दिएका छौं।

एउटा नागरिकको हत्यालाई राजनीतिकरण गरिएको परिणाम स्वरूप यहाँ एमालेले यो घटनालाई लिएर केही गरेन भन्ने अफवाहहरू पनि फैलाउने काम भएको छ। तर हाम्रो दवाबकै कारण छानविन समिति बनेको र स्थानीय जनताले गरेको विरोध प्रदर्शनमा हाम्रो पनि सहभागिता रहेको कुरा म प्रष्ट पार्न चाहन्छु। यो घटनाको छिटोभन्दा छिटो छानवीन गरी अपराधीलाई दण्डित गर्ने काम भएन भने हामीले काठमाडौंमा प्रहरीको नालायकीका विरूद्ध सडक आन्दोलन गरी गृहमन्त्रीको राजिनामा माग्ने तहसम्म पनि पुग्न सक्छौं।

# चाबहिल काण्डलाई नजिकबाट देख्नेहरु



हेबी, श्रेष्ठ र कार्की

**आकाश लामा - हेबी**

म फिल्म हेर्न गएको थिएँ। दर्पणलाई मैले त्यहीं भेटें। टासीसंग उसको मनाभन पऱ्यो। मैले हुत्याउन खोजें। एक दुई पटक हानाहान पनि भयो। मैले फेरि पनि हुत्याएँ। अनि दुवै मिले। त्यही बेला दुईवटा प्रहरी आएर उसलाई लखेटे। पछि समाएर दुई-तीन पटक पिटे। अनि सेतो ट्याक्सीमा हाली लिएर कहाँ गए? थाहा भएन।

**गोपाल श्रेष्ठ - स्थानीय होटल मालिक**

म भित्र काम गरिरहेको थिएँ। दर्पण भन्ने केटोलाई लखेटिरहकाले ऊ दौडेर आयो। सिनेमा हलको गेटसम्म म पनि हेर्न गएँ। त्यहाँ उसलाई के-के गरियो, त्यो चाहिं देख्न सकिन। गेटबाट बाटोमा ल्याउँदा दुईजना मान्छेले समातिरहेका थिए। समातेर ल्याउने मान्छेहरु प्रहरी हुन या को हुन? त्यो मैले थाहा पाउन सकिनँ। उनीहरू ड्रेसमा थिएनन्। पक्राउ गरिएको केटोको आँखा अलिक लोलिएको थियो। अरू सामान्य नै थियो।



गोपी-कृष्ण सिनेमा हल : जहाँबाट दर्पणलाई गिरफ्तार गरिएको थियो

**छिरिङ गुरुङ**

असोज ३० गते विनोद थापा र दर्पण बमासंग भैं-भगडा भई फरार रहेको टासी गुरुङका बाबु ४६ वर्षीय छिरिङ गुरुङ आफ्नो छोरालाई पुलिसले खोजिरहेको हुनाले नै भागेको हुनसक्ने बताउँछन्। गुरुङ भन्छन्- "दर्पण त्यो दिन टासीसंगै लंगुर बुर्जा खेलेको भन्छन्, मैले देखेको होइन। टासीले अहिले ८ कक्षामा पढ्दै थियो। मैले पछि दर्पणलाई समातेर लगेको देखेको हुँ। समातेर लैजाने को-को हुन् भन्ने चाहिं थाहा भएन।"

**राजन डंगोल**

ललितपुर गोदावरी घर भई गोपीकृष्ण सिनेमा हलमा नै टिकट ब्लाक गर्दै आएका लम्बु भन्ने राजन डंगोले त्यो दिनको घटनाका अर्का साक्षी हुन्। उनलाई कार्तिक २५ गते प्रहरीले समाएर लग्यो। घटना बारे उनी भन्छन्- "पहिले टासी र विनोद थापा बीच भगडा भयो। त्यसबेला दर्पण त्यहाँ थिएन। म होटेलमा पैसा तिर्न गएँ। प्रहरीको भ्यान आउँछ भन्ने हल्ला भयो, तर आएन। त्यसैबेला दर्पण कताबाट आएर हलको मुलगेट नजिकै विनोदसंग कुराकानी गर्न थाल्यो। हलमा दुई जना ड्युटीमा आएका पुलिस पनि थिए। उनीहरु आएर के भयो? भनी सोधे। तर केही नगरी त्यत्तिकै हिंडे। त्यसपछि के भयो मैले देखिन। उसलाई पक्राउ गरेर लैजाने चाहिं हलमा प्रायः ड्युटीमा आइरहने प्रहरी नै हुन्। आजभोलि त्यहाँ आउन छोडेका छन्। दर्पण अरू-अरू केटाहरू जस्तो थिएन। ऊ हलमा आएर यसअघि पनि कहिल्यै दंगाफसाद गरेको मैले भेट्टाएको थिइन।"

**रामकुमार कार्की**

बनेपा घर भई गोपीकृष्ण सिनेमा हलमा टिक ब्यात्क गरेर बस्ने १३ वर्षीय रामकुमार कार्की त्यो दिनको घटनालाई अद्योपान्त आफ्नै आँखाले देखेको साक्षी हो। प्रहरीले उसको खोजी गरेर सताइरहेको हुनाले ऊ अहिले मृतक दर्पण बमाकै परिवारको संरक्षणमा रहेको छ। बाहिर निस्कने हो भने प्रहरीले समातेर लगिहाल्छ- कार्कीले आतंकित हुँदै बताउँछन्। असोज ३० गते प्रहरीले दर्पण बर्मालाई समाएर लैजानु अघिको घटना विवरण दिँदै कार्की भन्छन्- "लंगुरबुर्जा विनोद थापाले खेलाएको हो। पहिले टासी र ऊ बीच भगडा पऱ्यो। त्यतिबेलासम्म दर्पण त्यहाँ आइपुगेको थिएन। टासी चाहिं त्यही मौकामा फरार भयो।"

दर्पणले फिल्म हेरिरहेको थियो। हलमा "दिलजले" भन्ने फिल्म चलेको थियो। ऊ "दिलजले" भन्दै हल बाहिर निस्क्यो। विनोद थापाले कोकको फुटेको शिशी पुलिस आयो भन्दै नालीमा फाल्यो। अनि दर्पणले उसलाई अंगालो हालेर माथितिर लिएर गयो। उनीहरू पुलमाथि पुगे। त्यहाँ गएर दुवैले कोक खाए। मलाई पनि ख्वाए। त्यहाँ पुगेपछि दुई जनाबीच विवाद पऱ्यो। एक पटक हानाहान गरे। ठीक त्यही बेला पुलिस आइपुग्यो र लखेट्यो। हलको गेटतिर दौडिरहेको बेला साइकलले बाटो काट्यो। जसले गर्दा दर्पण लड्यो। उसले लगाएको सेतो पाइन्ट पनि घुँडानिर च्यातियो र अलिकति घाउ लाग्यो। पुलिसले त्यही उसलाई समातेको हो।

त्यसैबेला एउटा सेतो ट्याक्सी आयो। ट्याक्सीको नम्बर चाहिं मलाई याद भएन। पुलिसले दर्पणलाई त्यहीं ट्याक्सीमा राख्यो र दुईजना दायाँ बायाँ बसे। दर्पणले पुलिससंग "मैले केही गल्ती गरेको छैन, छोडिदिनुस् भनेर माफी माग्यो। तर प्रहरीले पहिला गौशाला हिड् अनि थाहा पाउँछस् भनेर भने। यो दिउँसो साढे दुई बजेको कुरा हो।

साँझ साढे ६ बजे फेरि पुलिस आए। उनीहरूले मलाई कोक ख्वाएर गौशाला हिड् भने। मैले त्यहींकै गीता श्रेष्ठको छोरासंग ५ सय रुपैयाँ मागें। अनि बुवालाई दिन जानुपर्छ भनेर राखिरहेको छु भनेपछि "दशैंपछि आइज है" भनेर गए। धेरै पहिले मलाई पनि पुलिसले समातेर लगेको थियो। त्यतिबेला इन्सपेक्टर प्रजापतिले स्वयंले मर्ने गरी कुटेको थियो। त्यो डरले गर्दा नै मैले फेरी त्यहाँ जानका लागि बहाना गरें। बेलुका फेरि कोक र पेप्सीका टुक्रा जम्मा गरी एउटा पुलिस लिएर आयो। त्यसभन्दा अघि साँढे पाँच बजेतिर स्वयं प्रजापति पनि आयो। ऊ आउँदा बौद्ध र गौशाला प्रहरीको दुईवटा भ्यान थिए। दुई भ्यानका बीच कुराकानी पनि भयो। साढे पाँच बजेतिर नै विनोद थापा समातियो। ऊ हुल्याहा होइन, केटाहरू भगडा गरे भने छुट्याउन जान्थ्यो। विनोदलाई समाउन आउने पुलिसले म गौशालाको स.ई. हुँ भनेको थियो। बेलुका ल्याएको कोक र पेप्सीका टुक्रामा रगत, बताउती केही लागेको थिएन। मलाई त्यसैबेला "दर्पणलाई विनोद थापाले मारेको हो" भन्ने कागज निकालेर सही गराए। मैले पढ्न राम्ररी पाइन। तर व्यहोरा त्यस्तै लेखेको थियो। अलि-अलि पढें। अनि भ्यान पनि गयो। फेरि प्रहरीहरू आएनन्। अहिले म टिकट बेच्न छोडेर बसिरहेको छु।

**राजेन्द्र श्रेष्ठ**

बाङ्गेमुडा नघलटोल घर भई हल नजिकै म : मः पसल गरिरहेका राजेन्द्र श्रेष्ठ घटनाका अर्का प्रत्यक्ष दर्शी हुन्। श्रेष्ठ भन्छन्- दिउँसो गोपीकृष्ण हल छुटिसकेको थियो। मैले म : मः का लागि पिठो नपुगेर मैदा मुछिरहेको थिएँ। त्यसैबेला दर्पणको एकजना केटोसंग विवाद पऱ्यो। त्यो केटोलाई म चिन्दिनँ। भगडा हलको दायाँ पट्टिको होटलमा भएको हो। आधा घण्टापछि उसलाई प्रहरीले लखेटिरहेको थियो। लखेट्ने मान्छेलाई पनि मैले चिनिनँ। प्रहरी जस्तो लाग्यो। हलको मूल गेटमा दर्पण लड्यो। त्यसबेला लखेटिरहेका मान्छेले समाएर कुटपिट गर्न थाले। अनि दुई जनाले दायाँ बाया हातमा समाएर बाहिर ल्याए। त्यहाँ सेतो ट्याक्सी आइरहेको थियो। ट्याक्सीलाई दायाँ घुमाउन लगाएर दर्पणलाई बीचमा राखी ती दुई जना दायाँ बायाँ बसे। अनि लिएर गएका हुन्।

निर्वाह होला? त्यो त भविष्यले नै बताउने छ।

जहाँसम्म हाम्रो मुलुकमा दिइने यातनाको आम प्रचलनको प्रसंग छ, यो मूलतः अपराध अनुसन्धान तथा प्रहरीको छानबीन कार्यसंग जोडिएको छ। कुनै पनि घटनाको सिलसिलामा पक्राउ गरिएको व्यक्ति दोषी पनि हुन सक्छ र ऊ निर्दोष पनि हुन सक्छ। दोषी होस् वा निर्दोष प्रहरीको फन्दामा परेर हिरासतमा पुगेपछि ऊ माथि शुरू हुन्छ यातनाको आततायी र जंगली दूर्व्यवहार। निरंकुश पंचायती कालमा मात्र होइन, वर्तमान प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको पुनर्स्थपना पछि पनि हरेक वर्ष दर्जनौं नागरिकहरू यातनाको जघन्य दुष्कर्मका कारण मृत्युको मुखमा पुगिरहेका छन्। सैयौं नागरिकहरू प्रहरी यातनाका कारण अपाङ्ग र अपाहिज बनिरहेका छन्। अनि यातनाको असहनीय पीडा खप्न नसकेर आफूले नगरेको अपराध स्वीकार गरी कठिन कारावासको सजाय भोगिरहेका छन्।

वर्तमान संयुक्त सरकार गठन भएयतामात्र यो मुलुकमा एक दर्जन भन्दा बढी नागरिकहरूको प्रहरी यातनाकै कारण मृत्यु भैसकेको छ। आउनुस् मृत्युका ती विभत्स घटनाहरूको सरसर्ती अवलोकन गरौं।

### हिरासतमा भएका मृत्युका यी घटना स्वभाविक हुन सक्छन् ?

प्रहरीको गिरफ्तार अवस्थामा भरतपुर नगरपालिकाका कर्मचारी कृष्ण जोशीको ०५२ पुस ७ गते मृत्यु भएको थियो। ३७ वर्षीय जोशी ७ गते विहान १० बजे भरतपुर गोन्द्राङ करचौकीमा गएका थिए र साँझ ६ बजेसम्म चुंङ्गिकर डिपोमा थिए। साँझ उनी घर फर्किन डिपोबाट निस्किए तर घर पुगेनन्। राजमार्गमा लडिरहेको अवस्थामा उनलाई पक्राउ गरिएको कुरा प्रहरीले बतायो। प्रहरीले भरतपुर अस्पतालमा पुर्‍याई उनले मादक पदार्थ सेवन गरेको या नगरेको कुरा जाँच गराएपछि उनलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा थुनियो। त्यतिखेर रातको करीब साढे नौ बजेको थियो। हिरासतबाट जोशीलाई राती दश बजेर १५ मिनेट जाँदा ३५ मिटर दुरीमा रहेको भरतपुर अस्पताल लगियो। उनको खुट्टाको घुँडा पछिल्तिर धारिलो हतियारले काटिएको र रक्तश्राप भएको अवस्थामा अस्पताल पुर्‍याइएको थियो। उपचार हुँदाहुँदै दश बजेर ३५ मिनेट जाँदा जोशीको अस्पतालमै मृत्यु भयो। हिरासतभित्र जोशी लडेको र झ्यालमा राखिएको शिशाको ग्लासले काटिएर उनी घाइते भएको कुरा प्रहरीले बतायो। स्मरणीय के छ भने बेलुका सवा नौ बजे आकस्मिक केश दर्ता गरी जोशीले रक्सी खाएको प्रमाणित गराइ सही गराउन खोज्दा प्रहरी र जोशी बीच भनाभन भएको थियो। उनलाई पहिलो पल्ट अस्पताल पुर्‍याइएको बेला अस्पतालकै एक कर्मचारीका छोरा किरण अधिकारीले जोशीमाथि कुटपिट गरेका थिए। प्रहरीको कब्जाभित्र रहेको व्यक्तिमाथि आक्रमण हुँदा प्रहरी मौन रहनु आश्चर्यको विषय हो।

जोशीको यो अस्वाभाविक र अप्रत्यासित मृत्युपछि प्रहरीले उनको परिवारलाई औपचारिक खबरसम्म गरेन। उनको मृत्यु भएको हल्ला सुनेर आफन्तहरू अस्पताल पुग्दा लाश बेवारिसे अवस्थामा लडिरहेको थियो। घटनाको जानकारी लिन राती १ बजे हिरासतमा पुगेका भरतपुर नगरपालिकाका उपमेयर जगन्नाथ पौड्याल, बलराम जोशी, उदयमान श्रेष्ठ आदिलाई प्रहरीले शिशाको ग्लासले काटेर जोशीको मृत्यु भएको बतायो। तर जोशी लडेर कोठाभित्र छरिए भनिएका शिशाका टुक्रा र रगतको दाग धोइपखाली गरेको कुरा प्रहरीले उनीहरूलाई बताएको थियो।

जोशीको शव परीक्षणमा संलग्न एक डाक्टरले इन्सेक र सिभिक्टबाट गएको मानवअधिकार टोलीलाई बताए अनुसार जोशीको मृत्यु धारिलो हतियारले भुँडी खोप्री नेरको नशा काटिएपछि अत्याधिक रक्तश्रावका कारण भएको थियो। तर सो ठाउँमा शिशाको टुक्रा कसरी एक इन्च भन्दा गहिरो गरेर गाडियो, सो भने अझै पत्ता लागेको छैन।



मोतिलाल बोहराले प्राचीसंगको कुराकानीमा इन्सपेक्टर प्रजापति सो दिन आफूसँगै राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा प्रहरी दिवसको अवसरमा आयोजित कार्यक्रममा रहनु भएको कुरा बताउनु भएको छ। इन्सपेक्टर प्रजापति स्वयंले प्राचीलाई आफू पानीपोखरीमा ड्युटीमा रहेको बताउनु भएको छ। गौशाला प्रहरी कार्यालयका सहायक निरीक्षक दीपक खड्काले पनि इन्सपेक्टर प्रजापति पानीपोखरीमा नै ड्युटीमा रहनु भएको थियो भन्ने दावी प्राचीसंग गर्नुहुन्छ। तर मध्यक्षेत्र प्रहरी कार्यालयका डि.आई.जी. कृष्णमोहन श्रेष्ठले कार्तिक १६ गते आयोजना गर्नु भएको पत्रकार सम्मेलनमा "असोज ३० गते गोपीकृष्ण हलसामु दर्पण बर्मा पल्टिएको खबर गौशाला वडा प्रहरीमा प्राप्त भएपछि इन्सपेक्टर हरिभक्त प्रजापतिको निर्देशनमा दुई प्रहरी जवान ट्क्यासी लिएर जान लागेको र स्थानीय केटो जीवन लामा पनि जान खोजेकोले उसलाई समेत लिएर गएको र

## भोलि अरुका छोराछोरी पनि मर्न सक्छन्

**ध्रुवबहादुर बर्मा, मृतकका पिता**



अस्पतालबाट "तपाईको छोरा सिरियस छ" भन्ने टेलिफोन आएपछि बल्ल मैले थाहा पाएँ। त्यो भन्दा अघिको घटनाबारे मलाई जानकारी थिएन। अनि म वीर अस्पताल गएँ। त्यहाँ पुगेर सोधखोज गर्दा "मेरो छोराको लाश" मुर्दा घरमा रहेछ। डाक्टरहरूसंग बुझ्दा मरेको अवस्थामा नै ल्याएको भने। त्यहा लाश बुझाउन भक्तबहादुर भण्डारी भन्ने प्रहरी आएर इमरजेन्सीमा लाश छाडी भागेको भन्नेसम्म थाहा भयो।

दर्पण दिउँसो ११-१२ बजेतिर घरबाट हिंडेको थियो। त्यसपछि फेरी ऊसंग भेट भएन। अस्पतालमा मृत अवस्थामा मुख हेरें। प्रहरीले त आजसम्म हामीलाई "ऊ कहाँ छ?" भन्यो वा जिउँदै छ? भन्ने पनि खबर गरेको छैन। पचासौं जना मान्छेले मलाई भनेअनुसार दिउँसो साढे दुई बजे प्रहरीले उसलाई लगेका थिए। तर पौने ६ बजे लाश अस्पतालमा पुर्‍याइएका थियो। हामीले त्यहाँ लाशको फोटो खिचायौं। उसको देब्रे हात भाँचिएको थियो। पेटी उल्टो भएको र जुत्तै पनि छड्के लगाएकोमा सिधा परेको थियो। शरीरभरी निलडाम थिए। कान नजिकै फलामे सुइरोले घोचे जस्तो गहिरो प्वाल परेको थियो।

पुलिसले कुरा बदलिरहेको छ। यो घटनाभन्दा १ महिना अगाडि पनि तारागाउँ अगाडि दर्पण र उसका साथीहरूले ४४३३ नम्बरको मिनिबसमा ढुंगा हानेर शिशा फुटेको थियो। त्यसको क्षतिपूर्ति भनी इन्सपेक्टर प्रजापतिले ४४ हजार रुपैयाको बिल तिर्न भनी मलाई दिएको थियो। तर मैले सबै दिइनँ। आठ हजार रूपैयाँ लिएर गएको थियो। त्यतिबेला पनि उसलाई पक्राउ गरी कुटपिट गर्दा बेहोस भएर असोज ६ गते अस्पताल लगी उपचार गराएको थियो। बिनाकारण इन्सपेक्टर उसलाई खोज्न आइरहन्थ्यो। दर्पणलाई त ऊ तँ "मेरै हातबाट मर्लास्" भनेर बारम्बार भनिरहन्थ्यो। उसले यस भेगका अरू ११ जना केटाहरूलाई पनि मार्छु भनेर लिष्ट बनाएको थियो। त्यसमा अब एक नम्बरमा समीर श्रेष्ठ, दोस्रो हेम राई र तेस्रोमा कुर्पा लामा रहेको सुनिएको छ।

अस्पतालमा भोलिपल्ट थुप्रै मान्छेहरू जम्मा भए। त्यहाँ प्रहरीका ६ वटा भ्यान पनि आएका थिए। प्रहरी ज्यादतीको विरोधमा अस्पतालमा नाराबाजी पनि भयो। प्रहरीले विद्या नाम गरेकी एक महिलालाई समेत कुट्यो। अर्को दिन लाशको पोष्टमार्टम भयो। बेलुका ४ बजेतिर हामीले लाश बुझेर नारा लगाउँदै गौशालातिर लिएर आयौं। अनि फुलपातिको अघिल्लो दिन दाहसंस्कार गरियो।

म विद्युत प्राधिकरणमा काम गर्छु। हाम्रो परिवारका कोही पनि सदस्य कुनै पनि पार्टीप्रति वफादार भएर लागेको भन्ने मलाई थाहा छैन। दर्पण पनि आजसम्म कुनै पनि राजनीतिक पार्टी संगठनको सदस्य थिएन। स्वयं दर्पणलाई समेत थाहा नभएको कुरालाई कसरी नेविसंघको कार्यकर्ता भनी रेडियोले प्रचार गर्‍यो? त्यो कुरा सुनेर नै म आश्चर्य चकित भएका छु। म तपाई मार्फत प्रष्ट पार्न चाहान्छु- "ऊ आजसम्म कुनै पनि पार्टी वा संगठनमा लागेको थिएन। रेडियोले फैलाएको भ्रममा कोही नपर्नु भए हुन्छ।"

प्रहरीलाई छानवीन गर्न उजुरी दिन गएको प्रहरीले "प्रहरीको विरुद्ध उजुरी लिन नमिल्ने" भनी फर्काइदियो। सिडिओ कार्यालयले पनि उजुरी लिएन। त्यसपछि मैले दुवै निकायलाई हुलाकबाट उजुरी पठाएको छु। गृहमन्त्रीलाई भेटेर कुरा गरेपछि "छानवीन आयोग बनाइदिनु" भन्ने तोक लगाइदिनु भएको छ। त्यो छानवीन आयोगले सत्य तथ्य कुरा छानवीन गरी दोषीले सजाय पाउने प्रतिवेदन दिनेछ भन्ने आशा मैले गरेको छु। मलाई "बुढी मरी भन्ने होइन, काल पल्क्यो" भनेर चिन्ता लागेको छ। आज मेरो छोरालाई प्रहरीले पानी समेत खान नदिई कुटेर मार्‍यो, भोलि

जोशीको मृत्यु प्रहरी हिरासतमा गरिएको दूर्व्यवहार र यातनाको कारण भएको हुन सक्ने आशंका गर्न सकिने केही आधारहरू घटना प्रकृतिले देखाउँछ। तर यो कुराको पुष्टि र सवुद केही फेला परेनन्। यातनाको आशंकाले आम जनसमुदायलाई अत्यन्त आक्रोसित बनाएको र दुई दिनसम्म भरतपुर एकदमै तनावग्रस्त बनेको थियो। जोशीको शव दाहसंस्कारको निम्ति नारायणी नदीतर्फ लैजाने क्रममा आक्रोशित भीडले पुल्चोक स्थित प्रहरी चौकी र ट्राफिक कार्यालयमा आक्रमण गरी भवनहरू क्षतिग्रस्त बनाएको थियो र त्यसै क्रममा प्रहरीले ३ राउण्ड हवाइ फायर र ३० सेल अश्रुग्याँसको समेत प्रयोग गरेको थियो।

रूपन्देही इलाका वन कार्यालय शितलनगरको हिरासतमा रहेका देवदह गाविस वडा नं. २ का ४१ वर्षीय पूर्णबहादुर हमालको ०५३ असोज १२ गते मृत्यु भयो। खिम्ती जलविद्युत आयोजनामा कार्यरत हमाललाई ०५३ असोज ८ गते काठ चोरीको अभियोगमा वन कर्मचारीले घरैबाट पक्राउ गरेका थिए। शारीरिक रूपमा तन्दुरूस्त देखिने हमाललाई उनकी छोरी रेमकला हमालले अघिल्लो दिन साँझ ६.३० बजे हिरासतमै खाना पुऱ्याइ खुवाएर फर्किएकी थिइन्। असोज १२ गते विहान तन्दुरूस्त रूपमा हमालले वन कार्यालयको नजिक रहेको धारामा गई हातमुख धोएको बताइन्छ। विहान दश बजे स्थानीय लोकल जीपमा राखेर हमालको लाश लुम्बिनी अंचल अस्पताल पुऱ्याइएको थियो। उनको दाहिने हात भाँचिएको, छातिको दायाँ भाग र बायाँ कुम सुन्निएको, शरीरभरी डोरीले बाँधेजस्तो दाग तथा निलडाम रहेको कुरा प्रत्यक्षदर्शीहरू बताउँछन्। लाशको प्रकृति हेर्दा हिरासतमा उनीमाथि गरिएको अमानुषिक यातनाकै कारण मृत्यु भएको हो भन्ने कुराको पुष्टि हुन्छ।

काठमाडौं नक्साल स्थित चारढुंगेमा टेलरिङ पसल संचालन गरेर बसेका २९ वर्षीय दीपक पराजुलीलाई डकैतीको अभियोगमा ०५३ भदौ २० गते प्रहरीले पक्राउ गरेको थियो। हनुमानढोका हिरासतमा रहेका पराजुलीलाई सञ्चो छैन भनी असोज २ गते विहान पराजुलीको परिवारलाई प्रहरीले खबर गरेको र परिवारका मानिस भेट्न जाँदा उनलाई वीर अस्पताल लगिसकिएको थियो। साधारण स्वास्थ्य परीक्षणपछि विहान पौने बाह्र बजे पुनः हिरासतमा फर्काइयो। त्यो बेलासम्म पराजुली तन्दुरूस्त थिए र हिरासत भित्र पस्दा स्वस्थ मानिसकोभैं कसैको सहयोग विना हिडेरै गएको बताइन्छ। त्यसको केही समयपछि अर्थात् सवा एक बजे पराजुलीलाई हिरासतबाट वीर अस्पतालको आकस्मिक कक्षमा पुऱ्याइयो। तत्कालै उनको मृत्यु भयो। प्रहरीले उनीमाथि यातनापूर्ण व्यवहार नगरेको दावी गरेतापनि लाशको प्रकृति हेर्दा के देखिन्थ्यो भने निधारमा सानो प्वाल परेको घाउ, जिउ भरी निलडाम र मृत्यु भएको २४ घण्टासम्म नाक, कान तथा मुखबाट रगत बगिरहेको थियो।

## गिरफ्तार अवस्थामा मानिसहरु यसरी मारिए

रोल्पा मिरूल गाविस वडा नं. ५ का ३३ वर्षीय मुलमान बुढालाई ०५२ चैत १४ गते प्रहरीले घरैबाट पक्राउ गरेको थियो। गिरफ्तार अवस्थामै भोलिपल्ट अर्थात ०५२*चैत १५ गते राती ३ बजे मिरूलको वनमा उनलाई गोली हानी हत्या गरियो। गोली प्रहार गर्नुपूर्व मुलमान बुढालाई प्रहरीले निर्घातसंग कुटपिट गरेको थियो। संयुक्त जनमोर्चा समर्थक मुलमान बुढालाई माओवादी जनयुद्धमा संलग्न भएको आशंका प्रहरीले गरेको र घरैमा गई पक्राउ गरेको थियो। हत्यापछि उनका आफन्त र पत्नीलाई बोलाई उनीहरूको उपस्थितिमा प्रहरी स्वयंले दाहसंस्कार गरेको बताइन्छ। मृतकको शरीरमा प्रशस्त निलडाम र चोटहरू देखिएको कुरा आफन्तहरू बताउँछन्।

रोल्पा जिल्ला खुङ्ग्री गाविस वडा नं. ३ का ३० वर्षीय विनबहादुर परियारको ०५२ चैत १९ गते राती १ बजे प्रहरी चौकी खुङ्ग्रीमा प्रहरीद्वारा





*दर्पण वर्मा : क्रमशः जीवित र मृत अवस्थामा*

बर्मालाई वडा प्रहरी कार्यालय गौशालामा लगिएको विवरण दिनु भएको थियो। उहाँले इन्सपेक्टर प्रजापतिलाई हाल कुनै क्षेत्रमा नखटाइएको कुरा पनि पत्रकार सम्मेलनमा बताउनु भएको थियो। त्यो विवरण सरासर गलत रहेको कुरा प्रजापति प्रहरी प्रधान कार्यालयमा कार्यरत रहेको तथ्यले प्रष्ट्याउँछ।

यस अघि कार्तिक १३ गते मध्यक्षेत्र प्रहरी कार्यालयका निमित्त डि.आई.जी. सहवीर थापाले पनि एक पत्रकार सम्मेलन आयोजना गर्नु भएको थियो। उहाँले दिनुभएको विवरण र अन्य प्रहरी अधिकारीहरूले दिएको विवरण पनि फरक रहेको पाइएको छ। प्रहरीले "इन्सपेक्टर प्रजापति कहाँ थिए" र के घटना भएको थियो भन्ने विवरण दिंदा देखिएको अलग-अलग भनाइले बहानावाजी गरेर हिरासतको मृत्युलाई ढाकछोप गर्न खोजिएको प्रष्ट देखिन्छ- चावहिलका बासिन्दाहरू र मृतकका परिवार अहिले यसो भन्न थालेका छन्। प्रहरीले बताए जस्तो असोज ३० गते साढे ४ बजे फेरि अर्को झगडा भएको र दर्पण बर्मा अचेत अवस्थामा फेला परेको कुराको स्थानीय जनता तथा प्रत्यक्षदर्शीहरू एकजनाबाट पनि पुष्टि हुन सकेन। बरू सबैको एउटै प्रश्न थियो- साढे दुई बजे राम्रो अवस्थामा पक्राउ गरेर बर्मालाई लगेपछि पौने छ बजे मृत अवस्थामा अस्पतालमा भक्तबहादुर भण्डारी भन्ने प्रहरीले लगेर बुझाएको देखिन्छ। वीचको अवधिभर उनलाई हिरासतमा लगेर कुटपिट गरेर नमारे कहाँ लगियो?

मृतक बर्माको शव हेर्दा उनले लगाएको जिन्स पाइन्ट धुजा-धुजा भएको देखिन्थ्यो। घुँडामा ठूलो घाउ लागेको थियो। शरीरको पछाडि पट्टि बुटले हिर्काएका असंख्य निलडामहरू देखिन्थे। टाउकोमा रहेको कपाल आधामात्र बाँकी थियो, आधा उखेलिएको थियो। उखेलिएका कपालका जराहरूबाट रगत आएको थियो। वायाँ हात भाँचिएको र कानको पछाडि पट्टि लामो फलामे सुइरोले रोपेको जस्तो डरलाग्दो घाउ देखिन्थ्यो। घाँटीमा पेटीको डाम थियो र कम्मरमा लगाएको पेटी उल्टो पारेर लगाइएको थियो। जनै पनि छड्के नभएर सिधा भएको थियो। लाशको यस्तो प्रकृति देख्दा प्रहरी हिरासतमा नै यातना दिइएकोले गर्दा मृत्यु हुन गएको कुरालाई पत्याउन गाह्रो पर्दैन। हिरासतको प्रहरी यातना भोग्नेहरू लाशको अवस्था हेर्दा दुई पक्षको भिडन्तमा त्यस खाले निलडामहरू लाग्न नसक्ने दावी गर्दछन्। हुल दंगा र गुण्डागर्दीमा त छुरा, चुप्पी वा खुकुरी प्रहारको संभावना मात्र हुन्छ र मृत्यु भए पनि त्यस्तै कारणबाट हुन जान्छ, शरीर भरी बुटका निलडाम हुँदैनन्, वीर अस्पतालमा एकजना स्थानीय बासिन्दाले कार्तिक १ गते लाश पल्टाउँदै निलडामहरू देखाएर प्राचीलाई बताए।

परिवारका सदस्यले दर्पण आनन्दभूमि इंगलिश स्कूल मैतिदेवीमा कक्षा ९ मा अध्ययन गरिरहेको बताए तापनि बास्तविकता त्यस्तो रहेको पाइदैन। दर्पणले कक्षा ७ र ८ त्यहाँ पढेको र ९ कक्षाको प्रथम त्रैमासिक परीक्षामा सामेल भई ०५२ साल जेठदेखि स्कूल छोडेको कुरा स्कूलका संस्थापक प्रिन्सिपल भोजबहादुर शाहले प्राचीलाई बताउनु भयो। शाहको भनाई थियो- "स्कूलभित्रको रेकर्डमा विद्यार्थी खराव थिएन। तर कक्षा ९ पास हुन नसक्ने

## सुरक्षा केन्द्रमा असुरक्षित जीवन

पेस्तोल प्रहार गरी हत्या गरियो। परियार सामान्य कृषक हुन्। प्रहरी चौकीका असई पर्मानन्द जोशीले परियारसंग केही दिन अघि बोका किन्न आफूले भनेको मूल्यमा नदिएको निहुँमा अघिल्लो दिन पक्राउ गरी प्रहरी चौकीमा ल्याइएको थियो। हिरासतभित्र निर्मम यातना दिई अधमरो अवस्था भएपछि असई स्वयंद्वारा राती १ बजे हिरासतबाट बाहिर ल्याई प्रहरी चौकीको आँगनमा पेस्तोलको गोली प्रहार गरी उनको हत्या गरियो। पक्राउ गरी चौकीमा लगेको मानिस चौकीमै मारियो भन्ने कुरा थाहा पाएपछि आम जनसमुदाय भोलिपल्ट विहानैदेखि चौकी घेराउ गर्न जम्मा भए। विहान ९ बजेदेखि साँझ ४ बजेसम्मको घेराउ पछि प्र.जि.अ. र डि.एस.पी. उपस्थित भएर दोषी प्रहरीलाई कार्वाही गर्ने तथा मृतकको परिवारलाई क्षतिपूर्ति दिलाउने आश्वासन दिएका थिए।

रोल्पा, तेवाङ गाविस वडा नं. ४ का २९ वर्षीय भक्तबहादुर सुनारलाई ०५३ साउन १० गते प्रहरीले घरैबाट पक्राउगरी सदरमुकाम लिवाङ लगेको थियो। माओवादी जनयुद्धमा संलग्न भएको अरोप लगाई पक्राउ गरिएका सुनारलाई प्रहरी हिरासतमा निर्मम र अमानवीय यातना दिइयो। त्यो नृशंस यातनाकै कारण प्रहरी हिरासतमै ०५३ साउन ११ गते सुनारको मृत्यु भयो। उनको मृत्यु पछि प्रहरीले उनका आफन्तहरूलाई समेत कुनै जानकारी नदिई राती नै लाश जलाएका थिए। भोलिपल्ट १२ गते मिफिङ गाविस वडा नं. ४ जुतुङ खोलामा प्रहरी र माओवादी वीच भएको भनिएको कथित भिडन्तमा परी सुनार मरेको प्रचार प्रहरीद्वारा गरियो।

रोल्पा, उवा गाविस वडा नं. ४ पुसवाङका २० वर्षीय इमानसिंह रोका केही समय अघिदेखि रूपन्देहीको भवानीपुर बसेर रोल्पामा उत्पादित भाङ्ग्रो कपडाको व्यापार गर्दथे। उनी अगाडिको एउटा मुद्दाको तारिकमा उपस्थित हुन सदरमुकाम लिवाङ स्थित जिल्ला अदालत पुगेका थिए। यो कुरा थियो ०५२ चैत ११ गते दिउँसो ३ बजेको। उनलाई अदालतको प्रांगणबाटै प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालयको हिरासत पुऱ्यायो। हिरासतमा त्यसै रातबाट निर्मम यातना दिइयो। चरम यातनाको मारबाट ०५२ चैत १२ गते राती ३ बजे इमानसिंह रोकाको मृत्यु हिरासतमै भयो। भोलिपल्ट उनको विदीर्ण लाश मोटरमा राखेर दाङको लमही पुऱ्याइयो। रोकाकी पत्नीलाई भवानीपुरबाट त्यहीं लगियो र मेरो पति जण्डिसका रोगी थिए, जण्डिसकै कारण मरेका हुन् भन्ने कागज गराई लाश बुझाउन खोज्दा नमानेकोमा पत्नीलाई समेत प्रहरीले कुटपिट गरेका थिए। रोकाको शरीर बेसरी सुन्निएको, शरीरका विभिन्न भागमा चोट र निलडामहरू देखिन्थे। तर प्रहरीले पोष्टमार्टमको नाटक रची डाक्टरद्वारा जण्डिस रोगकै कारण उनको मृत्यु भएको हो भन्ने रिपोर्ट तयार पारेको समेत बताइन्छ। रोकाको साथमा रहेको ३० हजार रूपैयाँ नगद र एक तोला सुन समेत प्रहरीले हिरासतमै लुटेको बताइन्छ।

रोल्पा गैरीगाउँ गाविस वडा नं. ९ राम्नीका ३० वर्षीय चोपबहादुर डाँगी र दाङ तुलसीपुर नगरपालिका वडा नं. १ का २१ वर्षीय गणेश भन्ने ज्ञानेन्द्र गिरीलाई माओवादी जनयुद्धमा संलग्न भएको आरोपमा ०५२ चैत १२ गते राती १२ बजे नुवागाउँबाट प्रहरीले पक्राउ गरेको थियो। उनीहरू दुवै जनालाई होलेरी प्रहरी चौकीमा लगी भयंकर यातना दिइयो। निर्घातसंग गरिएको कुटपिटकाकारण मरणासन्न अवस्थामा पुगेपछि होलेरी चौकीबाट उनीहरूलाई भोलिपल्ट १३ गते राती अन्यत्र लैजान हिंडाइयो। दुविडाँडा गाविस वडा नं. ४ र ५ को सिमानामा पर्ने जसपुर कागपानी पुग्दा रातको ३ बजेको थियो। त्यहीं कागपानीमा प्रहरीद्वारा यातनाबाट अधमरो भइसकेका डाँगी र गिरी दुवैजनालाई गोली हानी हत्या गरियो। हत्यापछि प्रहरी स्वयंले दुवै लाश जलाएका थिए।

सिन्धुलीका ३३ वर्षीय टीका देवकोटा र २६ वर्षीय ज्ञानेन्द्र देवकोटालाई प्रहरीको एक टोलीले ०५३ वैशाख २५ गते विहान ५ बजेतिर

## राजधानीको मुटुमै हिरासतमा मृत्यु

देखिएकोले खराव केटाहरूको संगत छुटाएर सुधार्नका लागि बरू दार्जीलिङतिर पठाउन अभिभावकलाई सल्लाह दिएको थिएँ। हाम्रो स्कूल छाडेका कारण १६ महिनाको अवधिमा उसमा कस्तो प्रवृत्ति र आचरण विकास भएको थियो? त्यो चाहि मलाई थाहा छैन।" इन्सपेक्टर हरिभक्त प्रजापति चाहि दर्पणले लागु औषधको सेवन गर्ने र समूहमा गुण्डागर्दी गर्ने गरेको बताउनु हुन्छ। गौशाला प्रहरी कहाँ दर्पण बर्माका विरुद्ध विभिन्न तीनवटा उजुरी परेको र बौद्धमा समेत एउटा उजुरी परेको देखिन्छ। दर्पण बर्माको विरुद्ध परेको ०५३ भदौ १० गतेको एउटा उजुरी यस्तो छ- "मेरो होटलमा दर्पण बर्मा लगायतका व्यक्तिहरू आई छुरी र वियरको शिशी देखाएर गाली बेइज्जती गरे। मेरी बुहारीमाथि हातपात गरे। र, रातभरमा ज्यान लिने धम्की समेत दिए।" यो उजुरी कानपा-६ मा होटल गरी बस्ने निमा छिरिङ शेर्पाले दिएको कुरा प्रहरी रेकर्डबाट खुल्न आउँछ।

दर्पण बर्माको मृत्युलाई चावहिलका केही राजनीतिक पक्षले आफ्नो स्वार्थसिद्ध गर्न अनावश्यक राजनीतिकरण गर्ने काम समेत गरेको हुनाले घटनाको वास्तविकता ओझेलमा पऱ्यो। मृतककी आमा कमला बर्माले गृहमन्त्री समक्ष इन्सपेक्टर हरिभक्त प्रजापति समेतका प्रहरी कर्मचारीहरूले अत्यन्त अमानवीय यातना दिई प्रहरी हिरासतमा दर्पणलाई मारेको व्यहोरा उल्लेख गरी निवेदन दिएको पाइन्छ। उक्त निवेदनमा दर्पण बर्माको मृत्यु प्रहरीको कुटाइबाटै भएको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय हनुमान ढोकामा जाहेरी दरखास्त दिन जाँदा सो कार्यालयका प्रहरी कर्मचारीहरूले "प्रहरी विरूद्धको उजुरी हामी लिदैनौं" भनी उल्टो धाकधम्की देखाई जाहेरी दरखास्त दर्ता नगरेको र दरपीठ पनि नगरी अपमानित ढंगले फर्काएका थिए। उक्त कुरा समेत उल्लेख गर्दै इन्सपेक्टर प्रजापति समेतका व्यक्तिहरूलाई आवश्यक कारवाही र सजाय समेत गर्नुपर्ने माग पनि निवेदनमा गरिएको छ। मृतकका पिता ध्रुवबहादुर बर्माले हुलाक मार्फत कार्तिक १५ गते जिल्ला प्रहरी कार्यालय हनुमान ढोका र जिल्ला प्रशासन कार्यालय बबरमहलमा यस सम्बन्धी छुट्टाछुट्टै जाहेरी दरखास्त पठाइएको छ। हाल यस सम्बन्धी मुद्दा सर्वोच्च अदालतमा चलिरहेको छ। मृतकका पिता ध्रुवबहादुर बर्माले रिट निवेदन दिनु भएको छ। तर मुद्दाको अहिलेसम्म पेशी भएको छैन। मुद्दामा इन्सपेक्टर हरिभक्त प्रजापति, स.ई. दीपक खड्का र जवान भक्तबहादुर भण्डारीलाई प्रतिवादी बनाइएको छ।

अघिल्लो दशैंमा टीका र जमरा थाप्दै गरेको दर्पण बर्माको फोटो नै यसपटक उनका परिवारले हेरेर चित्त बुझाए। दशैंको मुखमा यसरी प्रहरीको निशंस यातनाबाट एउटा किशोरको मृत्यु हुनुले प्रहरी प्रतिको जनताको धारणा झन् नकारात्मक हुन गएको छ। अझ घटनालाई गलत व्याख्या गरेर प्रहरीले दर्पण बर्मालाई हिरासतमा लिदै नलिएको दावी गर्दा सबै आश्चर्य चकित भएका छन्। दर्पण बर्माको मृत्यु हुल्याहा समूहको झै-झगडाबाट भएको हो भने प्रहरी किन भिन्न-भिन्न विवरण प्रस्तुत गरिरहेको छ? इन्सपेक्टर प्रजापतिको सम्बन्धमा दिइएको विवरण किन बाझिएको छ? प्रहरीले घटनाका प्रत्यक्षदर्शीहरूलाई पक्राउ गरी किन गलत बयान गराएर आफ्नो प्रमाण बनाउँदै छ? र पक्राउ गर्न नसकिरहेका व्यक्तिहरूलाई निर्दोष हुँदा-हुँदै पनि किन निरन्तर खोजिरहेको छ? प्रहरी हिरासतमा मृत्यु भएको होइन भने इन्सपेक्टर हरिभक्त प्रजापतिलाई किन अन्यन्त्र काजमा खटाइएको हो? स्वभाविक मृत्यु भएको थियो भने घटनाको भोलिपल्ट उभिएर वीर अस्पतालमा किन ४-५ भ्यान प्रहरी तैनाथ गरी लाठी चार्ज समेत गरियो? पीडित परिवारले दिएको जाहेरी किन प्रहरी विरूद्धको उजुरी नलिने भन्दै दर्ता गर्न अस्वीकार गरियो? यी यस्ता प्रश्नहरू हुन् जसले दर्पण बर्माको मृत्यु प्रहरी हिरासतमै भएको कुरालाई पुष्टि गर्न आधार प्रदान गर्दछन्। तर इन्सपेक्टर प्रजापतिको कुटपिटबाट नै मृत्यु भएको भन्ने कुरा चाहिं प्राप्त विवरणहरूबाट प्रष्ट रूपमा खुल्दैन। हिरासतमा क-कसले कुटपिट गरे भन्ने कुरा छानवीनकै विषय बन्न पुगेको छ।

घरैबाट पक्राउ गऱ्यो। उनीहरू राती खेतमा पानी लगाएर अबेर घर फर्की सुतिरहेका थिए। प्रहरीले दुवैजनालाई हात पछाडि लगी डोरीले बाँधेर भद्रकाली गाविस वडा नं. ४ अन्तरगत हातीगौंडा पुऱ्यायो। ३५ जना प्रहरी रहेको उक्त टोलीले दुवै दाजु भाइलाई बाटोमा नराम्रोसंग कुटपिट गरेको थियो। हाती गौडा नजिकको पसलमा पुग्दा दुवै जना रगताम्मे भइसकेका थिए। हातीगौंडा पार गरेको ५ मिनेट पछि दुई राउण्ड बन्दुक पड्केको आवाज केही मानिसहरूले सुने। त्यहींको ढुंगामाथि बसाएर देवकोटा दाजुभाइलाई गोली प्रहार गरिएको थियो। प्रहरीले दुवै लाश निकृष्टतापूर्वक घिसार्दै सोही दिन सदरमुकाम पुऱ्याएका थिए। सिन्धुलीमा प्रहरीले नागरिक पक्राउ गरी गिरफ्तार अवस्थामा नै हत्या गरेको यो दोस्रो घटना थियो। यस अघि पंचायती कालमा ०३७ साल फागुन १२ गते ऋषिराज देवकोटालाई पनि प्रहरीले पक्राउ गरी निर्मम यातना दिँदै हत्या गरेको थियो।

जाजरकोट, सवला गाविस वडा नं. ४ का मानवहादुर वली र सवला गाविस वडा नं. ४ का मानवहादुर रावत लगायत ६ जना नागरिकलाई ०५२ फागुन १५ गते आफ्नै घरबाट प्रहरीले पक्राउ गरेको थियो। माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा पक्राउ गरी हातमा हत्कडी लगाएर सदर मुकाम खलंगा तर्फ लगिरहेको अवस्थामा लहँ गाविस वडा नं. ३ गैरेनी भीर पुगेपछि अरू ४ जनालाई अगाडि लगी दुई जना मानबहादुर वली र मानवबहादुर रावतलाई भने प्रहरीले भीरबाट धकेलेर मारेका थिए। उनीहरू दुवै जनाको लाश फेला परेको छैन। तर प्रहरी भने भाग्न खोज्दा लडेर उनीहरूको मृत्यु भएको कुरा बताउँछ।

**जसको मृत्यु प्रहरी यातनाकै कारण भएको हो**

दाङ हलवार गाविस वडा नं. ४ का तेजबहादुर खड्काले रक्सी खाएर नाङ्गो खुकुरी हातमा लिई काट्छु मार्छु भन्दै हिडेका बेला स्थानीय भानुप्रताप सिंह चौधरी लगायतका गाउँलेहरू मिलेर खुकुरी खोसी आवश्यक कारवाहीका निम्ति प्रहरी चौकीमा खुकुरी सहित निवेदन दिए। यो कुरा ०५३ भदौ १२ गतेको हो। भोलिपल्ट तेजबहादुर खड्का र निवेदक गाउँलेहरू पुनः प्रहरी चौकीमा जम्मा भए। निवेदनकै सिलसिलामा कुराकानी हुँदा १७ वर्षीय भानुप्रताप सिंह र प्रहरी चौकी खाद्रेका असई अशोक झाको बीचमा सामान्य भनाभन भएको थियो। त्यसैबीच भानुप्रतापलाई असई झाले चौकीमै निर्घातसंग कुटपिट गरे। लाठी र बुटले हात खुट्टा, छाती र पेटमा नराम्रोसंग पिट्न थालेपछि प्रतिकार गर्ने जो कोहीलाई असई झाले उल्टै धम्की दिएको बताइन्छ। यो निर्मम कुटपिटका बाबजुद समस्या मिलापत्रमा टुंगियो र साँझ सबै घर फर्के।

उक्त असईको ज्यादतीपूर्ण कुटपिटका कारण भानुप्रतापको अवस्था त्यही बेलुकादेखि चिन्ताजनक रहेको थियो। उपचारको निम्ति १५ गते बिहानै बोकेर तुलसीपुर लगियो। तुलसीपुरमा औषधि उपचार गराई फर्केर घर आइपुग्दा नपुग्दै भदौ १५ गते साँझ भानुप्रतापको मृत्यु भयो। उनको मृत्यु हिरासतमा भएको हैन तर प्रहरीको निर्मम कुटपिटको कारण मृत्यु भएको कुरा गैरसरकारी स्तरमा गठित छानवीन आयोगका संयोजक नारायणप्रसाद शर्माद्वारा ०५३।७।१ मा सार्वजनिक गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ। उक्त आयोगले आफ्नो छानवीनको क्रममा स्थानीय जनता, विभिन्न दलका नेता, जनप्रतिनिधि, पीडित परिवार र खाद्रे प्रहरी चौकीका प्रहरीहरूसंग समेत व्यापक सोधपुछ गरेको र धेरैजसोले भानु चौधरीको मृत्यु असई झाकै पिटाइका कारण भएको बताएको कुरा आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ। प्रतिवेदनको निचोडमा निरंकुश व्यवहार प्रदर्शित गरी चौधरीको हत्या गर्ने सम्बन्धित प्रहरी असईलाई आवश्यक कार्वाही गर्ने माग गरिएको छ।

सिन्धुपाल्चोक ठोकर्पा गाविस वडा नं. ९ तिब्रेका २८ वर्षीय भरत

## कसको कुटपिटबाट भयो त उसको मृत्यु ?

रमेश रेग्मी, अध्यक्ष कानमपा-७



- त्यो घटनाबारे जानकारी पाएपछि मैले स्थानीय मानिसहरूलाई पनि भेटें। घटनाका प्रत्यक्षदर्शीहरूको भनाइअनुसार करीब ३ बजेतिर दर्पणलाई गोपिकृष्ण हलको मूल गेटबाट प्रहरीले समातेको हो। प्रहरीले त्यहाँ पनि उसलाई कुटपिट गऱ्यो। तर त्यहाँ ऊ सामान्य अवस्थामा नै थियो। त्यसपछि एकैचोटी साढे पाँच बजे उसको मृत शरीर हस्पिटलमा लगियो। यो घटनाले त ३ बजेदेखि साढे ५ बजेसम्मको बीचको समयमा नै उसको मृत्यु भएको कुरा पुष्टि हुन्छ। त्यो अवधिभर ऊ प्रहरीको कब्जामा थियो। एउटा बलियो, तन्दुरुस्त र भरखर १७ वर्ष लागेको युवकलाई प्रहरीले समातेर लगेको हो, प्रहरीको कब्जामा रहेको बेला निर्घात कुटाइले उसको मृत्यु भयो भने त्यसको जिम्मेवार को हुने?

- म उसलाई राम्ररी नै चिन्दथें। तर त्यति घनिष्ट सम्बन्ध चाहिं थिएन। मैले उसका समकालीन साथीहरूसंग बुझ्दा आवश्यक परेको बेला ऊ सबैलाई मद्दत गर्ने स्वभावको थियो भन्ने सुनें। ऊ गुण्डागर्दीमा संलग्न भएको र गुण्डागर्दी गर्दै हिंडेको मलाई थाहा छैन। साधारण तथा युवा अवस्थाको मान्छे भएको हुनाले सामान्य खालका झै-झगडाहरूमा संलग्न हुन सक्छ। उसले त्यस्ता सामान्य झै-झगडा पनि गर्दैनथ्यो भनेर म भन्न सक्तिनं। किनभने उसके परिवारका सदस्यले बताए अनुसार पहिले पनि उसलाई प्रहरीले समातेर लगेको थियो। त्यो बेला प्रहरीले उसलाई नराम्रोसंग पिटेर बेहोस अवस्थामा अस्पताल पुऱ्याई उपचार गराएको थियो भन्ने पनि बुझियो। तर जुन दिन ऊ मारियो, त्यो दिन हल नजिक रहेको मेरो टोलको साथीको होटलको मेचमा एकदम शान्तसंग बसिरहेको थियो भनेर देख्नेहरूले भन्छन्। त्यसैले ऊ प्रहरी हिरासतको पिटाइले नै मरेको भन्ने देखिन्छ। अहिले यस सम्बन्धमा आयोग गठन भइसकेको छ। आयोगले सारा कुरा स्पष्टसंग पत्ता लगाएर सार्वजनिक गर्ला।

- हामीले उसको हत्या भएपछि गृहमन्त्रीलाई भेट्यौं। उहाँले हाम्रै माग अनुसार आयोग गठन गरिदिनु भयो। उसको शवको पोष्टमार्टम पनि शिक्षण अस्पतालका डाक्टरहरू समेत राखेर गरायौं। आयोग बनिसकेपछि हामी आयोगले तथ्यसंगत प्रतिवेदन ल्याओस् भनेर कुरिरहेका थियौं। तर त्यही बीचमा प्रहरीले विभिन्न गार्मेन्ट उद्योगमा काम गर्ने विदेशी, गुण्डा स्वभावका कामदारहरू र पेशेवर गुण्डा जस्ता मान्छेहरू संलग्न जुलुस निकालेर चावहिल बजारसम्म प्रदर्शन गऱ्यो। त्यसरी नागरिकको सुरक्षाको जिम्मा लिएको निकायले शक्ति प्रदर्शन गर्ने, अझ घटना घटेकै ठाउँका मान्छेहरूलाई आक्रोसित गराउने जस्तो गैरजिम्मेवार काम हाम्रो लागि सैहय भएन। त्यो दिन स्थानीय युवकहरू पनि टोलमा जम्मा भैरहेको अवस्थामा भए त्यसले भयंकर दुःखद परिणाम निम्त्याउँदथ्यो। आठ दशजना मान्छेहरू त्यहाँ मर्न र घाइते हुन सक्थे। त्यस्तो प्रदर्शन पछि हामीले त्यहि दिन राती नै विरोध कार्यक्रम र सभा गऱ्यौं। भोलिपल्ट दिउँसो १ बजेसम्म बजार बन्द गर्न आह्वान गऱ्यौं। मलाई लाग्छ जुनसुकै पक्षले गरेको बन्द भएतापनि आजसम्म भएका हरेक बन्द भन्दा त्यो दिनको बन्द शान्तिपूर्ण र सक्रिय थियो। त्यसको भोलिपल्ट फेरि हामीले २ घण्टा चावहिलमा चक्का जाम गरेका थियौ। त्यो पनि एकदम शान्तिपूर्ण रूपमा सफल भयो।

- गौशालाका प्रहरीहरू उसको हत्यामा संलग्न भएकोले शंकाको घेराभित्र थिए। त्यसैले प्रहरी कार्यालयमा नै घटनाको छानवीन हुने कुरै थिएन। त्यसैले म त्यहाँ गएर वास्तविकता बुझ्ने पट्टि लागिनँ। त्यहाँका केही प्रहरीहरूसंग कुरा कानी चाहिं नभएको होइन। प्रहरीले विनोद थापा भन्ने मान्छेलाई हत्यारा भनेर समातिरहेको छ। म अर्को छुट्टै कामको सिलसिलामा भोलिपल्ट त्यहाँ पुगेको थिएँ। त्यतिबेला कोही प्रहरीले बताए अनुसार बेलुका साढे सात बजेसम्म हत्यारा भनेर समातिएको व्यक्तिलाई दर्पण मऱ्यो भन्ने नै थाहा थिएन। उसले त मलाई किन समातिरहेको? मेरो आज कसैसंग झगडा नै भएको छैन। दर्पणको झगडा त टासी भन्ने केटासंग भएको हो। उसलाई समात्नुहोस् न भन्दै थियो अरे! विनोद थापाले दर्पणलाई मारेको भन्ने कुरा कुनै प्रहरीलाई पनि विश्वास छैन। म त भनिरहेको छु- ऊ प्रहरी हिरासतमा मऱ्यो। यो अन्याय भयो।

प्रहरीले त्यो दिन इन्सपेक्टर त्यहाँ नभएको कुरा गरेको पनि आइरहेको छ। तर त्यहाँ को थियो? कसले कुटपिट गरेर उसको मृत्यु भयो? यो कुरा त प्रहरीले बाहिर ल्याउनपऱ्यो। हामीले प्रहरी हिरासतमा दर्पणको हत्या भयो भनिरहेका छौं। यसले नै माऱ्यो भन्ने कुरा हामीले भनेका छैनौं। भोलि आयोगले यसबारे छानवीन गर्ला कि उसको मृत्यु कहाँ, कसरी भयो?

सुरक्षा केन्द्रमा असुरक्षित जीवन



*रुपन्देहीको वन कार्यालय हिरासतमा मर्ने पूर्णबहादुर हमाल*



*प्रहरी यातनाका कारण मर्ने सिन्धुपाल्चोकका कुलबहादुर*



*हिरासतमा यातनकै कारण मर्ने दाङका भानु प्रताप*

भनिने कुलबहादुर खत्रीलाई ०५३ भदौ ११ गते पक्राउ गरी ठोकर्पा प्रहरी चौकीमा ल्याइएको थियो। अंश सम्बन्धी भै झगडापछि लालबहादुर खत्रीको जाहेरीका आधारमा उनी र उनका भाइ यज्ञबहादुरलाई पक्राउ गरिएको थियो। चौकी पुऱ्याउनासाथ कुलबहादुर माथि असई भीमसेन जी.सी. ले निर्घातसंग कुटपिट गर्न थाले। उनलाई चौकीको आँगनमै खुट्टा पसार्न लगाइ तिघ्रा, कोखा र गालामा लात्ती र थप्पडले पिटियो। त्यसपछि चौकी भित्र लगियो र सिमेन्टको भुईंमा लडाई पानी खन्याउँदै र पिट्दै असईले सोधे- "अब मिलापत्रको कागजमा सही गर्छस् कि गर्दैनस्?" उजुरीवाला २५ वर्षीय लालबहादुर खत्रीको एक पक्षीय प्रभावमा परी यसरी उनीमाथि कुटपिट, धम्की र त्रासको भरमा मिलापत्रको कागजमा सही गराइयो र राती ८ बजे दुवै जनालाई हिरासतबाट मुक्त गरियो।

अमानवीय यातनाको शिकार बनेका कुलबहादुर के.सी. चौकीबाट घर फर्कँदा बाहुनगाउँसम्म त हिडेर पुगे। त्यसपछि उनी हिड्न सकेनन्, उनलाई बोकाएर घर पुऱ्याइयो। २० गतेसम्म उनी ओछ्यान परे। शिक्षक बसन्त भण्डारीको सहयोगले उनलाई २० गते चौतारा लगियो। उनको अवस्था चिन्ताजनक बन्दै गएको थियो। अधिवक्ता पुण्य खनालको सहयोगले अदालतमा केस फाराम निम्ति निवेदन दिइयो। अस्पतालमा पनि डाक्टर नभएका कारण सामान्य घाउ जाँच बाहेक अन्य उपचार हुन सकेन। उनलाई त्यहाँबाट काठमाडौं ल्याइयो। भदौ २६ गते वीर हस्पीटलको बेडमै उनको मृत्यु भयो।

कुलबहादुरको मृत्यु हिरासतभित्र नभए पनि हिरासतमा गरिएको कुटपिट तथा यातनाकै कारणले भएको हो भन्ने कुराको पुष्टी गर्ने केही आधारहरू प्राप्त भएका छन्।

उजुरी गरेर पक्राउने लालबहादुर खत्रीले कुलबहादुरलाई चौकीमा कुटपिट गरेको भोलिपल्टै अर्थात् भदौ १२ गते ठोकर्पाकै ललितबहादुर के.सी.संग "कुलबहादुर पन्ध्र दिन थलिने गरी कुटिएको छ" भनेका थिए। "यो कुरा म जहाँ भन्नु परे पनि भन्न सक्छु।" ललितबहादुर के.सी. यसो भन्छन्। ठोकर्पा प्रहरी चौकीका असई भीमसेनले पनि स्थानीय हरिश्चन्द्र न्यौपानेसंग आफूले "कुलबहादुरलाई त्यस दिन चार लाती र दुई थप्पड हिर्काएको" भनेका थिए। तर उनको त्यही "चार लात्ती र दुई थप्पड" ले कुलबहादुरको शरीरमा पुऱ्याएको शारीरिक आघात नै मृत्युको कारण बन्न पुग्यो।

## यातना सम्बन्धी क्षतिपूर्ति विधेयक

भर्खरै संसदले " थुनामा रहँदा यातना दिइएको व्यक्तिलाई क्षतिपूर्ति दिने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" पारित गरेको छ। "अनुसन्धान, तहकिकात वा पूर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिए वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरेवापत क्षतिपूर्ति दिने सम्बन्धमा व्यवस्था गर्न वान्छनीय भएको" ठहऱ्याउँदै उक्त विधेयकमा प्रष्ट भनिएको छ " अनुसन्धान, तहकिकात वा पूर्पक्षको सिलसिलामा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिनु हुँदैन।"

विधेयकको दफा ३ को उपदफा १ मा " थुनामा रहेको भन्ने शब्दले प्रचलित कानून बमोजिम हिरासतमा रहेको अवस्था" जनाउने कुरा उल्लेख गरिएको छ। विधेयकमा प्रष्ट भनिएको छ " कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोडिंदा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र त्यस्ता चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैंले निजको शारीरिक स्थितिको जाँच गरी-गराई सो को अभिलेख खडागरी राख्नु पर्नेछ।"

"यातना सम्बन्धी क्षतिपूर्ति विधेयक २०५३" मा प्रष्ट भनिएको छ- "यातना भन्नाले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनु पर्छ र सो शब्दले निजसंग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ।" यातना सम्बन्धी क्षतिपूर्ति विधेयक अनुसार यातना पीडित व्यक्तिले यातना पाएको वा थुनाबाट मुक्त भएको १५ दिन भित्र क्षतिपूर्तिको माग दावी गर्दै आफू थुनामा रहेको जिल्लाको जिल्ला अदालतमा उजुरी गर्न सक्छ।

पीडित व्यक्तिको मृत्यु भएमा वा ऊ उजुरी गर्न असमर्थ रहेमा उसको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा कानून व्यवसायीले उजुरी गर्न सक्छ। यस सम्बन्धमा विधेयकले यसरी प्रष्ट पारेको छ " थुनामा रहेका व्यक्तिलाई यातना दिएको छ भन्ने लागेमा निजको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानून व्यवसायीले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछ। यस्तो निवेदन परेकोमा अदालतले तीन दिन भित्र थुनामा रहेका व्यक्तिको शारीरिक वा मानसिक जाँच गराउन आदेश दिन सक्नेछ। यसरी जाँच गर्दा उपचार गर्नुपर्ने भएमा सरकारको तर्फबाट उपचार गराइनेछ।"

"कारवाही र क्षतिपूर्ति" का विषयमा विधेयकले उजुरीका सम्बन्धमा जिल्ला अदालतद्वारा संक्षिप्त कार्यविधि ऐन- २०२८ बमोजिम कार्यविधि अपनाइ कारवाही अघि बढाउनु पर्ने व्यवस्था गरेको छ। जस बमोजिम उजुरीको व्यहोरा ठीक ठहरेमा पीडित व्यक्तिलाई सरकारले एक लाख रूपैया सम्मको क्षतिपूर्ति भराई दिने निर्णय गर्न सक्नेछ। तर कुनै व्यक्तिले बदनियत चिताई यातना पाएको उजुरी दिएको ठहरिएमा अदालतले त्यस्तो व्यक्तिलाई पाँच हजार रूपैया सम्म जरिवाना गर्न सक्छ।

 मानवका लागि मानवअधिकार, मानवअधिकारका लागि उपयुक्त संस्कृति

# नेपालमा प्रचलित यातनाका केही तरिकाहरु

**योजनाबद्ध कुटपिट गर्ने**

- लौरो, टायर, बाँसको माटाले पैतालामा पिट्ने गरेको पाइन्छ।
- दुईतिरका कानमा एकै पटक झ्याम-झ्याम पिट्ने गरिएको पाइन्छ।
- घुँडा, पेट, गाला, छेपारी फिला र नली खुट्टामा पिट्ने गरेको पाइन्छ।
- शरीरका विभिन्न भागमा कोर्रा, बुट, बक्सिङ या मुड्कीले पिट्ने गरेको पाइन्छ।

**यौनजन्य दूर्व्यवहार गर्ने**

- बलात्कार गर्ने गरेको पाइन्छ।
- स्तन र गुप्ताङ्गमा चिमोट्ने गरेको पाइन्छ।
- गुप्ताङ्गमा लौरो धुसारी दिने गरेको पाइन्छ।
- लिङ्गमा डोरी बाँधिएर पीडा दिने गरेको पाइन्छ।
- करेन्ट, हिटर वा विजुलीको नाङ्गो तारमा पिसाब फेर्न लगाउने गरेको पाइन्छ।
- गुप्ताङ्गमा विजुलीको झड्का लगाउने गरेको पाइन्छ।

**करेन्ट लगाउने**

- कान, जिब्रो, औंलाको टुप्पा र गुप्ताङ्गहरू जस्ता संवेदनशील अंगहरुमा विजुलीको झड्का लगाउने गरेको पाइन्छ।

**निस्सासिदो बनाउने**

- बाल्टी, बाटा वा यस्तै कुनै भाँडामा पानी भरेर त्यसमा डुबाई सास फेर्न नसक्ने गरी लगातार निस्सासिदो बनाउने गरेको पाइन्छ।

**पोल्ने**

- सिग्रेट, तातो फलामे डण्डी, बलिरहेको बत्ती तथा अगुल्टाले शरीरका विभिन्न ठाउँमा डुबाउँदै पोल्ने गरेको पाइन्छ।

**झुण्ड्याउने**

- एउटा या दुईटै हात अथवा खुट्टा बाँधेर झुण्ड्याउने गरेको पाइन्छ। खुट्टामाथि र टाउको तल पारी झुण्ड्याएर कुटपिट गरिएको पनि पाइन्छ।

**अंगभंग गराउने**

- कान मोल्ने, आपसमा मोल्न लगाउने, कपाल, दारी वा जुँगा उखेली दिने, कपाल मुडिदिने, नाककान चिमोटि दिने, जिब्रो थुत्ने, लिङ्ग चुँडिदिने, कन्सिरीका रौं तानेर उखेल्ने, नङ उक्काइ दिने, नङमा पिन रोप्ने, पैतालामा बलिरहेको आगोले पोलेर घाउ बनाइ दिने गरेको पाइन्छ।
- पाखुरा हातका औंला तथा खुट्टामा लाठी वा ढुंगा राखेर पेल्ने गरेको पाइन्छ।

**दन्त यातना दिने**

- कुटेर दाँत भाँचिदिने, दाँत हल्लिने गरी गाला वा टाउकोमा पिट्ने र दाँत जबरजस्ती उखेली दिने गरेको पाइन्छ।

**विविध**

- तुरुङ तथा हिंगुरामा हाल्ने गरिएको पाइन्छ।
- एकै पोजिसनमा लगातार बसाल्ने, उठाउने वा उभ्याउने गरेको पाइन्छ।
- नेल र गल्फनदी लगाउने गरेको पाइन्छ।
- सिस्नु र अल्लो जस्ता शरीरमा गम्भीर असर पार्ने खालका वनस्पतिले शरीरमा कुटपिट गर्ने गरेको पाइन्छ।
- खाडलमा पुर्ने भनेर स्वयंलाई खाडल खन्न लगाउने।
- नाङ्गै पारेर चिनी पानी शरीरमा दली चौरमा सुताएर कमिलालाई टोकाउने, जिउँदै खाडलमा हाली घाँटीसम्म माटोले पुरिदिने गरेको पाइन्छ।
- हिउँको ढिकामा नाङ्गै सुताउने र झुण्ड्याएर तलबाट खुर्सानीको धुँवा लगाउने गरेको पाइन्छ।
- खुर्सानीको धुलो या झोल नाक आँखा या मुखमा हालिदिने गरेको पाइन्छ।
- गहुँको ठुशा वा अन्य वस्तुहरू बोक्न वा उचाल्न लगाउने गरेको पाइन्छ।
- मुर्गा बनाउने वा टाउको टेकेर हिड्न लगाउने गरेको पाइन्छ।

**मानसिक यातना**

**एकान्तवासमा राख्ने**

- पक्राउ परेका व्यक्तिलाई आवाज नसुन्ने, उज्यालो नपस्ने र कसैसंग भेटघाट गर्न नसक्ने गरी एकान्त र सुनसान ठाउँमा राख्ने गरेको पाइन्छ।

**धम्की र त्रासपूर्ण व्यवहार**

- लगातार धम्की दिइरहने, "यसो भनिनस् वा गरिनस् भने तँ मारिन्छस्" भन्ने, तेरै अगाडि तेरो साथी वा बाबु-आमा वा पति-पत्नीलाई यातना दिन्छु, दूर्व्यवहार गर्छु भनेर धम्क्याउने गरेको पाइन्छ।
- निर्जन ठाउँमा लगेर तर्साउने वा आतंकित पार्ने गरेको पाइन्छ।

**आँखा अगाडि अरुलाई यातना दिनु**

- आफूले एकदमै माया गरेको व्यक्तिलाई आफ्नै आँखाले देख्ने गरी कुटपिट र अन्य यातना दिने गरेको पाइन्छ।

**अपमान बोध तथा यौन यातना**

- आफ्नो इच्छा र नैतिकतामा आघात पर्ने काम गर्न बाध्य पार्ने गरेको पाइन्छ।
- आफन्त वा आफूले एकदमै माया गरिएका व्यक्तिहरुका विरुद्ध वाहियात र घिनलाग्दा कुरा बोल्न विवश पार्ने गरेको पाइन्छ।
- यातना दिने व्यक्तिले आफ्नो गुप्ताङ्ग देखाइदिने, समात्न लगाउने, तथा खान लगाउने जस्ता निकृष्ट कार्य गराउने गरेको पाइन्छ।
- हिरासत वा चौकीको फोहर बढार्न लगाउने, चर्पीमा पानी हाल्ने तथा सफा गर्न लगाउने, प्रहरीले खाएका जुठा भाँडा, कप र गिलास माझ्न लगाउने, लुगा धुने, बारी वा बगैंचामा खन्न, गोडमेल गर्न तथा पानी हाल्न लगाउने गरेको पाइन्छ।

*(मानवअधिकार वर्ष पुस्तक १९९३ को अनुसूचीबाट सारांश साभार)*

*रेखाचित्र साभार : सिभिक्ट*



मानवअधिकार आयोग

# नक्सा त हातमा छ, घर कस्तो बन्ला?

कुन्दन अर्याल



**एउटा चरण सम्पन्न भयो, मानवअधिकार आयोगको पक्षमा निरन्तर लागी पर्नेहरुले अब नयाँ यात्राको थालनी गर्नु पर्ने बेला आएको छ। नक्सा हात छ, घर कस्तो बन्ने हो भन्ने प्रतिक्षा सबैमा छ। वादविवाद र लामो वैचारिक संघर्षपछि मानवअधिकार आयोग विधेयक बनेको छ। अब हेर्नुछ- हाम्रो दैनिक जीवनमा मानवअधिकार आयोग कसरी घूलमिल हुने छ ?**

उहाँले समाज र पार्टीहरूलाई कसरी प्रजातान्त्रिकरण गर्ने भन्ने सम्बन्धमा लामो व्याख्यान प्रस्तुत गर्दै मानवअधिकार आयोग नै बनाउनु पर्छ भन्ने कुनै जरुरी छैन भन्ने कुरामा जोड दिनु भयो। "त्यसकारण मलाई लाग्दछ यी सबै कुरालाई ध्यानमा राखी हामी अगाडि बढ्नु पर्दछ। आयोग मात्र ठूलो कुरा होइन। राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा अरू देशहरूमा कस्ता किसिमका कामहरू भएका छन् त्यस विषयमा व्यापक अध्ययन गरी आवश्यक भएको खण्डमा गृह मन्त्रालयबाट नै एउटा निष्पक्ष मानवअधिकार आयोग गठन गर्न सकिन्छ। उच्चस्तरीय आयोग गठन हुँदैमा समस्याको समाधान होला जस्तो लाग्दैन।"

उहाँ अर्थात् तत्कालीन गृहमन्त्री शेरबहादुर देउवा। उहाँ ०४९ साल फागुन २२ गते राष्ट्रिय सभामा मानवअधिकार आयोगको गठन गरियोस् भन्ने प्रस्तावको जवाफमा बोल्दै हुनुहुन्थ्यो। प्रस्तावको छलफलका क्रममा उठेका प्रश्नहरूको निर्णायक जवाफ दिँदै उहाँले भन्नुभयो- "विपक्षीहरू भन्दा हाम्रो सत्तापक्ष र म स्वयं पनि मानवअधिकारको संरक्षण सम्बर्द्धन हुनु पर्छ भन्ने कुरामा कम चासो राख्ने व्यक्ति होइन। तर मानवअधिकारको संरक्षण कसरी गर्ने भन्ने कुरा उठ्दा मैले अघि पनि भनें- उच्च आयोग गठन गर्दैमा मानवअधिकारको संरक्षण हुन सक्दैन। मानवअधिकार संगठनहरू नेपालमा छन्। यहीं तल्लो सदनमा पनि हाम्रो समिति छ। सबै पक्षका सांसद मित्रहरू हुनुहुन्छ। त्यसले पनि हाम्रा कामहरू गर्न सक्दछ। मानवअधिकार समितिहरू गठन गर्दैमा समस्याको समाधान हुनेवाला छैन।"

राष्ट्रिय सभाको चौथो अधिवेशनको पन्ध्रौ बैठकमा त्यसपछि उक्त प्रस्तावलाई निर्णयका लागि प्रस्तुत गरियो। प्रस्तावको पक्षमा १६ र विपक्षमा २७ मत परे। राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्कीले राष्ट्रिय सभा नियमावलीको नियम ४३ को उपनियम (२) बमोजिम सांसद सुवासचन्द्र नेम्वाङ्गद्वारा प्रस्तुत संकल्प प्रस्ताव अस्वीकृत भएको घोषणा गर्नुभयो।

एमालेका राष्ट्रिय सभासद् सुवासचन्द नेम्वाङ्गद्वारा प्रस्तुत गरिएको संकल्प प्रस्ताव यस्तो थियो- "राष्ट्रिय सभाको यो बैठक ०४६ सालको संयुक्त जनआन्दोलनले प्रत्याभूत गरेको मानवअधिकार संरक्षण र सम्बर्द्धन गर्न यसै क्षेत्रमा कार्यरत व्यक्तिहरू समावेश भएको एक उच्चस्तरीय सर्वदलीय मानवअधिकार सम्बन्धी राष्ट्रिय आयोग अविलम्ब गठन गर्न श्री ५ को सरकारलाई सिफारिश गर्दछ।"

उक्त प्रस्ताव तत्कालीन सत्ताधारी दल नेपाली कांग्रेसबाट कतिसम्म उपेक्षित भयो भने- प्रस्तावमाथिको छलफलमा कांग्रेसका केवल एकजना सांसदद्वारा भाग लिइयो। कांग्रेसका सांसद विदुरप्रसाद पौडेलले मानवअधिकार आयोग किन आवश्यक छैन भन्ने पक्षमा आफ्नो तर्क यसरी अघि सार्नु भयो- "सन् १९४८ देखि यो मानवअधिकारको घोषणापत्र निकालियो। विश्वका धेरै ठाउँमा पछि विभिन्न मानवअधिकार संगठनहरू आएका छन्। हाम्रो एशीयामा पनि एशीयावाच, ह्यूमन राईट् वाच, त्यस्ता ५-६ वटा मानवअधिकार संगठनहरू छन्। यिनीहरूले केही काम गरिरहेका छन् / गर्दैछन्। हाम्रो नेपालमा पनि मानवअधिकार संघ अनि मानवअधिकार संरक्षण मंच र अरू अनौपचारिक क्षेत्रसेवा केन्द्र आदि छन्। कसैले मानवअधिकार संगठन खोल्न चाहेको खण्डमा मलाई लाग्छ- त्यो त अहिले गैरसरकारी संस्था मार्फत पनि प्रमुख जिल्ला अधिकारी कहाँ दर्ता हुन नसक्ने स्थिति छैन। यी कुराहरू स्वतन्त्र रूपमा जसले पनि गर्न सक्छ। कुनै पनि संस्था बनाउन सक्ने अधिकारको ग्यारेन्टी संविधानले निश्चित गरेको छ। तर सरकारी स्तरमा भएका मानवअधिकार संगठनहरूले सरकारका

गल्तीहरूलाई छोप्ने काम मात्रै एशीयामा गरेका छन्। सरकारले सरकारको स्तरमा संकल्प ल्याएर सरकारले गरी दिएर भएका चिजहरूमा मेरो विश्वास छैन।"

त्यतिखेर नेपाली कांग्रेसलाई जसरी भए पनि मानवअधिकार आयोगको प्रस्ताव विफल तुल्याउनु थियो। त्यसैले गृहमन्त्री र सांसद पौडेलले हाँस्यास्पद तर्क प्रस्तुत गरेर भए पनि मानवअधिकार आयोगको औचित्य नरहेको दावी गर्नु भयो।

तर तीन वर्ष पुग्दा नपुग्दै कांग्रेसको दावीले कोल्टे फेऱ्यो। ०५२ साल जेठ २६ गते तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले प्रतिनिधि सभा विघटन गर्न सिफारिस गर्नु भयो। र,त्यसपछि राष्ट्रिय सभामै नेपाली कांग्रेसका सांसद महेश आचार्यले मानवअधिकार आयोग सम्बन्धी नीजि विधेयक प्रस्तुत गर्नु भयो। उक्त विधेयकको उद्देश्य र कारण यसरी प्रस्तुत गरियो- "संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदत्त मानवअधिकारको प्रभावकारी कार्यान्वयन एवं संरक्षण र सम्बर्द्धन गर्ने सम्बन्धमा र नेपाली जनतामा मानवअधिकार सम्बन्धी स्वस्थ चासो जगाउने उद्देश्यले मानवअधिकार आयोग गठन गर्न बाञ्छनीय भएकोले यो मानवअधिकार आयोगको व्यवस्था गर्न बनेको विधेयक, २०५२ पेश गरेको छु।" त्यस बेलासम्म आफूलाई प्रजातन्त्रवादी भन्न रूचाउने बुद्धिजीवीहरू कांग्रेसलाई भन्न थालिसकेका थिए- मानवअधिकार आयोग जस्तो कुरामा कम्युनिष्टहरूलाई जस दिनु हुँदैन। तत्कालीन कम्युनिष्ट सरकारले बनाइसकेको विधेयकलाई उछिनेर निजी विधेयक पेश गर्दा कांग्रेस त्यस्तो धारणाबाट पनि अभिप्रेरित भएको थियो।

बहुदलीय व्यवस्थाको स्थापनाको लगत्तै नेपालका मानवअधिकारवादी संघ संस्था र राजनीतिक पार्टीहरूले मानवअधिकार आयोगका सम्बन्धमा कुरो उठाउन भ्याएका थिएनन्। तर ०४८ सालको पहिलो आम निर्वाचन पछि नेपालमा पनि छिटफुट रूपमा मानवअधिकार आयोग सम्बन्धी चर्चा परिचर्चा चल्न थाल्यो।

०४९ साल माघ ७ र ८ गते मानवअधिकार संरक्षण मंचद्वारा जनकपुरमा "सार्क मुलुकहरूमा मानवअधिकार" विषयक गोष्ठीको आयोजना गरिएको थियो। उक्त गोष्ठीमा जारी गरिएको जनकपुर घोषणापत्रमा देशमा सर्वदलीय मानवअधिकार आयोगको गठन गर्न आवश्यक भएको कुरातर्फ पनि सबै राजनीतिक पार्टीहरूको ध्यान आकर्षित गरिएको थियो। त्यस अघि मंसीर २५ गते विश्व मानवअधिकार दिवसका अवसरमा राजधानीमा आयोजित कार्यक्रममा पनि मानवअधिकार अवस्थाको अनुगमन गर्न राष्ट्रिय स्तरको संयन्त्रको आवश्यकता रहेको कुरा उठेको थियो।

०४९ साल फागुनमा इन्सेकद्वारा प्रकाशित



सुवास नेम्वाङ : संसदमा मानवअधिकार आयोगको कुरा उठाउने पहिलो व्यक्ति

**त्यस बेलासम्म आफूलाई प्रजातन्त्रवादी भन्न रुचाउने बुद्धिजीवीहरु कांग्रेसलाई भन्न थालिसकेका थिए- मानवअधिकार आयोग जस्तो कुरामा कम्युनिष्टहरुलाई जस दिनु हुँदैन । तत्कालीन कम्युनिष्ट सरकारले बनाइसकेको विधेयकलाई उछिनेर निजी विधेयक पेश गर्दा कांग्रेस त्यस्तो धारणाबाट पनि अभिप्रेरित भएको थियो ।**

मानवअधिकार वर्ष पुस्तकको पहिलो अंकमा देशको मानवअधिकार स्थितिका सम्बन्धमा प्रस्तुत निष्कर्षको एउटा बुँदामा भनिएको थियो- "राष्ट्रिय स्तरमा मानवअधिकारलाई स्थापित गर्न निष्पक्ष मानवअधिकार आयोगको कमी नराम्ररी खड्किएको छ।" सन् १९९२ को त्यो मानवअधिकार वर्ष पुस्तकले सरकार समक्ष यस्तो सुझाव प्रस्तुत गरेको थियो- "प्रतिष्ठित मानवअधिकारवादी व्यक्ति र संगठनहरू सम्मिलित एउटा निष्पक्ष राष्ट्रिय मानवअधिकार आयोग गठन गरिनु पर्छ।"

०५१ सालको मध्यावधि निर्वाचनका क्रममा मानवअधिकार आयोगको चर्चाले नेपाल कम्युनिष्ट पार्टी (एमाले) को घोषणापत्रमा पनि ठाउँ पायो। एमालेले आफ्नो चुनाव घोषणापत्रमा लेख्यो - "देशको मानवअधिकार सम्बन्धी अवस्थाको निरन्तर आंकलन र मूल्यांकन गरी आवश्यक कार्यार्थ सरकारलाई सुझाव दिन सर्वोच्च अदालतका भुतपूर्व प्रधान न्यायाधिश वा न्यायाधीशको अध्यक्षतामा मानवअधिकारवादी संस्था तथा व्यक्तित्वहरू रहेको मानवअधिकार सम्बन्धी राष्ट्रिय आयोगको स्थापना गरी त्यसलाई वैधानिकता प्रदान गरिनेछ।"

त्यस बीच अन्तर्राष्ट्रिय रूपमा संयुक्त राष्ट्रसंघ र मानवअधिकार संस्थाहरूले समेत उठाइरहेको मानवअधिकार स्थितिको आंकलन र अनुगमन गर्न हरेक देशमा स्वतन्त्र संयन्त्रको आवश्यकता पर्ने कुरा नेपालमा पनि चर्चा परिचर्चाको विषय बनिसकेको थियो। राष्ट्रिसंघीय मानवअधिकार आयोगले सन् १९९२ मा राष्ट्रिय स्तरका मानवअधिकार निकायका लागि आवश्यक सिद्धान्तहरूलाई स्वीकृति प्रदान गरेको थियो। त्यसमा राष्ट्रिय मानवअधिकार आयोग मानवअधिकारको प्रवर्द्धन र संरक्षणमा केन्द्रित हुनुपर्छ भन्ने कुरामा जोड दिइएको छ। एन्मेष्टी इन्टरनेशनलले पनि मानवअधिकार आयोग सम्बन्धी मापदण्ड प्रस्तुत गरेको छ। एम्नेष्टीका अनुसार आयोग सरकारबाट स्वतन्त्र हुनुपर्छ र यो कुरा आयोगको घोषणापत्रमै उल्लेख गरिनु पर्छ। एम्नेष्टीले आयोगको गठनका सम्बन्धमा आफ्नो धारणा यसप्रकार प्रस्तुत गरेको छ- "तथ्यहरू र कानूनका आधारमा विना कुनै पूर्वाग्रह, कसैको कुनै पनि अनुचित दबाब, प्रभाव, प्रलोभन, धम्की वा हस्तक्षेपबाट प्रभावित नभई स्वतन्त्र र निष्पक्ष न्याय गर्न सक्षम तथा ख्यातीप्राप्त पुरूष र महिला आयोगमा रहनुपर्छ। आयोगका सदस्यहरू सरकारबाट स्वतन्त्र, आफ्नो विषयका विशेषज्ञ, मानवअधिकारको प्रबर्द्धन र संरक्षणको क्षेत्रमा दक्ष र सम्बन्धित व्यावसायिक समूहका साथसाथै गैरसरकारी क्षेत्रको विविध पृष्ठभूमिबाट लिइएका हुनुपर्छ।"

"मानवअधिकार संरक्षण सम्बन्धी विद्यमान कानून एवं प्रशासनिक प्रावधानहरूको प्रभावकारिताको अवलोकन गर्ने र त्यस्ता कानून, प्रावधानहरूको संशोधन र आवश्यकता अनुसार नयाँ कानून वा प्रावधानद्वारा स्थापित गर्न सिफारिश तथा अनुगमन गर्न सक्ने गरी आयोग अधिकार सम्पन्न हुनुपर्छ। सरकार वा संसदले

ल्याएका नयाँ विधेयक वा प्रस्तावहरू मानवअधिकारको अन्तर्राष्ट्रिय स्तरसंग दाँज्ने र मापदण्ड निर्धारण गर्ने, त्यस्ता प्रस्ताव वा विधेयकहरूको जाँचबुझ गर्ने र अन्तर्राष्ट्रिय स्तरसंग दस्तावेजहरू प्रति राज्यको सम्मत्ति निश्चित गर्ने कार्य आयोगले गर्नुपर्छ" एम्नेष्टीको मापदण्डमा भनिएको छ।

यस्तो राष्ट्रिय अन्तर्राष्ट्रिय जनमतका कारण नेपालमा एमाले इतर पक्ष खासगरी जनआन्दोलनको सहयात्री नेपाली कांग्रेस पनि आयोगको पक्षमा नैतिक रूपमा बाँधिन पुग्यो। त्यसपछि आफूलाई प्रजातन्त्रवादी भन्न रूचाउने बुद्धिजीवीहरू पनि मानवअधिकार आयोगको पक्षमा देखा परे।

मध्यावधि चुनाव पछि स्थापित सरकारले मानवअधिकार आयोगका सम्बन्धमा चासो देखाउनु स्वभाविकै थियो। सरकारले आफ्नै घोषणापत्रमा अभिव्यक्त मानवअधिकार आयोगको निर्माण सम्बन्धी कुरालाई लागु गराउने प्रष्ट संकेत दिएपछि उक्त विषयमा उच्च स्तरमा छलफल समेत शुरू भयो। त्यस बेलाको सत्ताधारी दलले आफ्नो चुनाव घोषणापत्र र सरकारमा पुगेपछिको नीति वक्तव्यमै मानवअधिकार आयोगको कुरो उठाएको थियो। फलतः नेपाल कानून सुधार आयोगले "मानवअधिकार आयोग ऐन ०५२" को प्रारम्भिक मस्यौदा तयार पारी छलफलका लागि अघि सार्‍यो। उक्त मस्यौदामा विभिन्न स्तरमा छलफल पनि भए। कानून सुधार आयोगले विराटनगर, काठमाडौं, वुटवल र नेपालगंजमा सुझाव संकलन गर्न गोष्ठीहरूको आयोजना गर्‍यो। त्यसपछि राजधानीमा एक उच्चस्तरीय गोष्ठी भयो र आयोगले उक्त मस्यौदा कानून मन्त्रालयमा पेश गर्‍यो। मानवअधिकार आयोगको स्थापना सम्बन्धी कार्वाही सरकारी स्तरमा त्यसरी अघि बढिरहेकै समयमा नेपाल कानून समाजले पनि आयोगको मस्यौदा तयार गर्‍यो। ०५२ साल मंसीर २३ गते रेडियो नेपालको मानवअधिकार शिक्षा कार्यक्रममा नेपाल कानून समाजका उपाध्यक्ष चुडामणिराज सिंहको संक्षिप्त अन्तरवार्ता प्रस्तुत गर्दै भनिएको थियो– "उक्त विधेयकको मस्यौदा नेपाल कानून समाजद्वारा तयार पारिएको हो। मानवअधिकार आयोग सम्बन्धी विधेयक संसदबाट पारित हुने क्रममा रहेकोले हाल यस विषयमा निकै चर्चा परिचर्चा भइरहेको छ। तर मानवअधिकार आयोगको स्थापना सम्बन्धी कुरो चाहिं बहुदलीय व्यवस्था बहाली लगत्तैदेखि कुनै न कुनै रूपमा उठ्दै आएको छ।" राष्ट्रिय सभामा सांसद महेश आचार्यद्वारा कानून समाजको सोही मस्यौदालाई मानवअधिकार आयोगका सम्बन्धमा निजी विधेयकका रूपमा प्रस्तुत गरियो।

प्रतिनिधि सभा विघटन भएको थियो। राष्ट्रिय सभामा तत्कालीन सरकारले कुनै विधेयक प्रस्तुत गरेको थिएन। प्रतिपक्षमा रहेका कांग्रेस, राप्रपा अनि सद्भावना पार्टी राष्ट्रिय सभा चल्नु पर्छ भन्ने माग गरिरहेका थिए। राष्ट्रिय सभा चल्न विधेयकको आवश्यकता थियो। र, त्यसै क्रममा प्रतिनिधि सभा विघटनका विरोधी कांग्रेसका महेश आचार्यबाट एउटा नीजि विधेयक प्रस्तुत गरियो। त्यही नीजि विधेयक थियो- मानवअधिकार आयोग विधेयक।

पहिले आफैंले माग गरेको कुरा भएकोले एमालेले उक्त विधेयकको विरोध गर्न सकेन। समयान्तरमा एमालेका तर्फबाट प्रस्तुत गरिएको सशोधन सहित नेपालको दुवै सदनले मानवअधिकार विधेयक पारित गर्‍यो।

यसरी नेपालमा मानवअधिकार आयोग विधेयक सर्वसम्मतिले पारित भएको छ। चार वर्ष पछाडि फर्केर हाम्रो संसदले मानवअधिकार आयोग निर्माण गर्ने निर्णय गरेको छ। मानवअधिकारवादीहरूले एउटा उल्लेखनीय उपलब्धी हासिल गरेका छन्। तर प्रजातान्त्रिक संस्कारकै दरिद्रता देखा पर्ने हाम्रो मुलुकमा आयोग कसरी संचालित हुने हो भन्ने चिन्ता छाउनु स्वभाविक छ। मानवअधिकार आयोगलाई प्रभावकारी र आमजनताको आफ्नो आयोग बनाउने दिशामा आइपर्ने चुनौतिको सामना गर्न अब सबैले तयार रहनु पर्ने आवश्यकता छ।

# "हिजो किन पारित गरिएन भन्ने पक्षमा नजाऊँ भन्दिन"

० तपाईले पहिलेदेखि नै नेपालमा मानवअधिकार आयोग बन्नुपर्छ भन्दै आउनु भएको हो। अहिले आएर मानवअधिकार आयोग बनेको छ। अहिले मानवअधिकार आयोग विधेयक पारित हुँदा कस्तो लागेको छ?

– मूल कुरो त हामीले मानवअधिकार आयोग बनोस् भन्ने चाहेका हौं, त्यो बन्यो। स्वभावतः हामी खुशी छौं। म मात्र होइन मानवअधिकारको पक्षमा कठिन समयमा आवाज उठाउने, कार्यरत रहने र आ-आफ्नो ठाउँबाट योगदान गर्ने हामी जो जति छौं, सबै नै एकसाथ खुशी छौं। यो उपलब्धी हो। यसको पक्षमा जसले कुनै न कुनै किसिमले आवाज बुलन्द गरे, तिनीहरू सबैको हकमा यो ठूलो उपलब्धी हो।

० हाम्रो संसदको माथिल्लो सदनले एउटा समयमा मानवअधिकार आयोग चाहिंदैन भन्ने किसिमको अभिमत दिएको थियो। केही वर्षपछि फेरी अहिले त्यही सदनबाट आएको मानवअधिकार आयोग विधेयक पारित भएको छ। अहिले मानवअधिकार आयोग बनाउनु पर्छ भनेर निर्णय गर्ने



पूर्व सभामुख दमननाथ ढुंगाना

हाम्रा सांसदहरूलाई कसरी धन्यवाद दिनुहुन्छ?

– अहिले संसदले यसलाई पारित गर्‍यो। यही सकारात्मक पक्षलाई हामी सबैले हेरौं र ग्रहण गरौं। हिजो किन पारित गरिएन भन्ने पक्षमा नजाऊँ भनेर म भन्दिन। त्यसको ऐतिहासिक सन्दर्भ र महत्व आफ्नो ठाउँमा हुन्छ। संसदका बारेमा, राजनीतिक विकासका बारेमा, मानवअधिकारको विकासका बारेमा अनुसन्धान र शोध गर्नेहरूले भोलि त्यसको प्रसंग, अर्थ र महत्व खोज्छन् र पाउँछन्। हामी कहाँ राजनीति र मानवअधिकारको सम्बन्ध छ। अहिले यसलाई राजनीतिबाट कसरी टाढा राख्ने भन्ने नै सबैभन्दा प्रथम जिम्मेवारी भएकोले हिजो कसले ल्याएको थियो? संसदले किन मानेन? अहिले कसले ल्यायो? किन संसदले स्वीकार गर्‍यो? को सही थियो? को गलत थियो? भन्ने सबै पक्षमा अहिले जानुलाई म प्राथमिकता दिन चाहन्न। यसलाई इतिहासकै गर्भमा छोडिदिऊँ। अनुसन्धानकर्ताहरूले पनि यसलाई विषय बनाउलान्। हामीले जे चाहेका थियौं, त्यो जसबाट भएता पनि जुन समयमा भएपनि, ढिलो वा चाँडो सम्पन्न भयो, प्राप्त भयो। त्यसैमा हामी खुशी मनाऔं। यो विन्दुबाट जसले जुन-जुन तह र कुनाबाट जिम्मेवारी पूरा गर्नुपर्छ, त्यो प्रारम्भ गरौं। त्यो सिलसिला शुरू गरौं।

० मानवअधिकार आयोगले शुरूमा हात

# टोलभित्र

**विवश वस्ती**

टोल, यसभन्दा अगाडि कहिल्यै पनि आतंकित भएको थिएन। टोलका मान्छेहरू बीच उब्जिने झैं.- झगडाका सामान्य घटनाहरूभन्दा कुनै त्यस्तो घटनाले अतिक्रमण जमाउदैनथ्यो। बिगतमा टोल शान्त थियो। रमाइलो थियो र थिए आपसी सद्‌भावका वीज उमार्ने कार्यहरू। मान्छेहरू दुःख-सुखका सँगालोमा टिपेर रमाउँथे। कुनै पनि गल्छेडोबाट टोलमा डर, त्रास र भयका पदचिन्ह भित्रिएको थिएन।

अहिले टोल अशान्त छ।

धनञ्जय साहुको घरबाट एउटा डर फैलिन्छ- टोलभरी। रातभर दलानमा मकल तापेर दश-बाह्र जना जति खाइमानेहरूको जमघटले टोलका मान्छेहरूको नशा-नशामा आतंक भरिदिन्छ।

- "जे-जे मन लाग्छ, खाओ केटा हो।" पश्चिमतिर फर्किएको थप्ग्राङमा पल्टनीया छोराले लगाइदिएको राडीपाखी ओछ्याएर त्यहीमाथि बस्छ- धनञ्जय साहु। बेला-बेलामा नजिकैको मकलमा दुवै हात लगेर माड्छ। र, तातो अनुभूति बटुल्छ। अनि, आफ्नो खाफलाई ज्यूँदो सावित गर्न छिमेकी टोलहरूबाट बटुलिएका एक दर्जन जति केटाहरूलाई अर्ति दिंदै उफ्रिन्छ- "आखिर, बाघको नंग्रा भाँचिएर पनि बल त खस्केको हुँदैन नि! मलाई यो टोलका मान्छेहरू एक्ल्याउन चाहन्छन्। तर, केही नाप्दैनन्। म सबैसित बदला लिन्छु।"

- "एकरत्ति पनि डग्नुहुँदैन, साहु बा"- एकजना थप्छ।

- "नत्र हामी भएको के काम त?" अर्को जोस्सिन्छ।

- "तर, एउटा योजना बनाएर मात्रै चल्नुपर्छ।" तेस्रो थप्छ।

अलिकति उत्साह सँगालेर धनञ्जय साहु काठको पिर्कामाथि राखिएको रामायणको मोटो किताव समात्न पुग्छ सुम्सुम्याउँछ पनि। र, आफू अगाडि लस्करै उभिएकाहरूलाई प्रवचन दिन तम्सिन्छ- "भगवान रामचन्द्रलाई दागा धर्ने पनि नभएका होइनन्........।"

"हो" मा "हो" मिलाउँछन्- अरू सबैजना।

टोलमा उनीहरूको चकचकी झन बढ्दै जान्छ।

ooo ooo ooo

डायरीको पाना अब पल्टिन्छ।

एउटा पानामा "वीरे" उभिएको छ। अर्को पानामा "उसका छोराछोरी र पत्नी।" तेस्रो पानामा "टोलका जुझारू अनुहारहरू" उभिएका छन्। र, चौथो पानादेखि अन्तिम पानासम्म कोरिएको छ- घटनाको इतिवृत।

....... यसपालि पनि मौसम बिग्रियो।

बितेको वर्ष जस्तै यस वर्ष पनि समयमा पानी परेन। समयमा पानी नपरेपछि धानवाली पनि राम्रो भएन। वाली-नाली नभएपछि अनिकाल पर्ने निश्चित थियो।

- "वाली राम्रो भएन।"
- "फेरि, महामारी पल्टेला जस्तो छ।"
- "अव, जागिरे छोरालाई गुहार्नु पर्छ।"
- "सरकारले राहत देला नि!"
- "सहानुभूति समेत नदिने सरकारले, राहत ....?"
- "कमलाखुँजतिर त भुकमरीले मान्छेपनि मर्न थाले रे ....।"

टोलको मध्यभागमा उभिएको सीतारामको घरको आँगनमा यस्तै गफ चल्न थालिसकेको छ। गफको तन्काईसँगै घुर ताप्ने काम पनि चल्दछ। नत्र, जाडोको चम्काईले छापा मारेको समय छ- जताततै। गफ चल्छन्- अनेक किसिमका। गफको केन्द्रीय वस्तु त व्यवहारिक नै बन्दछ। अनि मात्र राजनीति, सामाजिक र अन्य विषय वस्तुहरू। साँच्चै, गफको चुड्कीमा सूर्ति बेरेर खानु र कक्कड तान्नुमा थप आनन्द छ।

- "नेताजी गाउँमा अझै फर्किएन।" एउटाले यथार्थको दैलो उघाऱ्यो।

- "हाम्ले जिताएर पठाइहाल्यौं .... जितेपछि पुगिहाल्यो नि।" आक्रोशका कणहरू खाँदिएको शब्द अभिव्यक्तिको सहारा अर्कोले लियो।

- "हाम्रो बिर्खेलाई जिताएर पठाउनु पर्छ, फरक पर्दैन, गाउँ फर्कन .....।" एक जनाले मात्र रमाइलोको लागि बोल्यो।

- "हा .... हा ..... ।" सबै जना हाँसे।

टोल चुपचाप छ।

साँझ-विहान घँघारूको मोटो लट्ठी टेकेर धनञ्जय साहु टोलको परिक्रमामा लीन हुन्छ। घरमा बस्दा जे-जस्तो लगाए पनि टोल घुमफिर गर्ने क्रममा पोहोर हिउँदमा दुई हजार हालेर किनेको कोट धेरैजसो हुन्छ। त्यही कोटको दाहिने खल्तीमा झुण्डिरहने चस्मा आँखाको डिलमा उभ्याएर सबैतिर हेर्छ- आँगनमा राखिएको आफ्नु भकारी, परालको माच, माडसावको घरमा फर्फराइरहेको रातो झण्डा, पधेराको भीड र वीरेको तरूनी छोरी। अघाएर घाँटी घाँटीसम्म नआउन्जेलसम्म हेर्छ।

- "त्यो ज्याद्रो मास्टरले आफ्नु घरमा गाडेको झण्डा फेरी झिकेन, अर्को मुद्दा पनि लगाइदिन पाए अलि चेत्थ्यो कि ...।" मन-मनै विचार उमार्छ। र, फेरी मन-मनै सोच्छ-



**अलिकति उत्साह सँगालेर धनञ्जय साहु काठको पिर्कामाथि राखिएको रामायणको मोटो किताव समात्न पुग्छ सुम्सुम्याउँछ पनि। र, आफू अगाडि लस्करै उभिएकाहरुलाई प्रवचन दिन तम्सिन्छ "भगवान रामचन्द्रलाई दागा धर्ने पनि नभएका होइनन्........।"**

"कान्लाघरेकी माइली छोरीलाई ....।"

धनञ्जय साहु वरण्डामा बस्छ।

तर, टोलमा गाइँगुइँ हल्ला चल्छ। भूसको आगो झैं भित्र-भित्रै फैलिन्छ हल्ला। कानेखुशीबाट हल्ला चर्किन्छ, बन्द कोठामा हल्ला गुन्जिन्छ। सबैजना त्यही शब्द भन्छन्- "माइली मगर्नीको छोराको अनुहार साहुको जस्तै .....।" तर, खुलेर बोल्न कोही पनि सक्दैनन्। सबैजना डरले खुम्चिन्छन्।

साहुको आँगनमा टोलभरिका मान्छेहरू थुप्रिन्छन्।

अग्रास्वको मोटो र अग्लो कुर्सीमा साहु बसेको छ। वरिपरि ओछ्याइएका गुन्द्रीमा टोलभरिका मान्छेहरू बसेका छन्। बीचमा भर्खरै जन्मिएको बच्चालाई काखीमा च्यापेर माइली मगर्नी बसेकी छ।

- "यो बच्चाको बाउ को हो?" वडाध्यक्ष केरकार गर्छ।

- "............" माइली मगर्नी उत्तरविहीन छे।

- "माइली, तैंले यो बच्चाको बाउ नभनी धरै पाउँदैनस्, भन को हो?" साहु चिप्लो बोलीले कुराको टुप्पो बिसाउँछ।

- "म कसरी भनु......?" माइली मगर्नी आँखाबाट बगिरहेको आँशु दाहिने हत्केलाले पुछ्दै सुक्सुकाउँछे।

- "नभनी धर पाउछेस् त।" साहु हकारेको भाषा प्रयोग गर्छ।

त्यसपछि, माइली मगर्नी कहानीको छेउ खोल्छे- "...... त्यस दिन म बेनीको मेलाबाट बदाम बेचेर फर्किरहेकी थिएँ। रात छिप्पिदै गइरहेको थियो .....। ..... शान्तारामको घर पछाडि तीन चार जना केटाहरूले मलाई समाते, अलिपर बयरको झ्याङमुनि .......।"

- "झूठ बोल्दैछस्, चिच्याउनु पर्दैन।" वडाध्यक्षले हकार्‍यो।

- "....... ।" माइली मगर्नीले शीर मत्रै निहुराई।

अनि, त्यसपछि साहुले थप्यो- "विचरी ..... त्यत्रो तीन चार जनाले आफ्नो कब्जामा लिएपछि होस-हवास नै उड्यो होला। के चिच्याउनु ......।"

केही भएन। त्यतिकै फास्सफुस्स भयो। तर, टोलभरिकाले भने एउटै शंका उमारे- "माइली मगर्नीको छोराको अनुहार साहुको जस्तै ....।"

जगते माडसावको घरमा कसै-कसैको पाइला पर्छ।

- "मेरो अंशवण्डामा साहुले हस्तक्षेप गर्‍यो। तपाईंले बोलिदिनु पर्‍यो, मास्टर नानी .....।" कोही गुनासाका यस्ता ठेलीहरू लिएर आउँछन्। जगत माडसाव सारा जगतलाई चित्त बुझ्ने, मर्का नपर्ने काम गर्छन् भन्ने कुरामा सबै विश्वस्त छन्।

- "साहुको घरमा हली बसेको मेरो छोरालाई छुटाउने उपाय बताइदिनु पर्‍यो।"

जगते माडसावको घरमा आउनेहरूको लाइनमा वीरेकी विधुवा पत्नी, पन्ध्र-सोह्र वर्षको उसको छोरा र दुई वैनी छोरीहरू छन्। घरको पेटीमा लस्करै उभिन्छन्। हात जोडेर विन्ति बिसाउँछन्- "मेरो लोग्नेलाई साहुको आदेशमा कुटी-कुटी मारे। अहिलेसम्म बोल्न सक्ने, नसक्नेहरू सबै चुप छन्। मैले न्याय पाउनु पर्छ।"

हो, त्यसदिन जाडो असाध्यै चम्किएको थियो। धनञ्जय साहुको खेतमा धान पनि ढालिसकिएको थियो। काटेको धान कसैले

**"यो बच्चाको बाउ को हो?"-वडाध्यक्ष केरकार गर्छ।**
**............माइली मगर्नी उत्तरविहीन छे।**
**"माइली, तैंले यो बच्चाको बाउ नभनी धरै पाउँदिनस्, भन को हो?" साहु चिप्लो बोलीले कुराको टुप्पो बिसाउँछ।**
**"म कसरी भनँु......?" माइली मगर्नी आँखाबाट बगिरहेको आँशु दाहिने हत्केलाले पुछ्दै सुक्सुकाउँछे।**

उठाएर लान सक्ने आशंकाले वीरेलाई धान रूङ्न त्यस रात खले गह्रामा सुत्न अह्राइएको थियो।

मध्यरातमा एक हुल अज्ञात मान्छेहरू आए। वीरेलाई पाता फर्काएर राखियो। र, अरूले धान चुट्ने र उठाएर लाने गर्न थाले।

- "तेरै सल्लाह बमोजिम तिनीहरूले धान लुटेका हुन्। त्यो धान लुट्नेहरूको नाइके को हो? भन।" घँघारूको लट्ठीले मुखमा घोचेर वीरेलाई केरकार गर्दै साहु कड्कियो।

- "म कसैलाई पनि चिन्दिनँ, मालिक।" पाता फर्काएर आँगनमा लडाइएको वीरेले साहुको क्रूर अनुहारतिर हेर्दै आफ्नु कुरा बिसायो। साहु वरिपरि उभिएका आसेपासेहरूको मधुर मुस्कान एकचोटी सरसर्ती पढ्दै वीरेले भन्यो- "नखाएको विष पनि लाग्छ र, हजुर?"

- "बडो, बुझक्कड बन्न खोज्छ"- साहुले आँखा रातो पार्‍यो।

वीरेलाई केरकार गर्ने बहानामा नै शरीरले थाम्ने भन्दा बढी उत्पीडन दिइयो- उसलाई। बढी पिटाईले गर्दा नै ह्वालह्वाली रगत छादेर वीरे मर्‍यो।

- वीरेको मृत्यु
- धान लुट्नेहरूको खोजी
- साहुको चकचकी

टोलमा आतंकको प्रस्तर मूर्तिहरू कुँदिन थाले।

सबैभन्दा पहिले जगते माडसावको घर खानतलासी गरियो। जगतेले धान लुट्ने काम गर्दैन भन्ने कुराप्रति साहुलाई विश्वास नभएको होइन। तर, रवाफ भनेको रवाफ नै हो। अनुमति पाएपछि के लाग्छ र। जगते माडसावको घरबाट हिड्ने बेलामा धुरीमा फहराइरहेको रातो झण्डातिर आँखा लगाउँदै साहुले मनमनै भन्यो- "त्यो झण्डा उखेल्ने जुक्ति के होला?" हुन पनि हो, त्यो घरमा झण्डा फहराएकै दिनदेखि साहुले टोलमा आफ्नो वजन घटेको आभाष बटुलेको थियो।

साहु अघि-अघि। आसेपासेहरू पछि-पछि। टोलका सबै घरहरूको खानतलासी गरिसकेपछि बेजोडको मुस्कान छर्दै आफ्ना आसेपासेसित साहुले खुशी व्यक्त गर्‍यो- अब, यति भएपछि पक्का भयो।"

- "अब अर्को उपाय अपनाउनु पर्छ।" एकजनाले कान फुक्यो।

- "कस्तो उपाय?" साहुले बुझ्न चाह्यो।

- "धान लुट्नेहरू भनी हाम्रो खोइरो खन्नेहरूलाई फसाउनु पर्छ।" उपाय सुल्झायो।

- "हँ।" यति मात्रै बोल्यो- साहु।

मकलमा आगो निभ्दै गइरहेको दृश्यलाई त्यत्तिकै थाति राखेर, आफ्ना आसेपासेहरूको अगाडि एउटा कागज र कलम लिएर धनञ्जय साहु लेख्न थाल्यो-"मेरो फाँटको वीचमा पर्ने ज्यामिरेबोटे खाँड खेतको धान लुट्नेहरू- जगतबहादुर कार्की, वीरभद्र बस्नेत, माइला भन्ने दिलबहादुर रम्तेल, गोरख सार्की, पकरबासे जेठो .......।" सूचीमा नाम थपिदै गइरहेको थियो।

उता, जगते माडसावको घरमा टोलका सबैजसो जम्मा भएर एउटा योजनाको खाका कोर्दै थिए- "धनञ्जय साहुलाई हामीले नै कारवाही गर्नु पर्छ।"

टोलको आकाशमा जून झलमल्ल लागिरहेको थियो।

# देहव्यापार तथा चेलीबेटी बेचबिखनको स्थिति

**कञ्चन प्रियदर्शी**

विश्वमा मानव चरित्रका कारण विविध समस्याहरू जन्मिएका छन्। हरेक समस्या केवल आर्थिक दरिद्रता वा अशिक्षाबाट सिर्जना भएका होइनन्, त्यसका निम्ति वर्तमान विश्वको छाडा र पूँजीवादी विकृत संस्कार मुख्य रूपमा जिम्मेवार छ। आज विश्वव्यापी रूपमा वेश्यावृत्ति र देहव्यापार जस्ता रोगहरू फैलिएका छन्। यसले सिंगो मानव सभ्यता र त्यसको विकासक्रमलाई नै चुनौती दिएको छ। यसलाई समाज विकासको उपलब्धिका रूपमा आत्मसात गर्ने कि पूँजीवादी संस्कृतिको चुनौतिका रूपमा स्वीकार गर्ने?- प्रबुद्ध बुद्धिजीवीहरू समक्ष प्रश्न तेर्सिएको छ।

देहव्यापारको प्रारम्भ र इतिहासतिर दृष्टिगत गर्दा यसको विकासक्रमका तस्वीरहरू मानसपटलमा अंकित हुन्छन्। पूँजीवादी र सामन्ती संस्कृतिका कारण देहव्यापार जस्तो पेशाले प्रश्रय पाएको हो।

हिजोका राणाकालीन घटनाक्महरू हाम्रो मस्तिष्कमा ताजै छन्। सामाजिक प्रतिष्ठा र आडम्बरका निम्ति राणा शासकहरूका "भित्रिनी" बन्ने चेलीबेटी हामै हुन्। यसरी सामाजिक मर्यादाका नाममा सामन्ती भोगविलासको प्रशाधन बनेका नेपाली चेलीहरू सदैव पीडित रहे, अपमानित र कलंकित बनिरहे। यसका निम्ति राणाकालीन वैभव, विकृतिजन्य सामाजिक परिपाटी नै मुख्य रूपमा जिम्मेवार छन्। राणाहरू नेपाली छोरीहरूलाई मनोरञ्जनको प्रशाधन ठान्थे, उनीहरूको खोपीमा नेपाली चेलीहरूको इज्जत लुटिन्थ्यो। समयक्रमले राणा शासनलाई ढाली दियो। तर उनीहरूको अपराधी मनोवृत्तिमा कुनै कमी आएन। राजनैतिक पतनपछि पनि राणाहरूको कामूकता सेलाउन सकेन। बरू त्यो विकृति भुसको आगो बनेर सिंगै राणा परिवारभरि फैलियो। त्यसलाई शान्त पार्न राणाहरूले आफ्ना अर्दली र हुक्केहरू मार्फत् नेपालबाट चेलीबेटी भगाउन थाले। ती चेलीहरू केवल राणाहरूको वैभव र सन्तुष्टिका साधनमात्र बनेनन्, भारतका तथाकथित प्रतिष्ठित व्यक्तिहरूका निम्ति समेत उपयोग हुन थाले। यसरी नै भारतीय भूमिमा नेपाली चेलीहरूको प्रतिष्ठा बेचिने क्रम प्रारम्भ भयो।

अहिले यो क्रम एउटा डरलाग्दो समस्याका रूपमा देखा परेको छ। यसबीच थुप्रै पटक प्रजातन्त्रको घाम उदायो, तर छोरीहरूले बेचिनुपर्ने र लुटिनुपर्ने परिपाटीको अन्त्य कहिल्यै भएन। आज करीब दुई लाख नेपाली छोरीहरू भारतीय बजारमा आफ्नो इज्जत बेचिरहेका छन्। सामाजिक न्याय र प्रतिष्ठा केवल आदर्शको रूपमा सीमित भएको छ। मानवीय भावनाको उच्चतम आदर्शलाई लत्याउने काम भएको छ। अथवा यसो भनौं- नारी अस्मितालाई मूल्यसँग विनिमय गर्ने व्यपारी प्रवृत्ति हावी भएको छ। वास्तवमा एउटी नारी खेलौना वा यन्त्र होइन, आदरणीय जननी पनि हुन् भन्ने शास्वत सत्यलाई समाजका यसखाले वर्गहरूले कहिल्यै आत्मसात गरेको अनुभव हुँदैन। अन्यथा बाबुको हातबाट छोरी, श्रीमानको हातबाट श्रीमती र दाजुको हातबाट बहिनी बेचिएको देख्नुपर्ने वा सुन्नुपर्ने थिएन।

बम्बैको कोठीभित्र गुञ्जिने बहिनीको रोदनले नेपाली दाजुको छाती रसाउँदैन? यदि रसाउँछ भने एउटा दाजु किन आफ्नै बहिनी बेचिरहेको छ? कहाँ गयो नैतिकता र मानवीय चरित्र? वास्तवमा संरक्षकद्वारा चेलीबेटी बेचिने प्रवृत्ति राणाकालीन संस्कृति र परम्पराको पुनरावृत्ति मात्र हो, विल्कुलै नयाँ भने अवश्य होइन।

सिंगो राष्ट्रको अभिभारा बोकेका नारीहरू जब वेश्यावृत्तिको घेराभित्र जेलिन्छन्, जिज्ञासा के उठ्छ भने उनीहरूको दर्दको गहिराईभित्र समाजको कस्तो तस्वीर लुकेको होला ? समस्याहरू यत्रतत्र छन्। सभ्यताको जननी मानिने थाइलैण्ड आज " बेश्यालयको मुलुक" बनेको छ। दुई वर्षअघि एउटी युवतीले वेश्यालयबाट उम्कन सरकारी सहयोग माग्दा मारिनुपरेको घटना चर्चामा रहयो। विकृति र विडम्बनाको राज चलेपछि सबैतिर अँध्यारो फैलिन्छ। परिणामस्वरूप सामाजिक व्यभिचार र विकृतिहरू स्वाभाविक घटनाका रूपमा अङ्गिकार हुन्छन्। पूँजीवादी संस्कृतिको संङ्क्रमणले त्यसलाई टेवा पुऱ्याउँछ। आज नेपालमा पनि यही क्रमको पूर्वानुमान गरिँदैछ। वर्षेनी लाखौं छोरी बेचिन्छन्, तर अपराधीहरू समाजको प्रतिष्ठालाई पेवा बनाएर बसेका छन्। सरकारी निकाय लामो निद्रामा छ। अथवा यसो भनौं- प्रजातन्त्रको नाममा दिउँसै रात पारिएको छ।

बढ्दो अपराध र चेलीबेटी बिक्रीका निम्ति सामाजिक वातावरण पनि जिम्मेवार छ। समाजका धनाढ्य व्यक्तिहरू आँखा चिम्लेर खर्च गर्दैछन्। उनीहरूका निम्ति भौतिक विलास र मनोरञ्जन नै सर्वोपरि कुरा हो। यस्तै देखासिकी र होड्बाजीले गर्दा अपराधी प्रवृत्तिका व्यक्तिहरू प्रोत्साहित हुँदैछन्। एकातिर सामन्ती संस्कृतिको बलियो आड, अर्कोतिर भौतिक सम्पन्नताको तीव्र भोक यही बिन्दुबाट सामाजिक




**आज पनि चेलीबोटी व्यापारका संदीग्ध र कुख्यात अपराधीहरु पूर्व पञ्चहरुद्वारा संरक्षिप्त छन्। अपराध गतिविधिको विस्तारमा कुनै कमी आएको छैन। तैपनि उनीहरु किन बोल्दैनन् ? सिन्धुपाल्चोक क्षेत्र नं ३, जो चेलीबेटी व्यापारका निम्ति विश्वव्यापी रुपमा कलंकित छ, त्यहाँका जन प्रतिनिधि सांसद किन मौन छन् ?**

व्यभिचारका प्रेरणाहरू प्रशारित भएका छन्।

आज चेलीबेटी बेचबिखनका निम्ति सबैभन्दा सुरक्षित जिल्ला सिन्धुपाल्चोक बनेको छ। यद्यपि नुवाकोट, मकवानपुर र काभ्रे जिल्ला पनि यस मामिलामा निकै चर्चित मानिन्छन्। तर परम्परागत पृष्ठभूमि र भौगोलिक अवस्थितिका कारण सिन्धुपाल्चोक अघिल्लो पङ्क्तिमा पर्दछ। खासगरी पश्चिमी भेगका अधिकांश गाउँहरू चेलीबेटी बिक्री केन्द्रका रूपमा कलंकित छन्। यस क्षेत्रबाट प्रतिवर्ष २ हजार सम्म चेलीबेटीहरू बम्बै लगिन्छन्। यसका निम्ति अशिक्षित जनजातीको बाहुल्यता र आर्थिक विपन्नतालाई, औंल्याउने गरिन्छ। तर उपरोक्त टिप्पणी "पानीमाथि ओभानो" बन्ने दिवास्वप्न बाहेक केही होइन।

यसरी हेर्दा सिन्धुपाल्चोकको पश्चिमी भेगको बस्तुगत स्थिति र त्यसको ऐतिहासिक पृष्ठभूमि तिर दृष्टि पुऱ्याउनु उचित हुनेछ। राणाकालदेखि नै ती स्थानहरू चेलीबेटी आयातका निम्ति चर्चित छन्। कान्छी वा भित्रिनीका रूपमा होस् अथवा सुसारे वा धाईआमाका रूपमा होस्– त्यहाँका चेलीहरू दरवारमा लगिन्थे। हिमाली छोरीको सुन्दरता र सौन्दर्यसंग खेल्न पाउँदा राणाहरू लट्ठ पर्थे। राणाको बक्सिस र दक्षिणा आकर्षणका निम्ति काफी हुन्थ्यो। यसरी जंगली राजमा एउटा परम्पराको जरो गाडियो। परिणामस्वरूप अपराधी र व्यभिचारीहरूले इलम पाए, उनीहरूले आफ्नो आमा, स्वास्नी वा छोरी केही भनेनन्।

समयक्रममा पञ्चायत आयो, तर पञ्चायतकाल यस मामिलामा अझ व्यस्त रह्यो। चेलीबेटीहरू बाख्रा र कुखुराझैं बेचिन थाले। छोरी बेच्नेहरूले दण्ड होइन पद, पुरस्कार र तक्मा पाए। दर्जनौं पटक माननीय बनेका जन प्रतिनिधिहरू चुइक्क बोलेनन्। समयले डाँडा काटे पनि सम्झना आलै छ। अपराधीलाई प्रश्रय र संरक्षण दिने नाममा तिनीहरू जीउ छोडेर लागे। यो कार्यपत्र पढिरहँदा ती माननीयहरू जीवितै छन्, के उनीहरू यसको प्रतिवाद गर्न सक्छन्? तिनीहरूसँग यसको जवाफ छ? – प्रश्न गर्न सकिन्छ।

समय बदलियो, परिस्थितिहरू बदलिए, तर अपराध गर्ने र गराउने प्रवृत्ति यथावत छ। सिन्धुपाल्चोकको सन्दर्भमा चेलीबेटीको व्यापार परम्परागत समस्या बनेको छ। जहाँसम्म वेश्यावृत्ति वा जीउ मास्ने बेच्ने विरूद्धको कानूनको कुरा छ, दफा र परिच्छेदहरूमा परिभाषित हुँदैमा मात्र त्यसलाई पर्याप्त मान्न सकिन्न। प्रजातन्त्र प्राप्तिपछि पनि चेलीबेटी व्यापार यथावत रहेको छ। बहुचर्चित रंजित-सिमला प्रकरण त्यति पुरानो होइन। पृष्ठभूमिमा थुप्रै रहस्य र घटनाहरू जीवित छन्। त्यसो त केही वर्ष अघिसम्म पश्चिमी भेगमा सीमित रहेको चेलीबेटी व्यापार अब सङ्क्रमणको नयाँ क्षितिजतिर लक्षित देखिदैछ। गत वर्ष साँगाचोकमा घटेको घटना यसैको दृष्टान्त हो।

अब घटनालाई औंल्याउने बाह्रमासे खेती गरेर पुग्दैन। त्यसलाई केलाउने र नियन्त्रण गर्ने पहल गर्नुपर्छ। चिच्याउनुछ भने बाघ नआउँदै चिच्याउनु बेस, बाघ आएपछि चिच्याउँदा अवेर भइसक्छ। चेलीबेटी व्यापारको बढ्दो सङ्क्रमणलाई केलाउने हो भने पृष्ठभूमिमा अन्तरनीहित कतिपय रहस्यहरू उजागर हुन सक्छन्।

माथि पनि भनियो – सतही र आत्मपरक चिन्तनबाट समस्याको विश्लेषण हुन सक्तैन। त्यसमाथि आपराधिक गतिविधिको प्रारम्भ अझै रहस्यमय हुनसक्छ। त्यसैले बास्तविकताको उजागर गर्न नयाँ सोच र अध्ययनको विकास गर्नुपर्छ।

आज पनि चेलीबेटी व्यापारका संदीग्ध र कुख्यात अपराधीहरू पूर्व पञ्चहरूद्वारा संरक्षित छन्। अपराध गतिविधिको विस्तारमा कुनै कमी आएको छैन। तैपनि उनीहरू किन बोल्दैनन्? सिन्धुपाल्चोक क्षेत्र नं ३, जो चेलीबेटी व्यापारका निम्ति विश्वव्यापी रूपमा कलंकित छ, त्यहाँका जन प्रतिनिधि सांसद किन मौन छन्? के मौनताले रहस्यको उजागर गर्दैन? माननीय सांसदको राजनीतिक अभ्युदय र विकासक्रमसँग चेलीबेटी व्यापारको के सम्बन्ध छ? के साइनो सम्बन्ध छ? –खोजी गर्नुपर्ने विषय बनेको छ। यो अतिरञ्जना र आत्मप्रवञ्चना अवश्य होइन, इतिहाससिद्ध अध्ययन र अनुभवको निष्कर्ष हो।

भन्न जरूरी छैन– सिन्धुपाल्चोक जिल्ला चेलीबेटी व्यापारका कारण अन्तर्राष्ट्रियस्तरमै चर्चित छ। नाक ठाडो पार्ने कीर्तिमान होइन, शीर झुकाउने कलंक हामीले कमाएका छौं। यस्तै एउटा बस्तुसत्य विश्व प्रसिद्ध भारतीय अखवारले उजागर गरेको छ। १२ नोभेम्बर, १९९५ को हिन्दुस्तान टाइम्समा सिन्धुपाल्चोकको चेलीवेटी व्यपारसम्बन्धी महत्वपूर्ण तथ्यहरू उल्लेखित छन्। "सुनको फूल पार्ने हाँस" शीर्षकको सो समाचारले सिन्धुपाल्चोकबाट बेचिएका चेलीहरूको कारूणिक तस्वीर उतारेको छ।

त्यसमा भनिएको छ– "यौनदासीहरूको ठूलो संख्या रहेको सिन्धुपाल्चोकमा पाँचवटा त्यस्ता गाउँ छन्, जहाँ १५ देखि ४५ वर्ष सम्मका एउटै महिला छैनन्। तिनीहरू भारतको विभिन्न शहरमा बेश्याका रूपमा काम गर्छन्। "

उक्त समाचार सिन्धुपाल्चोकदेखि बम्बैसम्मको स्थलगत भ्रमणपश्चात पत्रकार रूचिका गुप्ताद्वारा तयार पारिएको हो। रूचिका गुप्ता भारतीय पत्रकार हुन्। उनको समाचार कहालीलाग्दा तथ्यहरूले भरिपूर्ण मानिन्छ। त्यसो त " हिन्दुस्तान टाइम्स" की पत्रकारले यस्तो अपराधवृत्तिका निम्ति शक्तिशाली समूहलाई औंल्याएको तथ्य पनि उल्लेखनीय हुन आउँछ।

प्रमाणिक श्रोत र तथ्यांक अनुसार सिन्धुपाल्चोकबाट प्रत्येक वर्ष दुई हजार चेलीबेटी बिक्रि गरिन्छन्। तर प्रशासनिक सक्रियतामा अपराधी भेटिएको वा कारबाही चलेको प्रसङ्ग सिन्धुपाल्चोक जिल्लाका निम्ति दन्त्यकथा सावित भएको छ। खासगरी किउल, इचोक, पाल्चोक, महाकाल, तालामाराङ्, थकनी जस्ता गाउँहरू चेलीवेटी व्यपारको संक्रमणमुनि पिल्सिएका छन्। यस क्षेत्रका चेलीबेटीका निम्ति बम्बै वा कलकत्ता " पानी पँधेरो" जस्तै बनेका छन्। त्यसो त एड्स आतंकको कथा – उपकथा छुट्टै छँदैछ। हालसालै मात्र इर्खु गाविसमा एड्स आतंकबाट एउटी महिलाले जीवन गुमाइन्। आङैं सिरिङ्ग पार्ने यो सन्त्रासलाई अब हामीले कतिन्जेल पाल्ने?– प्रवुद्ध बुद्धिजीवीहरूसमक्ष प्रश्न तेर्सिएको छ।

समस्याहरू हाम्रा अगाडि छन्। समस्याहरूलाई साँचेर राख्दा अर्को समस्या जन्मिन्छ। अहिलेसम्म प्रशासनिक निकाय तथा गैरसरकारी संस्थाहरूले मात्र यसलाई दायित्वकारूपमा आत्मसात गरेका छन्। यो सामुहिक समस्यातर्फ जनताको पनि सामुहिक अग्रसरता आवश्यक छ। माथि भनिए झैं घटनालाई औंल्याएर मात्र पुग्दैन, समाधानका निम्ति सक्रियता देखाउनुपर्छ। यसका लागि राजनीतिक पार्टीहरूको सामुहिक समझदारी, सामुहिक प्रतिवद्धता हुनु जरूरी देखिन्छ। साथै समस्याको वास्तविकता अध्ययन गर्न जिल्लास्तरमा एउटा अधिकारसम्पन्न कार्यदल गठन गरिनु आवश्यक छ। त्यस्तो कार्यदलमा राजनीतिक पार्टी, प्रशासनिक निकाय तथा मानवअधिकारवादी संघ-संस्थाहरूलाई प्रतिनिधित्व गराउनुआवश्यक रहन्छ । चेलीबेटी व्यापारको बढ्दो संक्रमणलाई नियन्त्रण गर्न प्रशासनिक सक्रियताको अपरिहार्यता टड्कारो रहेको तथ्य निर्विवाद छ। "डोरी जति बाटे पनि गाँठो एउटै" भनेझैं जुनसुकै समस्याको समाधान पारस्परिक समझदारी र सामुहिक उत्तरदायित्वबाट मात्र सम्भव छ भन्ने कुरा पनि स्पष्ट छ।

# मानवअधिकार सामान्य ज्ञान


मानवका लागि मानवअधिकार, मानवअधिकारका लागि उपयुक्त संस्कृति

१. मानवअधिकारहंरूको विश्वब्यापी घोषणा पत्र-२०४८ मा कतिवटा धाराहरू रहेका छन ?

(क) २४ वटा
(ख) ३० वटा
(ग) ४२ वटा

२. विश्वब्यापी मानवअधिकारवादी संस्था एम्नेष्टी इन्टरनेशनलको कहिले स्थापना भएको हो ?

(क) सन् १९६०
(ख) सन् १९६१
(ग) सन् १९६९

३. नेपालले अहिले सम्म संयुक्त राष्ट्र संघको कतिवटा अनुबन्धहरूमा हस्ताक्षर गरेको छ ?

(क) २० वटा
(ख) १४ वटा
(ग) १३ वटा

४. नेपालको संविधान २०४७को कुन धाराले छुवाछूत प्रथाको निषेध गरेको छ ?

(क) धारा ११ (४)
(ख) धारा १२ (५)
(ग) धारा ८ (६)

५. संसार प्रसिद्ध अधिकार पत्र "म्याग्ना कार्टा" कहाँ र कहिले जारी गरिएको थियो ?

(क) वेलायत, सन् १२१५
(ख) फ्रान्स, सन् १२३०
(ग) जापान, सन् १३३०

६. सन् १९९३ मा अष्ट्रियाको राजधानी भियनामा के भएको थियो ?

(क) बिश्व मानवअधिकार सम्मेलन
(ख) बिश्व महिला सम्मेलन
(ग) बिश्व मजदूर सम्मेलन

७. "समान कामका लागि महिला र पुरूषका बीच पारिश्रमिकमा भेदभाव गरने छैन" भन्ने ब्यवस्था नेपालको बर्तमान संविधानमा कुन हक अन्तर्गत राखिएको छ ?

(क) समानताको हक
(ख) स्वतन्त्रताको हक
(ग) सूचनाको हक

८. संयुक्त राष्ट्र संघको बडा पत्र कहिले जारी गरियो ?

(क) सन् १९४७
(ख) सन् १९४८
(ग) सन् १९४५

९. नागरिक तथा राजनीतिक अधिकारहरू सम्बन्धी अनुबन्धमा कस्तो अधिकार समावेस गरिएको हुँदैन ?

(क) नागरिक अधिकार
(ख) आर्थिक अधिकार
(ग) राजनीतिक अधिकार

१०. तलका मध्ये कुन चाहीं वाक्याशं नेपालको संविधान २०४७ मा समाबेश गरिएको छैन ?

(क) कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन ।
(ख) खास परिस्थितिमा देशको अखण्डतामा खलल पुऱ्याउने ब्यक्तिलाई देश निकाला गर्न सकिन्छ।
(ग) नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाइने छैन।

११. नेपालको बर्तमान संविधानमा नागरिकहरूलाई स्वतन्त्रताको हक अन्तर्गत कतिवटा स्वतन्त्रता प्रदान गरिएको छ ?

(कं ८ स्वतन्त्रता
(ख) ५ स्वतन्त्रता
(ग) १२ स्वतन्त्रता

१२. तलका मध्ये कुन चाही एउटै सिक्काका दुई पाटा होइनन् ?

(क) अधिकार र कर्तव्य
(ख) प्रजातन्त्र र मानवअधिकार
(गा) मानवअधिकार संस्था र राज्य

१३. चार्टिष्ट आन्दोलन भन्नाले के बुझिन्छ ?

(क) मजदूरहरूको पहिलो संगठित आन्दोलन
(ख) किसानहरूको पहिलो संगठित आन्दोलन
(ग) मजदूर-किसानको पहिलो संयुक्त आन्दोलन

१४. मानवतावादी जय पृथ्वीबहादुर सिंहद्वारा स्थापित संस्थाको नाम के थियो ?

(क) मानवअधिकार क्लब
(ख) मानवतावादी संघ
(ग) अखिल विश्व मानवतावादी संगठन

१५. "प्रत्येक मानिसलाई समुदायको सांस्कृतिक जीवनमा स्वतन्त्रतापूर्वक सहभागी हुने, कलाको उपयोग गर्ने र वैज्ञानिक प्रगति र उपलव्धीहरूमा हिस्सेदार बन्ने अधिकार छ।" भन्ने कुरा विश्व मानवअधिकार घोषणा पत्रको कुन धारामा उल्लेख गरिएको छ ?

(क) धारा ३२ (१)
(ख) धारा ३२ (२)
(ग) धारा २७ (१)

मानवअधिकार सामान्यज्ञानका सही उत्तरहरू :

१. ३० वटा
२. सन् १९६१
३. १३ वटा
४. धारा ११(४)
५. १२१५ बेलायत
६. विश्व मानवअधिकार सम्मेलन
७. समानताको हक
८. सन् १९४५
९. आर्थिक अधिकार
१०. खास परिस्थितिमा देशको अखण्डतामा खलल पुऱ्याउने व्यक्तिलाई देश निकाला गर्न सकिन्छ।
११. ५ स्वतन्त्रता
१२. मानवअधिकार संस्था र राज्य।
१३. मजदूरहरूको पहिलो संगठित आन्दोलन
१४. मानवतावादी संघ
१५. धारा २७(१)

# कम्मरपेटी प्रजिअको कोर्रा बन्यो

- विष्णु प्रभात -

"यिनै हुन् सर। पक्राउ परेका अतहरू।" प्रहरीले सिडिओलाई सलाम ठोक्दै हाम्रो परिचय गरायो। कोठामा सैनिक पहिरनमा बसेको हृष्टपुष्ट अर्को आकृति पनि थियो। पुलिस इन्सपेक्टरले टोपी टेबुलमा राख्दै कुर्सी सर्काएर आफ्ना निम्ति बस्ने ठाउँ मिलायो। तीन जनाको अनुहार एकै चोटी हाम्रा ज्यानमा पऱ्यो। सँगै उभिएको असईले सतर्क भएर आदेशको अपेक्षाले उनीहरूको मुख हेऱ्यो। प्रमुख जिल्ला अधिकारीले टेबुलको छेउमा भएको एउटा घर्राबाट फाइल निकाल्दै भने- "पल्लो कोठामा राख्दै गर।"

त्यसपछि हामीलाई एउटा सानो कोठामा थुनियो। खड्ग शम्शेरको दरबारको चौथो तलामा रहेको सिडिओ कार्यालयमा हाम्रो केरकार शुरू हुन लागेको थियो। त्यस क्रममा के कस्ता आपत्तिहरू आई लाग्ने हुन् भन्ने आशंकाले हाम्रो अनुहार गम्भीर थियो। जुलुसको आयोजना र कार्यक्रमको जिम्मेवारी कसले लिने भन्ने बारेमा हामी बीच खुसखुस चल्दै थियो। मैले डमबहादुर चिडीलाई धेरै कुरा केही नगर्नु, बचत फिर्ता हुने, तिरो कम गर्ने र धुरीकर खारेज गर्ने माग गर्न सदरमुकाम जानु पर्छ भनेको हुँदा जुलुसमा आएको हो अरू कुरा थाहा छैन भन्नु भनें। उनी पाका किसान थिए र मेरो भरोसा गर्दथे। अरूहरू अलि पढेका टाठा-बाठा पनि थिए। गिरफ्तार गरिएको एक घण्टा पनि बित्न नपाउँदै हामीलाई खोऱ्याउने काम शुरू हुँदै थियो। पक्राउ परेका मध्ये रमेश पुराना किसान कार्यकर्ता थिए। बाँकी अरू सबै नया थियौं।

केरकारको थालनी डमबहादुरबाट भयो। मलाई सम्झना छ उनी साधारण किसान भएको हुँदा कुरा फुस्काउन सजिलो हुने ठानेर नै त्यसो गरिएको थियो। तर उनले कुनै कुरा फुस्काएनन्, फगत बोलाउने व्यक्ति को हो त? भन्दा मेरो नाम लिएछन्। उनी फर्केपछि थाहा लाग्यो केरकार गर्दा बक्सिङ हान्ने, कोर्रा लगाउने, धम्क्याउने र फकाउने गरिदो रहेछ। पालैपालो केरकार गर्ने क्रम चलिरहेको थियो र समय पनि बेलुकाको सात बजे, आठ बजे हुँदै क्रमशः रातीको दश बजिसकेको थियो।

अहिले म यो सम्झना लेख्दा त्यस रातको दृष्य झलझली देखिरहेको छु। प्रजिअ रामकुमार पढे लेखेका भए पनि प्रशासक थिए। भक्तपुर निवासी श्रेष्ठले त्यस रात हामीप्रति जुनखालको व्यवहार गरे, त्यसका पछाडि पंचायती शासन मात्र थिएन। हामीले जुलुस निकालेको समयले पनि उनी बढी कडा भए। हामीमाथि जाइलागेका रहेछन् भन्ने कुरा पछि गएर खुल्यो। स्थानीय वालमन्दीरको उद्घाटनका लागि पर्सिपल्ट मुमा बडामहारानी रत्नको आगमन हुने कार्यक्रम रहेछ। जिल्लामा विशेष शान्ति सुरक्षाको व्यवस्था गरिएको रहेछ। राजनैतिक जासुसहरूद्वारा पुष्पलाल समूहप्रति विशेष कडा निगरानी राखिएको रहेछ। तर ती सब कुराहरूबाट हामी सूचित थिएनौं। हाम्रो आफ्नै योजना थियो। कार्तिक २६ गते, क्रान्तिदिवसको उल्लासपूर्ण आयोजना। अंचलव्यापी जुलुस प्रदर्शनको तयारी। जसरी भए पनि पंचायती व्यवस्थाको विरोधमा जुलुस प्रदर्शन गरी छाड्ने अठोट। त्यही उत्साहले हाम्रो कार्यक्रम सफल पनि भएको थियो।

बयान लिने क्रम जारी थियो। जो साथीलाई केरकार कोठाभित्र हुलिन्थ्यो, ऊ उजेलो अनुहारमा फर्कदैनथ्यो। हरेकमाथि केही मुस्ला, निलडाम र चोटपटकको उपहार बोकेर या त खोच्याउँदै या धङ्धङाउँदै बाहिर निकालिन्थे। राती एक बजे मेरो पालो आयो। म भित्र छिर्नासाथ प्रहरीले एक घुस्सा हिर्काए। उनको नाम मलाई अहिले सम्झना छैन। तर ती त्यस समयका पुलिस इन्सपेक्टर थिए। उनले हिर्काएको घुस्साको प्रभावले म सैनिक अफिसरको गोडानिर पछारिएँ। सैनिक अफिसर तत्कालीन मेजर थिए। उनले एक कोर्रा हिर्काउँदै सोधे- "तेरो नेता को हो?"

"पुष्पलाल।" मैले निर्धक्क जवाफ दिएँ। मेरो जवाफसँगसँगै इन्स्पेक्टरको आवाज निस्कियो- "उठ।"

प्रजिअको आँखा फाइलमा थियो। म उठें टेबुलको नजिकै खडा भएर मैले प्रजिअलाई हेरें। उनको आँखा फाइलबाट मतिर सोझियो, मेरा आँखा फाइलतिर सोझिए। त्यसैवीच प्रजिअले भने- "यही हो, पुष्पलालका समूहको नेता।" फाइलमा रातो रेजाले मेरो नाम घेरिएको थियो। रमेशको नाम पनि रातो रेजाभित्रै थियो। समय कति छिटो बित्दै थियो मैले भेउ पाउन सकिन। प्रहरी प्रमुख, सैनिक प्रमुख र प्रजिअको त्यो उपस्थिति विशेष सुरक्षा समितिको रूपमा रहेछ। त्यसमाथि मेरो एउटा अघिल्लो मुद्दा पनि अदालतमा चलिरहेको थियो। त्यसको सूचना पनि शायद प्रजिअलाई हुँदो हो। प्रहरीले अनायास पब्लिकलाई कुटेको र घूस खाएको विरोधमा हामीले पनि प्रहरीलाई कुटेका थियौं। खेमराज घिमिरे, बुद्धिनाथ अर्याल लगायतका साथीहरू त्यस मुद्दामा तारिख खेप्दै थिए र जिल्लामा त्यो घटना पर्वास काण्डको नामले जानिन्थ्यो। त्यसकारण पनि म प्रति पुलिसको कुटाई बढेको हुनुपर्छ भन्ने कुरा मनले गम्दै मैले जानेको स्तरमा जवाफ दिँदै गएँ। मेरो निर्भिक जवाफले प्रजिअ चिढिदै गए। सवाल जवाफ केही वेरसम्म चल्दै रह्यो।

"बनारस कति चोटी पुगिस्?" इन्सपेक्टर कृष्णमानको प्रश्न थियो।

"गएकै छैन।"

"यसरी जनतामा भयंकर अशान्ति मच्चाउनु सरकार विरोधी काम हो। व्यवस्था विरोधी काम हो। अझ पार्टीको प्रचार गर्नु त झन अराष्ट्रिय काम हो।



**"ला, ... यो त ज्याद्रो पो र छ, भोंडे जस्तै" इन्सपेक्टरको लात्ती मेरो खुट्टाको फिलामा बजियो. बुटको कठोर प्रहारले निकै पीडा उत्पन्न गरेको हुँदा म थचक्कै बसें उसले फेरी अर्को प्रहार गऱ्यो । अर्को खुट्टा पनि दुख्न थाल्यो । निलडामहरु बढ्दै गएका थिए तर पनि उनीहरुको पंचायती कुटाइ जारी थियो ।**

पढ्ने लेख्ने बेलामा नेताको पछि लाग्नु राम्रो काम होइन। अब आइन्दा गर्दिन भन्ने कागज गर।" प्रजिअले आफूलाई नम्र देखाउने चेष्टा गरे।

"शान्तिपूर्ण रूपमा आफ्नो माग सुनाउनु पनि अराष्ट्रिय हुन्छ। हामीले के भनेको छौं र? बचत फिर्ता गर, घरकर खारेज गर भन्नु पनि नराम्रो काम हुन्छ? सकि नसकी घर बनाएर बसेकोमा घरकर लगाएपछि कहाँ बस्ने ओडारमा?" मैले शासहपूर्वक भने।

"स्वाँट्ठ।" मेजरको हातको कोरा एक्कासी मेरो जिऊमा पऱ्यो। संगसँगै जस्तो गालामा पुलिसको हात बज्र्यो। प्रजिअले आफ्नो कुर्सीबाट उठेर आफ्नो कम्मरमा बाँधेको छालाको पेटी थुते। रीसको पारो चढ्दै गएको कुरा उनको अनुहारले बताउँथ्यो। त्यस्तैमा ख्विपन भएको टुप्पा पट्टि समातेर कम्मर पेटी रिंगाउँदै उनले भने- "लातको भूत बातले मान्दैन, - मेजर साहब।"

कम्मर पेटीको ख्विप जोडले मेरो कोखामा बज्र्यो। निकै पीडा महसुस भयो। तै पनि म उभिएकै थिएँ। पुलिसको हातमा रहेको छोटो काँडे लठी टाउकामा बजियो। एकप्रकारले, तहपारेर हिर्काउनुमा नै उनीहरूले आनन्दको अनुभव गरे जस्तो लाग्दथ्यो।

"हात थाप"- अचानक कुटाइको तरिका बदलियो। मैले बायाँ हात थापें। कोरा सिपकिँदै हातमा सोहोरियो। कान्छी औँलाको छाला निस्किएर रगत बग्न थाल्यो। प्रजिअले सोधे- कागज गर्ने कि नगर्ने? मैले उत्तरदिएँ- "नगर्ने।"

"जेल जाने कि भन्छस्?" प्रजिअले फेरी त्रास देखाए।

"तपाईंहरूको मर्जी।" मेरो पनि रीस बढ्दै गएको थियो।

"ला, ... यो त ज्याद्रो पो र छ, भोंडे जस्तै"- इन्सपेक्टरको लाती मेरो खुट्टाको फिलामा बजियो। बुटको कठोर प्रहारले निकै पीडा उत्पन्न गरेको हुँदा म थचक्क बसें। उसले फेरी अर्को प्रहार गऱ्यो। अर्को खुट्टा पनि दुख्न थाल्यो। निलडामहरू बढ्दै गएका थिए तर पनि उनीहरूको पंचायती कुटाइ जारी थियो।

"भोंडे जस्तै" शब्दले मलाई रमेशको खुट्टा खोच्याई सम्फायो। उनीहरूले धित मरून्जेल कुटे पछि हामीलाई रातको अधेरोमै ठानामा लगे र थुने। भोलिपल्ट शान्ति सुरक्षाको पुर्जी थमाएर नौ महिनाका निमित्त "ख" श्रेणीको दाना दिएर जेल भ्कारे।

जेलपुगेपछि देखियो, जिउ कति थिल्थिलिएको छ।

अहिले म देखिरहेको छु त्यो यातनामय रातमा हामीलाई कुट्ने पीडकहरू कोही एम्नेष्टीको भाषण गरिरहेका छन् र कोही प्रहरीलाई मानवअधिकारको पाठ पढाइरहेका छन्। तर म भने थिल्थिलिएको ज्यानले मानव जातिको समान सम्मानको खाँचो औंल्याउँदै कलम चलाइ रहेको छु। आफ्नो अतीतको आकलन गर्दै आफैंलाई सान्त्वना दिइरहेको छु- परिवर्तनको प्रकृया जारी छ, त्यसैले आऊ। हरेश नखाऊ।। सुधारको सम्मोहनमा नहराऊ।।।

# शैक्षिक अधिकारमा वाधा–विपन्नता

**- कविता अर्याल गौतम -**

"विद्यार्थीहरू विद्यालय आउन त मन गर्छन्। तर भौतिक सुविधाको नाममा लिइने चन्दा आदिका कारणबाट आर्थिक चापले गर्दा पनि विद्यालय आउन सक्दैनन्।"

"शैक्षिक सामग्री समयमा नपुग्नाले बालबालिका चाहेर पनि विद्यालयको लाभ उठाउन सक्दैनन्।"

दिएको देखिन्छ। नेपालको शिक्षा नीति अनुसार कक्षा १ देखि १० सम्म निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। कक्षा १ देखि ५ सम्मका लागि शैक्षिक सामग्रीको सुविधा पनि दिइएको छ। तर नीति र नियम यस्तो भए पनि व्यवहारमा अर्कै स्थिति रहेको गुनासो शिक्षकहरू गर्दछन्।


फोटो साभार : रेड बार्ना

"विद्यालय आउँदा लगाउने लुगा नभएका कारणबाट पनि बालबालिकामा हिनताबोध पलाउँछ र उनीहरू विद्यालय आउन चाहँदैनन्।"

यी कुराहरू मध्यपश्चिमाञ्चलका पाँच जिल्लाहरू- कैलाली, कञ्चनपुर, दाङ्ग, बाँके र वर्दियाका शिक्षकहरूका लागि इन्सेकद्वारा आयोजना गरिएको सरकारी विद्यालय शिक्षक गोष्ठीका सहभागीहरूले विद्यालयमा बालबालिका किन आउँदैनन् भन्ने सन्दर्भमा व्यक्त गरेका हुन्। यस्ता समस्याहरू मध्यपश्चिमाञ्चलका शिक्षकहरूका सामु मात्र छैन यथार्थमा नेपालका प्रायः सबै सरकारी विद्यालयका शिक्षकहरूले यस्तो समस्यासंग सामना गरिरहेका छन्।

नेपाल यस्तो मुलुक हो जसले बालबालिकाको अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने अभिप्रायले संयुक्त राष्ट्र संघद्वारा निर्मित बालअधिकार अभिसन्धिमा ०४७ साल भदौ २९ गते हस्ताक्षर गरिसकेको छ। त्यसपछि बालबालिकाको हक हितको संरक्षण गरी उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासका निम्ति समयानुकूल कानूनी व्यवस्था गर्ने हाम्रो सरकारले "बालबालिका सम्बन्धी ऐन २०४८" बनाइसकेको छ।

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिको धारा २८ अनुसार राज्यले बालबालिकालाई कम्तीमा प्राथमिक शिक्षा अनिवार्य गराउनु पर्छ। हाम्रो देशको बालबालिका सम्बन्धी ऐनले पनि शिक्षा अनिवार्य गराउने दिशामा बाबुआमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार उपयुक्त शिक्षाको व्यवस्था गर्नु पर्छ भन्ने कुरामा जोड

सरकारले विद्यालय शिक्षा निःशुल्क गरेको छ। किताब पनि दिने भनिन्छ। तर विद्यालयको भौतिक असुविधाको कारणले गर्दा कहिले तिनै गरीब विद्यार्थीसंग भवन निर्माणको लागि चन्दा संकलन गर्नु पर्छ भने कहिले तिनै विद्यार्थीसंग विद्यालयलाई चाहिने टेबुल, मेचका लागि आर्थिक सहयोग गर्नु पर्दछ। यसरी अभिभावकहरू चन्दा दिन असक्षम छन् भन्ने जान्दा जान्दै पनि चन्दा संकलन गर्नु पर्ने वाध्यता विद्यालयमा रहेको छ। कक्षा १ देखि ५ सम्म किताब सरकारले दिने त भनेको छ। तर किताबहरू कहिले पनि समयमा विद्यालयमा पुग्दैनन्। वाध्यतावस शिक्षकहरूले अभिभावकलाई किताब किनी दिन आग्रह गर्नु पर्छ। पछि पैसा निकासा भएपछि दिने वाचा त शिक्षकहरू गर्दछन्। तर पुस्तक किनेर पछि पैसा थाप्ने हैसियत कमै मात्र अभिभावकमा हुन्छ। परिणाम स्वरूप गाउँका अधिकाश बालबालिकाहरू विद्यालय जानबाट वञ्चित हुन्छन्। विद्यालय जाने थोरै विद्यार्थी मात्र वार्षिक परीक्षा आउञ्जेलसम्म विद्यालयमा रहन्छन्। वार्षिक परीक्षा आउने बेलासम्म पचास प्रतिशत विद्यार्थीले विद्यालय छोडिसकेका हुन्छन्। विद्यालयमा आउँदा गाउँका केही धनीका छोरा छोरीले लगाएको लुगा देखेर कतिपय बालबालिकामा हिनताबोध उत्पन्न हुन्छ। त्यही कारणले पनि कतिपय बालबालिका विद्यालय आउन छोड्छन्।

बालबालिकाको विद्यालय आउने वातावरण कायम गर्न गैरसरकारी संस्थाहरूको पहलको जरुरी छ। साथै सरकारले बाल अधिकारको रक्षा र सम्वर्द्धन गर्ने हो भने बालबालिकालाई शिक्षामा सामेल गराउन चाहिने आवश्यक वातावरणको सिर्जना गर्न द्रुत-अभियानको संचालन गर्नु जरुरी छ।

# ठाना

**- विमल निभा -**

मेरो एक मित्रलाई गिरफ्तार गरिएको थियो। म छुटाउन पुलिस ठाना गएको थिएँ। त्यहाँ एक इन्सपेक्टरसंग भेट भयो। तर मलाई थाहा थिएन। त्यसैले भने- "नमस्ते डी.एस.पी. साहेब।"

"नमस्ते।" इन्सपेक्टरले प्रसन्न हुँदै भने - "भन्नोस् के काम छ?"

"मेरो एक मित्र थुनामा परेको छ। उसलाई छुटाउनु थियो डी.एस.पी. साहेब।" मैले आउनुको प्रयोजन खुलाएँ। उनले मलाई गहिरिएर हेर्दै भने- "अभियुक्त तपाईको साथी हो?"

मैले स्वीकृतिमा टाउको हल्लाएँ। उनी मलाई झन गहिरिएर हेर्न थाले। निर्दोषलाई त्यसै थुन्नु त भएन नि डी.एस.पी. साहेब।"

"तपाईको साथी जुलुसमा गएको थियो?" उनले एक्कासी सोधे।

"हो।" मैले सहमति जनाएँ।

"नारा लगाएको हो?"

"हो।"

"शान्ति-सुरक्षा कायम होस् भनेको हो?"

"हो।"

"गुण्डागर्दी बन्द होस् भनेको हो?"

"हो।"

"हत्या काण्डको जाँच होस् भनेको हो?"उनले भने।

"हो। डी.एस.पी. साहेब।" मैले विरक्तिएर भनें।

"त्यसो भए तपाईको साथी कसरी निर्दोष भयो?"इन्सपेक्टरले मलाई हप्काएर भने। "तपाईहरू नचाहिंदो काम लिएर आउनु हुन्छ। यो प्रहरी कार्यालय हो। कुनै स्कूल अथवा अस्पताल होइन। बुझ्नु भयो?"

"हेर्नोस डी.एस.पी. साहेब! जुलुसमा यस्तो नारा त लगाइन्छ नै। यो कुन गल्ती भयो? यत्तिकैमा समात्नु त भएन।" मैले तर्क प्रस्तुत गरें।

"ठुल्ठूलो स्वरमा कराउँदा शान्ति भंग हुन्छ। हामी शान्ति सुरक्षाका जिम्मेदार हौं। कराउनेलाई समात्नै पर्‍यो। यही प्रहरीको कर्तव्य हो।" उनले सम्झाए।

"तर उसको माग जायज थियो। तपाईहरू अपराधीहरूलाई समात्न सक्नु हुन्न, निर्दोषहरूलाई मात्र समात्नु हुन्छ। यो त उचित भएन नि।" मैले भनें।

"के उचित, के अनुचित। यस्तो कुरा हामीलाई थाहा छैन। जे अर्डर हुन्छ, त्यही गरिन्छ। समात भन्यो समाते। छाड




भने छाडिदिन्छौं। अरू मलाई थाहा छैन।" उनले कड्केर भने।

"डी.एस.पी. साहेब, यो प्रजातन्त्र हो। हामीसंग संविधान छ। जनता सार्वभौम सत्ता सम्पन्न भइसकेका छन्। कानूनी राज्य छ। जथाभावी गर्न त पाइदैन नि।" मैले पनि जोडले भनें।

"तपाई प्रहरीलाई कानून नसिकाउनोस्। खाकी बर्दीको आफ्नै कानून हुन्छ। के प्रजातन्त्रमा डंडाको आवश्यकता हुँदैन? तपाई हेर्दा बुद्धिजीवी जस्तो देखिनु हुन्छ। तर बहस चाहिं मुर्ख जस्तो गर्नु हुन्छ। लाज लाग्दैन?" उनले क्रुद्ध हुँदै भने।

"निर्दोषलाई छुटाउन खोज्नुमा के को लाज?" मैले शान्त स्वरमा भनें।

"तपाई बढ्ता कुरा नगर्नोस है।"

"म सही कुरा गर्दैछु।"

"धेरै नकरा।"

"यो त जबरजस्ती भयो डी.एस.पी. साहेब। सम्मानकासाथ कुरा गर्नोस्। यो त मानवअधिकार भएन नि।" मैले गम्भीर हुँदै भने।

"ए हवल्दारसाब, यसलाई समातेर थुन्नोस् त। अघिदेखि डी.एस.पी. साहेब, डी.एस.पी. साहेब भनिरहेछ। यति पनि थाहा छैन, म इन्सपेक्टर हुँ। त्यसै बकबक गरिरहेछ। उल्लु। गधा। हामीलाई मानवअधिकार सिकाउन खोज्छ। प्रहरी पनि मानव हुन्छ। के हाम्रो अधिकार छैन? यसलाई हाम्रो अधिकार देखाई दिनोस् त हवल्दारसाब। असली मानवअधिकार।" इन्सपेक्टर आफ्नो सिटबाट जुरूक्क उठेर कराउन थाले।

त्यस उपरान्त म पनि भित्रै छु। मित्रलाई छुटाउन पुलिस ठाना गएको थिएँ। आफै भित्र परें। कुन्नि, मित्र कुन कोठामा छ?

का.जि.का.द.नं. २१/४९/५०

# मानवअधिकार रेडियो शिक्षा कार्यक्रम

- मानवअधिकार भनेको के हो ? हामीले कस्ता कस्ता अधिकारहरु पाएका छौं ?
- मानवअधिकारहरुको ऐतिहासिक अवधारणा
- मानवअधिकारको सैद्धान्तिक विकासक्रम
- समसामयिक घटनाक्रम र मानवअधिकारहरु
- मानवअधिकारहरुको पूर्ण वहालीका लागि हामी के गर्न सक्छौं ?




मानवअधिकार शिक्षा कार्यक्रम अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा संचालित मानवअधिकार सचेतन अभियानकै एक अंग हो। मानवअधिकारहरुको पूर्ण वहाली मानवअधिकार सम्बन्धी चेतनाको प्रसार विना सम्भव छैन। सबैले आफ्नो अधिकारका बारेमा जागरुक र अरुको अधिकारका बारेमा सचेत हुन सके मात्र मानवअधिकारहरुको सम्मान गर्ने परिपाटीको स्थापना हुन सक्छ। मानवअधिकार अभियानमा हामी सबैले आ-आफ्नो ठाउँबाट सक्दो पहल गरौं।

मानवअधिकार शिक्षा कार्यक्रम
हरेक शनिवार विहान ८.३० बजे रेडियो नेपालमा